प्रथम आवधिक योजना

(आ.व. २०७८/०७९–२०८२/०८३)
(अन्तिम प्रतिवेदन)

इन्द्रसरोवर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खानीखेत, मकवानपुर
बागमती प्रदेश, नेपाल

विषयसुची

परिच्छेद–एक 1

1.1 परिचय 1

1.2 पृष्ठभुमि 1

1.3 स्थानिय तहको बस्तुस्थिती विकासको समिक्षा 2

1.3.1 क्षेत्रफल तथा जनसंख्यिक वनौट 2

1.3.2 प्राकृतिक श्रोत 3

1.3.3 जातजाती 3

1.3.4 भाषा 3

1.3.5 धर्म संस्कृति 3

1.3.6 साक्षरता र शैक्षिक अवस्था 3

1.3.7 आर्थिक अवस्था 3

1.3.8 मानव विकास र गरिवी 4

1.4 योजना तर्जुमा आधारहरु 4

1.4.1 योजना तर्जुमाको उद्देश्य 4

1.4.2 योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था: 4

1.5 योजना तर्जुमा तथा प्रक्रिया 5

1.5.1 पहिलो चरण: योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी 5

1.5.2 दोश्रो चरण: योजना अभिमुखीकरण कार्यशाला गोष्ठी 5

1.5.3 तेश्रो चरण: आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण तथा वडा स्तरिय परामर्श भेला 5

1.5.4 विषयगत क्षेत्रगत समिति र उपसमितिहरु संग परामर्श 5

1.5.5 चौथो चरण: योजना तर्जुमा कार्यशाला गोष्ठी 5

1.5.6 पाँचौ चरण: एकिकृत योजना दस्तावेज तयारी 6

1.5.7 छैठौं चरण: पालिकास्तरीय परामर्श र परिमार्जन 6

1.5.8 सिमा 6

परिच्छेद–दुई 7

2 समष्टिगत योजना र स्रोत व्यवस्था 7

2.1 पृष्ठभुमि 7

2.2 चुनौती तथा अवसर 7

2.3 योजना खाका 8

2.3.1 सोच 8

2.3.2 लक्ष्य 8

2.3.3 उद्देश्य 8

विषयक्षेत्रगत बृहत उद्देश्यहरू 8

क) आर्थिक क्षेत्र विकास 8

ख) सामाजिक क्षेत्र विकास 8

ग) पूर्वाधार क्षेत्र विकास 8

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन 8

ङ) सुशासन तथा संस्थागत विकास....8
2.3.4 परिमाणत्मक लक्ष्य (Targets)....9
तालिका२.१ : लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)....9
2.3.5 णनिति र कार्यनिति....11
2.3.6 समष्टिगत क्षेत्र विकास आयोजना (गाउँ गौरवको आयोजना)....12
ख) उत्पादन वृद्धितथा रोजगारी अवसर सृजनातर्फः....12
- तरकारी सुपरजोन (थाहानगरपालिकासंग सहकार्य)....12
- फलफुल (कागती, सुन्तला, एभोकाडो, ओखर, किवी, लफसी) पकेट व्कलमा रुपान्तरणआयोजना....12
- मसलावाली (खुर्सानी र धनीया) व्लकआयोजना....12
- एकिकृत मत्स्यबिकास आयोजना....12
- पशु बिकास (पकेट वाटव्लकविकास कार्यक्रम....12

ग) आन्तरिक राजश्व वृद्धितर्फः....12
- वहुउद्देश्यीयप्रशासनिकभवननिर्माणआयोजना....12
- ५ सैयाको अस्पताल....12
- एकिकृत वस्तीजग्गाबिकास कार्यक्रम (खानीखेत, देवलटार सुलिकोट)....12

2.4 आय व्ययको प्रवृति र प्रक्षेपण 13
2.5 लगानी र श्रोत व्यवस्था 0
2.5.1 लगानीको आवश्यकता र श्रोत....0
2.5.2 आन्तरिकश्रोत परिचालन....0
2.5.3 अन्तर सरकारी श्रोत परिचालन....0
2.5.4 जनसहभागिता परिचालन....0
2.5.5 निजी र सहकारी क्षेत्रको श्रोत परिचालन....0
2.5.6 संघ सस्थाको श्रोत परिचालन....1
2.5.7 अन्यश्रोत परिचालन....1
2.5.8 श्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु....1
2.6 सार्वजानिक खर्च र राजश्व परिचालन निति.... 1
2.6.1 सार्वजानिक खर्च निति....1
2.6.2 ाजश्व निति....2
2.7 निजी क्षेत्रको श्रोत परिचालन निति 2
2.8 सहकारी क्षेत्रको श्रोत परिचालन निति 2
2.9 जनसहभागिता परिचालन निति 2
2.10 संघ संस्थाको श्रोत परिचालन निति 2
2.11 अतिरिक्तश्रोत परिचालन निति.... 3
परिच्छेद–तीन.... 4
3 आर्थिक क्षेत्र विकास 4
3.1 पृष्ठभुमि 4
3.2 कृषि भुमिको व्यवस्था 5
3.3 कृषिविकास 5
3.4 पशुपन्छी विकास.... 9

3.5 माछा तथा मौरी पालन 11
3.6 सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी 12
3.7 उद्योग, व्यापार व्यवसाय 14
3.8 पर्यटन 16
3.9 बैक, बित्तियसंस्था, सहकारी र सामुदायिक बित्त 18
परिच्छेद–चार 21
4 सामाजिक क्षेत्र विकास 21
4.1 पृष्ठभुमि 21
4.2 क) वर्तमान अवस्था 21
4.3 ख) सामाजिक क्षेत्र विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम 21
तालिका ४: सामाजिक विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण) 22
4.4 शिक्षा विकास 23
4.5 आधारभूत स्वास्थ्य तथा पोषण 26
4.6 खानेपानी तथा सरसफाई 29
4.7 खेलकुद 31
4.8 कला, भाषा, साहित्य र संस्कृति 33
4.9 लक्षित वर्ग तथा सामाजिक समावेशीकरण 35
4.9.1 युवा 37
4.9.2 महिला 38
4.9.3 बालबालिका तथा किशोरकिशारी 40
4.9.4 ज्येष्ठ नागरीक 42
4.9.5 अपाङ्गता भएका व्यक्तिहरु 43
परिच्छेद–पाँच 45
5 पूर्वाधार क्षेत्र विकास 45
ख) विद्यमान अवस्था 45
ग) पूर्वाधार विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम 45
घ) तालिका५: पूर्वाधार विकासको उद्देश्य सूचक (आधार रेखा) तथा आवधिक योजनाको लक्ष्य परिमाणाम 45
5.1 भु उपयोग 46
5.2 सडक यातायात, पुल पुलेसा 48
5.3 सिंचाई पूर्वाधार 50
5.4 आवास तथा वस्ती विकास र सार्वजनिक निर्माण 51
5.5 विद्युत तथा वैकल्पिक उर्जा 53
5.6 सूचना तथा संचार प्रविधि 54
परिच्छेद–छ 57
6 वन, वातावरण तथा विपद व्यवस्थापन 57
6.1 क) पृष्ठभूमि 57
ख) वर्तमान अवस्था 57
ग) वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम 57
घ) तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण) 58

6.2 वन तथा जैविक विविधता 58
6.3 भूमी तथा जलाधार व्यवस्थापन 60
6.4 वातावरण तथा स्वच्छता 62
6.5 विपद व्यवस्थापन 64
परिच्छेद–सात 66
7 सुशासन तथा संस्थागत विकास 66
क) पृष्ठभूमि 66
ख) विद्यमान अवस्था 66
ग) सुशासन तथा संस्थागत क्षेत्र विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम 66
घ) तालिका ७: सुशासन तथा संस्थागत विकासको उद्देश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण) 66
7.1 सुशासन, ऐन नियम तथा जवाफदेहिता 67
7.2 संस्थागत संरचना तथा मानव संसाधन विकास 69
7.3 वित्तीयश्रोत परिचालन 71
7.4 योजना व्यवस्थापन 73
परिच्छेद–आठ 76
8 वित्तीय व्यवस्थापन 76
क) विषय प्रवेश 76
ख) विद्यमान अवस्था 76
ग) अवसरतथा चुनौतीहरू 76
छ) रणनीति 77
8.1 वित्तीय स्रोत (आय तथा व्यय) प्रक्षेपण 77
*तालिका ८: योजना अवधिमा हुने आय प्रक्षेपण ..... **Error! Bookmark not defined.***
तालिका ९ : विषयक्षेत्र अनुसार प्रस्तावित खर्च अनुमान 78
तालिका १०. अनुमानित श्रोत 79
परिच्छेद–नौ 0
9 कार्यान्वयन योजना 0
क) विषय प्रवेश 0
ख) वर्तमान अवस्था 0
9.1 कार्यान्वयन कार्ययोजना 0
9.2 मार्गदर्शन तयारी 0
9.3 कार्यान्वयन विधिको छनोट 0
9.4 अख्तियारी 1
9.5 अनुगमनको प्रतिवेदन र समीक्षा 1
9.6 वार्षिक कार्यान्वयन कार्ययोजना 1
परिच्छेद–दश 2
10 योजना अनुगमन तथा मूल्यांकन 2
क) बिषय प्रवेश 2
ख) वर्तमान अवस्था 2
ग) अवसर र चुनौती 2

ङ) चरणनीति *3*
च) कार्यक्रम *3*
10. अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय 3
तालिका ११: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया *4*
अनुसूची- १ विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान *5*
अनुसूची- २ बार्षिक कार्यान्वयन कार्ययोजना *13*

तालिका सूचि

तालिका १: गाउँपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्याको अवस्था.....
तालिका २: लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण) .....
तालिका ३: आर्थिक विकासको उद्देश्य लक्ष्य सूचक (आधाररेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण).....
तालिका ४: सामाजिक विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण) .....
तालिका ५: पूर्वाधार विकासको उद्देश्य सूचक (आधार रेखा) तथा आवधिक योजनाको लक्ष्य परिमाणाम .....
तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण) .....
तालिका ७: सुशासन तथा संस्थागत विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण).....
तालिका ८: आवधिक योजना अवधिमा हुने आय प्रक्षेपण .....
तालिका ९ : विषयक्षेत्र अनुसार प्रस्तावित खर्च अनुमान.....
तालिका १० आवधिक योजनाको अनुमानित श्रोत .....
तालिका ११: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया .....

मन्तव्य

राजनैतिक तथा आर्थिक विकासको विकासक्रम संगै नेपाली जनताले लामो संर्घष, त्याग र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निवाचित गरी पठाएको प्रतिनिधिहरुबाट बनेको वर्तमान संघीय सरकारले लोकतन्त्रका आधारभुत मूल्य मान्यताको पालनामा अटल रही **समृद्ध नेपाल, सुखी नेपाली** को राष्टिय सोचलाई अगाडी सारिसकेको छ । त्यसै गरी प्रदेश सरकारले **सुसंस्कृत र सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश** सहितको सोच राखि आवधिक योजना प्रकाशन गरी सकेको छ ।

नेपालको संविधान २०७२ ले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संघीय संचरना अनुसार संघ, प्रदेश र स्थानीय गरी तिन तहको सरकारद्धारा शासन संचालन हुने व्यवस्था गरेको छ । तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्धारा प्रदत्त अधिकारहरुलाई व्याख्या गदै थप व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ तर्जुमा भई कार्यान्वयनमा आएको छ । ऐनको परिच्छेद ६ दफा २४ को उपदफा १ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने भन्ने उल्लेख भए बमोजिम इन्द्रसरोवर गाउँपालिकाले योजना तर्जुमा कार्यशालाको क्रममा सहभागीहरू बिच गाउँको समग्र विकास र समृद्धिका लागि प्रमुख अग्रणी क्षेत्रहरू सम्बन्धमा वृहत छलफल तथा अन्तरक्रियाको निष्कर्षको रुपमा बिद्यमान धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र प्रर्वद्धन, मानवीय सोच, संस्कार र व्यवहारमा सनातन सभ्यता अनुरुपका मूल्य र मान्यताको अवलम्वन सहित सभ्य समाज निर्माण गर्दै वातावरणमैत्री भौतिक एवं सामाजिक पूर्वाधारको विकास, व्यवसायिक कृषि, पर्यटन, केन्द्रित एकिकृत पर्यटन सर्किट, सूचना तथा सञ्चारमैत्री विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य बिमा कार्यक्रम, स्वच्छ खानेपानी आपूर्ति र स्थानीय संस्कृति एवम् पहिचान लगायतका क्षेत्रको सर्वाङ्गिण विकास मार्फत समृद्धि हासिल गर्नका लागि **"कृषि, पर्यटन र पूर्वाधार, सभ्य समृद्ध इन्द्रसरोवर"**_दीर्घकालिन सोच राखि बर्ष २०७८।०७९ देखि २०८२।०८३ सम्मको अवधि समेटी आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार पारी प्रकाशन गर्न लागेको मा मलाई अत्यन्तै खुशि लागेको छ ।

आवधिक योजनाले लक्षित गरेका उद्धेश्यहरु हासिल गर्नका लागि प्रदेश सरकार, संघीय सरकार, नीजि क्षेत्र, सहकारी, गैसस संस्थाहरु सवैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । यस पालिकाको पहिलो आवधिक योजना तर्जुमा निर्माणको क्रम देखि सहयोग गर्ने प्रदेश नीति तथा योजना आयोग, प्रदेश सुशासन केन्द्र र परामर्शदाता संस्थाको रुपमा गर्भनेस एण्ड डिजाईन सोलुशन प्रा.लि लाई धन्यवाद दिन चाहन्छु ।

जीवन लामा

अध्यक्ष

परिच्छेद–एक

१।१ परिचय

१।२ पृष्ठभुमि

इन्द्रसरोवरको लिखित कुनै इतिहास तथा दस्तावेज नभएता पनि ऐतिहासिक दृष्टिकोणले महत्वपुर्ण रहेको मानिन्छ । तत्कालिन राजा विरेन्द्रले आफ्नी आमा ईन्द्रराज्य लक्ष्मी देवी शाहको सम्झनामा इन्द्रसरोवर नामाकरण भएको भन्ने गरिन्छ । आमा ईन्द्रराज्य लक्ष्मी देवी शाहको नामबाट ईन्द्र र सरोवरको अर्थ ताल, पोखरी, दह हुने हुनाले यस ठाँउलाई इन्द्रसरोवर भनी नामाकरण गरिएको भन्ने भनाई रहेको छ । रानी ईन्द्रराज्य लक्ष्मी देवी शाहको सम्झनामा मानव निर्मित नेपालकै एक मात्र इन्द्रसरोवर ताल २०३४ सालमा निर्माण सुरु गरि २०३८ सालमा सम्पन्न भएको थियो । राजा विरेन्द्र विक्रम शाह देव र प्रधानमन्त्री किर्तिनिधी विष्टको पालामा निर्माण भएको यस तालले आफ्नो बेग्लै इतिहास, पहिचान र महत्व बोकेको छ ।

साविकका मार्खु, कुलेखानी, सिस्नेरी र फाखेल गा.वि.स.हरुका राजनैतिक दलका प्रतिनिधीहरु, बुद्धिजीविहरु लगायत सरोकारवालाहरुको घनिभूत छलफल पश्चात यस गाउँपालिकालाई इन्द्रसरोवर गाँउपालिकाको नामवाट नामाकरण गर्ने भनि गरिएको निर्णय अनुसार नै इन्द्रसरोवर गाँउपालिका बनाईएको हो । यसको सिमानामा पूर्वमा वाग्मती गा.पा., ललितपुर र दक्षिणकाली नपा , पश्चिममा थाहा न.पा र भिमफेदी गा.पा, उत्तरमा थाहा न.पा र चन्द्रागिरि न.पा. र दक्षिणमा भीमफेदी गा. पा. पर्दछन । भौगोलिक अवस्थिति अनुसार ८५°०७′५०″ पूर्वी देशान्तर देखि ८५°१५′४७″ पूर्वी देशान्तर सम्म फैलिएको छ भने २७°३२′१४″ उत्तरी अक्षांस देखि २७°४०′००″ उत्तरी अक्षांस (चन्द्रागिरी) सम्म फैलिएको छ । इन्द्र सरोवर गांउपालिकाको जम्मा क्षेत्रफल ९७.३२ वर्ग कि.मी. रहेको छ ।

समून्द्र सतहबाट १०२० मिटर (बागमती दोभान) देखि २५६१ मिटर (चन्द्रागिरी) सम्मको उचाईमा रहेको यो गांउपाँलिकाको मौसम समशितोष्ण रहेको छ । इन्द्रसरोवर गांउँपालिकाको पुर्व पश्चिमको औषत दुरी १३.०५ किमि रहेको छ भने उत्तर देखि दक्षिण तर्फको औषत दुरी १४.०५ कि मि सम्म फैलिएको छ । राज्य पुन:संरचना हुदां ५ वटा वडामा विभाजित गरिएको यस गांउँपालिका भित्र जम्मा २०३ वटा मुख्य बस्तीहरु रहेका छन् । क्षेत्रफलका आधारमा यस गांउँपालिकाको वडा नं. १ सबै भन्दा ठूलो रहेको छ भने वडा नं. ५ सबै भन्दा सानो छन ।

इन्द्रसरोवर क्षेत्रलाई 'श्री क्युविक व्याट्रि'को नामले पनि चिनिन्छ । यहाँ पानीको संचय गरी संचीत पानीबाट आवश्यकता अनुसार विद्युत्त उत्पादन गरिने हुनाले संचित पानीको ताललाई व्याट्रिको संज्ञा दिई क्युविक व्याट्रि भनिएको हो । राज्यलाई लोडसेडिङ मुक्त गराउनमा यस क्षेत्रले निकै ठुलो भुमिका खेलेको देखिन्छ । यस क्षेत्रमा रहेको

मावन निर्मित तालको संचित पानी बाट कुलेखानी पहिलोवाट ६० मे.वा., दोश्रोवाट ३२ मे.वा. तथा १४ मे.वा. तेश्रो आयोजना गरि जम्मा १०६ मे.वा. विद्युत उत्पादन हुने गरेको छ ।

साविकको कुलेखानी गा वि स तथा हालको वडा नं २ को पनि आफ्नै महत्व र इतिहास रहेको पाईन्छ । विगतमा दैनिक ज्यालादारी गरि जिवन निर्वाह गर्ने मानिसहरुको वसोवासको बाहुल्यता रहेको यस ठाँउमा कुल्ली काम गरी खानेहरुको खानी नै रहेको हुदाँ कुलेखानी नामाकरण गरिएको भनाई पनि रहेको पाईन्छ । यस क्षेत्रमा प्रसस्त मात्रामा तामा, फलाम र किट खानीहरु रहेको कुरा स्थानीयवासीहरुको भनाईरहेको छ । त्यसै गरि साविकको सिस्नेरी गा वि स तथा हालको वडा न ३ को पनि आफनै महत्व रहेको पाईन्छ । स्थानीय जानकारहरुका अनुसार यस ठाँउमा सिस्नुको घारीहरु अत्याधिक मात्रामा रहेकाले सिस्नेरी नाम रहेको भनाई छ ।

१।३ स्थानिय तहको बस्तुस्थिती विकासको समिक्षा

इन्द्रसरोवरगाउँपालिका ऐतिहासिक तथा धार्मिक हिसावले पनि त्यतिकै महत्वपुर्ण रहेको मानिन्छ । यस गाउँपालिकामा रहेको मानव निर्मित इन्द्रसरोवर ताल, भालेश्वर महादेव, गुप्तेश्वर गुफा, लामवगरमा अवस्थित नाट्यश्वरी महादेव मन्दिर, धानेश्वर धनलक्ष्मी मन्दिर, खानीखेतमा अवस्थित पञ्चकन्या देवी मन्दिर, किटेनी स्थित सरस्वती मन्दिर, लुण्डुप हयोलिङ गुम्वा, धेचीन गुम्वा महाङ्गालथान, सुकौरा लुण्डुप छयौनिङ गुम्वा, हुमाने डाँडा दृश्यावलोकन गर्ने ठाँउ, भैरवनाथ मन्दिर, सलेमले डाँडा, पुरानो खर्क, डाँडाखेल पौवा, जातीपोखरी, राकसखोलाको मानेडाँडा, महाङ्काल मन्दिर, लक्ष्मीनारायण मन्दिर सिलाङ, शक्तेश्वर मन्दिर वज्रमाठ, ओखरडाँडा चैत्य र शिकारी गाँउ, छड्धार लगायतका ऐतिहासिक तथा धार्मिक ठाँउहरु रहेका छन ।

त्यसैगरि आजादेश्वर मन्दिर सिस्नेरी, लंकाधामी अदुवावारी, सुन्दरीदेवी ठुलोटार, कालीदेवी बल्छी भन्ज्याङ, सेतीदेवी दम्की, नारायणथान मन्दिर टेकर आदि स्थानहरु पनि धार्मिक हिसावले महत्वपुर्ण रहेका छन् । हाल यस गाउँपालिका क्षेत्रमा विभिन्न पार्कहरु जस्तै शान्ती बगैचा बाटिका कुलेखानी साविकको वडा नं.९ हाल वडा नं.२, पिक्निक स्पट कुलेखानी साविकको वडा नं ९ हाल वडा नं २, आउटलेट रहेको स्थान, काशिचौर फाखेल साविकको वडा न ४ हाल पनि वडा नं ४ र पिक्निक स्पट मार्खु साविकको वडा नं ८ हाल वडा न १ रहेका छन । यसको वारेमा अध्ययन अनुसन्धान गरी ग्रामीण पर्यटन प्रबर्द्धन गर्न सक्ने सम्भावना रहेको छ र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आय आर्जन बढाउन सक्ने अवसरहरु पनि रहेका छन .

१।३।१ क्षेत्रफल तथा जनसंख्यिक वनौट

इन्द्रसरोवर गाउँपालिकामा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकाको ५ वटै वडाहरूमा गरी जम्मा ३०५४ घरपरिवारमा कुल १३८०९ जनसंख्या रहेको छ । जसमध्ये ७३०० महिला तथा ६५०९ जना पुरुष रहेका छन् ।

तालिका १:गाउँपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्याको अवस्था

वडा नं.	घरधुरी	जम्मा	पुरुष	महिला
१	६३४	३०७१	१४५२	१६१९
२	६७०	२९६९	१४०१	१५६८
३	७३९	३२४५	१५५४	१६९१
४	४३२	१९८०	९४१	१०३९
५	५७९	२५४४	११६१	१३८३
जम्मा	**३०५४**	**१३८०९**	**६५०९**	**७३००**

१।३।२ प्राकृतिक श्रोत

यस गाउँपालिकाको ४४.१२ प्रतिशत भूभाग वन जंगल तथा हरियाली क्षेत्रले ढाकेको छ जसले गर्दा वन जन्य काठ लगायतका वस्तुहरूको प्रयाप्तता छ । कृषि क्षेत्रले ३२.९४ प्रतिशत भूभाग ओगटेको छ । यसैगरि झाडि क्षेत्र १७.९६ प्रतिशत तथा घांसे क्षेत्र नदीनाला, वगर, बांझो जग्गा, भिरालोपन, ताल तलैयको क्षेत्रफल क्रमशः १.७३, १.६७, १.०६, ०.२१, ०.१६ तथा ०.०१ रहेको छ ।

१।३।३ जातजाती

यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्मावलम्वीहरुको बसोबास रहेको छ । जातजातिका आधारमा घरधुरी सर्वेक्षणको जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा बढी ७१.७८ प्रतिशत तामाङ, ९.१० प्रतिशत नेवार, ८.५१ प्रतिशत क्षेत्री, ६.११ प्रतिशत मगर, १.८९ प्रतिशत ब्राम्हण पहाडी , १.१० प्रतिशत कामी, ०.५५ प्रतिशत ठकुरी, ०.१० प्रतिशत दमाई र ०.८५ प्रतिशत अन्य रहेका छन् ।

१।३।४ भाषा

गाउँपालिकाभित्र बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी ६९.४२ प्रतिशतले तामाङ भाषा, २३.२० प्रतिशतले नेपाली भाषा, ३.९७ प्रतिशतले नेवारी भाषा, ३.०७ प्रतिशतले मगर भाषा,र केही अन्य नगण्य संख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइन्छ ।

१।३।५ धर्म संस्कृति

गाउँपालिकामा रहेका कुल जनसंख्या मध्ये ६७.९५ प्रतिशतले बौद्ध धर्म मान्दछन् । दोस्रोमा हिन्दु धर्म मान्नेको संख्या ३०.८७ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ०.८ प्रतिशत रहेको छ , ईस्लाम तथा जैन धर्म मान्नेहरु ०.३८ प्रतिशत रहेका छन ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश बौद्ध धर्म मान्ने तामाङ मूलका मानिसहरू रहेका छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने- माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा , श्रीस्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, छोनाम (न्वागी), बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरिद, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरू रहेका छन् ।

१।३।६ साक्षरता र शैक्षिक अवस्था

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७४ अनुसार गाउँपालिकाको कूल साक्षरता ४२.९६ प्रतिशत रहेको छ । यहाँको साक्षरता दरमा लैंगिक विभेद देखिन्छ किनकी पुरूषको साक्षरता दरको तुलनामा महिलाको साक्षरता दरमा करिब १५ प्रतिशतको फरक देखिन्छ । इन्द्रसरोवर गाउँपालिका भित्र २२ वटा सामुदायिक विद्यालयहरू, १ वटा संस्थागत विद्यालय संचालित रहेको छ ।

१।३।७ आर्थिक अवस्था

घरधुरी सर्वेक्षण २०७४ अनुसार, गाउँपालिकामा रहेका कुल जनसंख्या मध्ये आम्दानीको मुख्य पेशा कृषि हुने जनसंख्या ५३४९ जना, दोस्रोमा नोकरी गर्नेको संख्या ६४६ जना, तेस्रोमा व्यापार तथा व्यवसाय गर्नेको संख्या ४४८ जना, तथा ३९३ जना विदेश रोजगारका लागि गएको देखिन्छ । इन्द्रसरोवर गाउँपालिकाका वासिन्दाहरूको मुख्य परम्परागत पेशा कृषि नै हो । अधिकांश परिवारहरू तरकारी खेती तथा पशुपालनमा संलग्न छन् ।

१।३।८ मानव विकास र गरिवी

गाउँपालिकाभित्र आफ्नो उत्पादनबाट ३ महिना खान पुग्ने परिवार संख्या २१७, ३ महिना देखि ६ महिना खान पुग्ने परिवारको संख्या ११०० , ६ महिना देखि ९ महिना खान पुग्ने परिवारको संख्या ७१५ तथा ९ महिना देखि १२ महिना खान पुग्ने परिवारको २२.६५ प्रतिशत रहेको छ ।

१।४ योजना तर्जुमा आधारहरु

नेपालको संविधान २०७२ ले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारद्धारा शासन संचालन हुने व्यवस्था गरेको छ । तीनै तहको निर्वाचन पश्चात तत्कालिन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्धारा प्रदत्त अधिकारहरुलाई व्याख्या गदै थप व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ तर्जुमा भई कार्यान्वयनमा आएको छ । ऐनको परिच्छेद ६ दफा २४ को उपदफा १ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने भन्ने उल्लेख भए बमोजिम इन्द्रसरोवर गाउँपालिकाले यो आवधिक योजना तर्जुमा गरेको छ ।

१।४।१ योजना तर्जुमाको उद्देश्य

यस आवधिक गाउँ विकास योजना तर्जुमाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम प्रावधान अनुसार विकास गर्नु ।
- सहभागितामूलक पद्धतिबाट पालिकाको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरूको खाका बनाई गाउँपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने ।
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने ।
- गाउँपालिकाका विकासका सम्भावनाहरुलाई अत्याधिक उपयोग गर्दै समृद्धि तर्फ डोऱ्याउनु ।
- समष्टिगत , विषयगत र क्षेत्रगत रूपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यमकालिन खर्च संरचना तयार गर्न ।

१।४।२ योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाः

नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, संघीय एवं प्रदेशीय कानून र नीति, स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र नै स्थानीय तहको विकासको मार्गचित्र र योजना तर्जुमाका आधारहरू हुन । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक , विषय र क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । यस प्रकारको योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकुल हुने गरी निर्माण गर्नु पर्ने र सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, दिगो विकास लक्ष्य जस्ता अन्तरसम्बन्धित विषयहरूका साथै आर्थिक विकास, गरिबी निवारण, उत्पादन मूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप,

साधन श्रोतको अधिकतम प्रयोग हुने, दीगो विकास लक्ष्य, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने बिषयहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ ।

१।५ योजना तर्जुमा तथा प्रक्रिया

१।५।१ पहिलो चरणः योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पहिलो चरण अन्तर्गत इन्द्रसरोवर गाउँपालिकाबाट योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र आवश्यक सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो ।

१।५।२ दोश्रो चरणः योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

दोश्रो चरण अन्तर्गत गाउँपालिकाको आयोजनामा योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धी अभिमुखीकरण आवधिक योजना तर्जुमा प्रयोजनका मिति २०७७ फल्गुण ६ गतेका दिन अभिमुखीकरण कार्यशाला गोष्ठि सम्पन्न भई गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा मूल समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र बिषयगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरू वाँडफाँड गरी कार्ययोजना स्विकृत गरिएको थियो ।

१।५।३ तेश्रो चरणः आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण तथा वडा स्तरिय परामर्श भेला

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि गाउँपालिकाबाट जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरूलाई नै आधार तथ्यांक सूचनाको रूपमा उपयोग गर्ने सहमति गरिएको थियो । तथ्यांक बिश्लेषण गरिसकेपछि कार्यापालिकाको निर्णय अनुसार वडा स्तरिय परामर्श भेला मिति २०७७ फाल्गुण ११, १४, १५ र १६ गते क्रमशः वडा नं. १, २ र ३ , ४ तथा ५ मा सम्पन्न गरियो । साथै वडा भेला गने क्रममा स्थानिय तहका सरोकारवालाहरु संग परामर्श तथा आवश्यक सुचना संकलन पनि गरिएको थियो ।

१।५।४ बिषयगत क्षेत्रगत समिति र उपसमितिहरु संग परामर्श

वडा भेलाबाट आएका अवस्था, समस्या, चुनौति, बस्तुस्थिति, क्षेत्रगत सोंच, लक्ष्य, उद्देश्य, रणनिति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरुलाई क्षेत्रगत तथा उपक्षेत्रगत रुपमा एकिकृत गरी दस्तावेजिकरण गरिएको थियो । २०७७ साल फाल्गुण २० देखि २५ गते सम्म बिषयगत समितिहरु संग छलफल गरिएको थियो ।

१।५।५ चौथो चरणः योजना तर्जुमा कार्यशाला गोष्ठी

योजना तर्जुमा मूल समिति, बिषयगत समिति, प्राविधिक समितिको पहलमा २०७७ चैत्र १४ देखि १७ गते सम्म आवासिय रुपमा नगरकोटमा सरोकारवालाहरू, गाउँपालिकाको नेतृत्व, राजनीतिक दल, शिक्षक, वुद्धिजीविहरूको सहभागिता र विषय विज्ञहरूको सहजीकरणमा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीले बिद्यमान संभावना र अवसर तथा समस्या चुनौतिको वस्तुपरक विश्लेषणको आधारमा गाउँपालिकाको समग्र विकासको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषयगत, क्षेत्रगत उद्देश्य निर्धारण गरिएको थियो ।

सोही कार्यशाला गोष्ठीले बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिको वस्तुपरक विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण सूचक निर्धारण गरी ती लक्ष्य सूचक हासिल गर्न अवलम्वन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाँकाको मस्यौदा तयार गरिएको थियो ।

१।५।६ पाँचौ चरणः एकिकृत योजना दस्तावेज तयारी

योजना तर्जुमाको क्रममा स्थानीय तह र अन्य सरोकारवालाको बिषय क्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सवै विषय एवं उपक्षेत्रहरूका सम्बन्धमा प्राप्त भएका सुझाब तथा प्रतिक्रियाहरूलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढंगबाट प्रस्तुत गरी योजनाको एकिकृत मस्यौदा दस्तावेज तयार गरिएको छ । योजना दस्तावेज मुख्य १२ परिच्छेदमा विभाजन गरिएको छ । योजना दस्तावेज भित्र परिचय तथा पृष्ठभूमी, गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था, गाउँपालिकाको अवसर र चुनौति विश्लेषण, दिर्घकालिन सोच (दुरदृष्टि), आवधिक लक्ष्य र उद्देश्य, बिषय क्षेत्रगत (आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण र विपद र संस्थागत र सुशासन) योजना, बित्तीय श्रोत व्यवस्थापन, कार्यान्वयन कार्ययोजना, अनुगमन र मूल्यांकन योजना लगायतका रहेका छन ।

१।५।७ छैठौं चरणः पालिकास्तरीय परामर्श र परिमार्जन

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरूसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबको आधारमा तयार भएको आवधिक योजनाको मस्यौदा दस्तावेज कोभिड १९ को कारण प्रत्यक्ष रुपमा गर्न नसकेता पनि अनलाईन तथा ईमेल माध्यम बाट थप राय सुझाब तथा पृष्ठपोषण संकलन गरि अन्तिम मस्यौदा दस्तावेज तयार गरिएको थियो ।

१।५।८ सिमा

यस गाँउ विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन् :

- आवधिक योजना तर्जुमाका लागि आधार रेखाको रुपमा गाउँपालिका पार्श्वचित्रमा उपलव्ध तथ्याङ्क तथा सूचना श्रोतलाई आधार बनाएको छ । संघ, प्रदेश तथा जिल्ला तह तथा अन्य सूचना समेतलाई आधार बनाइएको छ । कतिपय सूचकको हकमा केन्द्रिय तथ्यांक विभाग को २०६८ को गणनालाई तथा वडा भेलाबाट प्राप्त सुचना, बार्षिक प्रतिवेदनबाट आएको सुचनालाई समेत आधार मान्नु परेको छ ।
- आवधिक योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका मात्र भएकोले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रित छ ।
- प्रादेशिक सरकारसंगको साझा अधिकार क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्णरूपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरी नसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।

परिच्छेद–दुई

२ समष्टिगत योजना र स्रोत व्यवस्था

२।१ पृष्ठभुमि

ईन्द्रसरोबर गाउँपालिका मकवानपुर जिल्लाको उत्तर पश्चिममा अवस्थित रहेको छ । आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाको कार्यविधिको आधारमा समग्र पालिकाको दिर्घकालिन सोंच, लक्ष्य, उद्देश्य तयार पारिएको छ । योजना तर्जुमा कार्यशालाको क्रममा सहभागीहरू बिच गाउँको समग्र विकास र समृद्धिका लागि प्रमुख अग्रणी क्षेत्रहरू सम्बन्धमा वृहत छलफल तथा अन्तरक्रियाको निष्कर्षको रुपमा बिद्यमान धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र प्रर्वद्धन, मानवीय सोच, संस्कार र व्यवहारमा सनातन सभ्यता अनुरुपका मूल्य र मान्यताको अवलम्वन सहित सभ्य समाज निर्माण गर्दै वातावरणमैत्री भौतिक एवं सामाजिक पूर्वाधारको विकास, व्यवसायिक कृषि, पर्यटन, केन्द्रित एकिकृत पर्यटन सर्किट, सूचना तथा सञ्चारमैत्री विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य बिमा कार्यक्रम, स्वच्छ खानेपानी आपूर्ति र स्थानीय संस्कृति एवम् पहिचान लगायतका क्षेत्रको सर्वाङ्गिण विकास मार्फत समृद्धि हासिल गर्नका लागि आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरिएको छ ।

२।२ चुनौती तथा अवसर

यस गाउँपालिका मकवानपुर जिल्लाको सदरमुकाम देखि ४२ किमी उत्तर पूर्वमा रहेको छ । तामाङ जातजातीको बाहुल्यता रहेको यस गाउँपालिकामा अन्य मिश्रित जातजातीका मानिसहरुको पनि बसोबास रहेको पाइन्छ । बहुसंख्यक स्थानीयवासीहरु कृषि पेशामा संलग्न रहेकाले यस गाँउपालिकाको मुख्य संभावना र अवसर भनेको कृषि उत्पादन (नगदे वाली) र ग्रामिण व्यापार नै हो । अधिकांश मानिसहरु कृषक भएको हुदां मौसमी तथा बेमौसमी तरकारी खेतीको प्रवल संभावना र अवसर रहेको छ । हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमूलक बनाउन सकेको खण्डमा यहांका मानिसहरुको जीवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । पालिकामा घरेलु तथा साना उद्योगहरुको प्रसस्त सम्भावना रहेको छ । घरेलु सामाग्री उत्पादनले विक्रीको लागि बजारको कुनै अभाव खेप्नुपर्ने देखिदैन । स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सन्दर्भमा गुणस्तरयुक्त बस्तुहरुले यस पालिकामा राम्रै स्थान पाउने गरेको देखिन्छ । पालिकामा रहेको सिस्नेरी बजार, कुलेखानी बजार, मार्खु बजार यस गाउँपालिकाका मुख्य बजारहरु हुन र यिनै बजारहरु यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारको किनमेलको गन्तव्य पनि हो । यसर्थ यहां व्यापारको सम्भावना पनि उतिकै रहेको छ ।

पालिकामा उच्चस्तरको शिक्षाको अध्ययनको पुर्वाधार न्यून रहेका हुदां उच्च शिक्षाको लागि हेटौडा तथा काठमाण्डौ सम्म जाने गरिएको छ । निम्न आयस्तर हुने परिवारका बालबच्चाहरु भने यसै गाँउपालिका भित्र रहेका विद्यालयहरुमा पठनपाठन गर्ने गर्दछन् ।

यातायात सुविधालाई हेर्दा यस पालिकाको मध्य भाग हुदै काठमाण्डौ–सिस्नेरी–कुलेखानी–हेटौडा–चितवन र विरगंज सम्म बाह्रै महिना यातायातका साधनहरु संचालन भईरहेको छ । पालिकाको सदरमुकाम देखि अन्य ठाँउसम्म जानको लागि यस गाँउपालिकामा स्थानीय यातायात लगायत बसपार्क नभएको अवस्थामा अन्य ठाउबाट आएका सवारी साधनको भर पर्नु पर्ने देखिन्छ । यसको अतिरिक्त अनियन्त्रित रुपमा भएका बाटो निमार्णले गर्दा यस गाउँपालिकामा प्राकृतिक प्रकोपको जोखिम पनि त्यतिकै टड्कारो रुपमा रहेका छ भने गाउँपालिकाको मध्य भाग भएर कुलेखानी खोला बग्ने हुदा जमीनको कटान, बाढी र पहिरोको प्रकोपको सम्भावना पनि बढी नै रहेको हुनाले यसको बारेमा बेलैमा सचेत र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

२।३ योजना खाका

सोच

"कृषि, पर्यटन र पूर्वाधार, सभ्य समृद्ध इन्द्रसरोवर"

को दिर्घकालीन सोच (Long Term Vision) निर्धारण गरिएको छ ।

"कृषि, पर्यटन र पूर्वाधार, सभ्य समृद्ध इन्द्रसरोवर"

२।३।१ लक्ष्य

इन्द्रसरोवर गाउँपालिकाको दिर्घकालिन सोचलाई मध्यमकालिन अवधि अर्थात पहिलो आवधिक विकासको लागि कृषिमा व्यवसायिकरण, पर्यटन प्रर्वद्धन, गुणस्तर सहितको प्राविधिक शिक्षा, स्वास्थ्य सेवामा उच्चतम पहुच सहित सर्वसुलभ सेवा प्रवाह, समतामूलक समाज, दिगो प्रयोगमैत्री पूर्वाधार, जैविक विविधताको संरक्षण, सेवा प्रवाहलाई प्रभावकारी बनाउदै समाजवाद उन्मुख आधारशिलता निर्माण भएको हुनेछ ।

२।३।२ उद्देश्य

गाउँपालिकाको पहिलो आवधिक योजनाले समिष्टगत लक्ष्य हासिल गर्न बहुआयामिक विकासको प्रतिफल न्यायोचित बनाई जीवनस्तरमा सुधार ल्याउने उद्देश्य बमोजिम प्राथमिकता क्षेत्र निर्धारण र रणनीति अवलम्बन गरिनेछ ।

विषयक्षेत्रगत बृहत उद्देश्यहरू

क) आर्थिक क्षेत्र विकास

कृषिमा आधुनिकिकरण, व्यवसायिकरण, स्थानीय सीप, श्रोत साधनमा आधारित उद्योग एवं उद्यमशिलता विकास, पर्यटन क्षेत्रको क्षमता विकास गर्दै दिगो आर्थिक विकास भएको हुने ।

ख) सामाजिक क्षेत्र विकास

प्रविधिमैत्री र प्राविधिक गुणस्तरीय शिक्षा, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्तिको निर्माण, लैगिक हिंसामुक्त सुसंस्कृत एवं समतामूलक समाज निर्माण भएको हुने ।

ग) पूर्वाधार क्षेत्र विकास

वातावरणमैत्री र दिगो भौतिक एवं सामाजिक पूर्वाधार विकास गरी आधारभूत पूर्वाधार सुविधामा विपन्न तथा पछाडी पारिएका वर्गको पहुच वृद्धि सहित सुविधा सम्पन्न इन्द्रसरोवर निर्माण भएको हुने ।,

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

वन तथा जैविक विविधताको संरक्षण गर्दै भू जलाधार तथा विपद् व्यवस्थापन सहित हरियाली पालिकाको चिनारी भएको हुने ।

ङ) सुशासन तथा संस्थागत विकास

बिधि र प्रक्रियाको स्थापना र विकास गर्दै गाउँपालिका तथा अन्य सरोकारवाला निकायहरूको कार्य सम्पादनको गुणस्तर, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि भएको हुने ।

२।३।३ परिमाणत्मक लक्ष्य (Targets)

यस प्रथम आवधिक विकास योजनाको अवधि आ.व. २०७८/०७९ देखि ०८२/०८३ सम्मका लागि देहाय बमोजिमका समग्र लक्ष्य सूचकहरू हासील हुने अपेक्षा गरिएको छ ।

पालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी एकीकृत तथा विषयक्षेत्रगत योजना तर्जुमा गरिएको छ । योजना, कार्यक्रम वा आयोजना वीच नतिजाहरुको तहगत अन्तर सम्वन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी वनाउने सन्दर्भमा कारण र असरहरुको विश्लेषण गर्दै लगानी देखि प्रतिफल हुँदै लक्ष्य वा प्रभाव सम्म पुग्न नतिजाहरुको श्रृङ्खलावद्ध सम्वन्ध स्थापित गर्न नतिजा खाकाको रुपमा देहायको एकीकृत तर्कवद्ध खाका (Logical Framwork) तयार गरिएको छ । नतिजा सूचकहरु मार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित वनाउन एवं नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

तालिका२.१ : लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)

तालिका/ग्राफचित्र : १२ एकीकृत गाउँ विकास योजना खाका								
नतिजाको तह	**नतिजा सूचक**	**इकाई**	**आधार बर्ष २०७७/७८ सम्म**	**लक्ष्य परिमाण**			**सूचनाको श्रोत**	**जोखिम**
				२०७८/७९	**२०८०/८१**	**२०८२/८३**		
प्रभाव : आयस्तरमा अभिवृद्धिका साथै समतामूलक एवं सुसंस्कृत समाज निर्माण	१. मानव विकास सूचकाङ्क*	सूचकाङ्क	०.५०४	०.५०५	०.५०८	०.६००	केन्द्रीय तथ्याङ्क विभाग पालिका पार्श्व चित्र	अन्तर सरकार समन्वय र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने
	२. लैङ्गिक विकास सूचकाङ्क*	सूचकाङ्क	०.९२५	०.९३०	०.९५०	०.९६३		
	३. वहुआयामिक गरिवी*	प्रतिशत	१९.७	१८.०	१६.०	१४.०		
	४. निरपेक्षित गरिवी	प्रतिशत	१४	१३	१२	१०		
	५. प्रतिव्यक्ति वार्षिक आय	रु.हजार	१,३८	१,५०	१,७५	२,००		
	६. औषत आयु (जन्म हुँदाको)	वर्ष	६९	७०	७१	७२		
	७. साक्षरता दर	प्रतिशत	९४	९५	९७	९९		
	८. वेरोजगारी दर	प्रतिशत	६	५	४	२		
असर - १ (आर्थिक विकास क्षेत्र) रोजगारी अवसर हरु श्रृजना एवं आय वृद्धि	१. आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार	प्रतिशत	८६	८७	८८	९०	पालिका को वार्षिक प्रगति प्रतिवेदन	अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने
	२. व्यवसायिक रुपमा सञ्चालित पशुपंक्षी जन्य फर्म	संख्या	६५	७०	८०	१००		
	३. पर्यटन व्यवसाय वाट कूल रोजगारीता प्रदान	संख्या	५०	१५०	२००	३००		
	४. रोजगारीमा कृषि क्षेत्रको योगदान	प्रतिशत	६२	६५	७०	८०		
	५. रोजगारीमा गैरकृषि क्षेत्रको योगदान	प्रतिशत	३८	३५	३०	२०		

	६. वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह	रु.करोड	३०	४०	६०	८०		
	७. उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी	प्रतिशत	७	१५	३०	५०		
असर- २ (सामाजिक विकास क्षेत्र) समन्यायिक, समतामूलक एवं सुसंस्कृत समाज निर्माण	१. आधारभूत तहमा खूद भर्नादर (औषतमा)	प्रतिशत	८५	८७	९०	९५	पालिका को वार्षिक प्रतिवेदन	अन्तर सरकार समन्वय भएको हुने
	२. ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी	प्रतिशत	६०	७०	८०	९०		
	३. खानेपानी सेवा वाट लाभान्वित जनसंख्या	प्रतिशत	८२	८५	९०	९५		
	४. स्थानीय समिति तथा संरचनाको नेतृत्वमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व	प्रतिशत	३०	३५	४०	५०		
	५. स्थानीय कला, भाषा र साहित्यलाई पेशा को रुपमाग्रहण गर्ने	संख्या	७	८	९	१०		
	५. उद्योग,व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता	प्रतिशत	६०	६५	७०	८५		
असर - ३ (पूर्वाधार विकास क्षेत्र) आधारभूत सेवा सुविधामा पहुँच अभिवृद्धि	१. दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या	प्रतिशत	५०	६०	७५	८०	पालिका को वार्षिक प्रतिवेदन	अन्तर सरकार समन्वय र सहकार्य भएको हुने
	२. आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु	संख्या	५	१०	१२	१५		
	३. वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि	प्रतिशत	७५	८०	१००	१५०		
	४. विद्युत सेवावाट लाभान्वित जनसंख्या	प्रतिशत	९७	९८	१००			
	५. इण्टरनेट सेवामा पहुँच प्राप्तजनसंख्या	प्रतिशत	४०	६०	८०	९५		
असर - ४ (वन, वातावरण तथा विपद क्षेत्र) जीविकोपार्जनका	१. संरक्षित तथा व्यवस्थित वन क्षेत्र	प्रतिशत	६२	६२	६३	६३	पालिका को वार्षिक प्रतिवेदन	अन्तर सरकार सहकार्य भएको हुने
	२. घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित	संख्या	१०	१५	२०	२५		

अवसरहरु वृद्धि	विसर्जन गर्नेको							
	३. भू-क्षय र बाढी संवेदनशील संरक्षित क्षेत्र	संख्या	४०	३५	३०	२५		
	४. विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु	प्रतिशत	४०	५०	६५	७०		
असर - ५ (संस्थागत विकास तथा सुशासन क्षेत्र) सुशासनको अनुभूति	१. सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन,नियमहरु	संख्या	४२	४५	५०	६५	पालिका को वार्षिक प्रगति प्रतिवेदन	संस्थागत संरचना प्रभाव कारी भएको हुने
	२. पालिकाको वार्षिक आन्तरिक आय रकम	रु. लाख	२४	५२	६०	७५		
	३. सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही	प्रतिशत	८०	८५	९०	९६		
	४. नतिजामूलक अनुगमन र मूल्याङ्कन भएका योजना	संख्या	२०	२५	५०	१००		
✷ आधार तथ्याङ्क र लक्ष्य परिमाण वागमति प्रदेशको प्रथम आवधिक योजनामा आधारित								

श्रोतः कार्यशाला गोष्ठि, प्रोफाइल तथा बार्षिक प्रतिवेदनहरु

२।३।४ रणनिति र कार्यनिति

- गाउँपालिकाले आत्मसात गरेको दिर्घकालिन सोच (Vision), पहिलो आवधिक योजनाले निर्धारण गरेको लक्ष्य (Goal) र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छन ।
- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम प्राप्त एकल तथा साझा अधिकारहरूको सुव्यबस्थित एवं समन्वयात्मक प्रयोग र अभ्यास गरी संघियता प्रर्वद्धन गर्न आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेश वीच सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण, स्थानीय सीप, श्रोतमा आधारित साना तथा घरेलु उद्योग र वनजन्य उद्यम व्यवसायको विकास गरी रोजगारीको सृजना र दिगो आय बृद्धि गर्ने ।
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, मानसिक स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वास्थ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने ।,
- व्यवस्थित यातायात पूर्वाधार, बजार, आवास, स्वच्छ उर्जा तथा संचार पुर्वाधारको विकासद्धारा अन्तर आवद्धता विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेसीकरण, सुशासन, जलवायु अनुकुलन, विपद् व्यवस्थापन, सुशासन तथा सदाचार प्रवर्द्धन जस्ता बिषयलाई स्थानीय विकासका सवै प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशिल र दिगो बनाउने ।
- महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष रुपमा लाभान्वित भई लैंगिक समानता र सामाजिक समावेशकिरण अभिवृद्धि गर्ने ।
- भाषिक तथा सांस्कृतिक पक्षले जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

२।३।५ समष्टिगत क्षेत्र विकास आयोजना (गाउँ गौरवको आयोजना)

क) पूर्वाधार तर्फः

- बज्रमाठ, सिकारीगाँउ, महाचुनीमन्दिर,कोदोखोरिया, पौवा कृषि तथा पर्यटन सडक आयोजना १० मि.अधिकार क्षेत्र सहित १२.५ कि.मि. लम्वाइ
- देउरालीछापखोरीयासिनेघारी दम्की सिस्नेरी सडक १० मि.अधिकार क्षेत्र सहित १५.५ कि.मि. लम्वाइ
- कलंकी देखि मार्खु पर्यटकीय सडक १० मि.अधिकार क्षेत्र सहित १० कि.मि. लम्वाइ
- देउरालीकुलेखानी सिस्नेरी दक्षिणकालीमदनभण्डारी मार्ग ३० मि.अधिकार क्षेत्र सहित २३ कि.मि. लम्वाइ
- हेभीफाखेल हुमाने फर्पिड. सडक ३० मि.अधिकार क्षेत्र सहित १६ कि.मि. लम्वाइ
- महालक्ष्मी दोभान चखेल देउराली सतुंगल १० मि.अधिकार क्षेत्र सहित ९ कि.मि. लम्वाइ
- पालिका केन्द्र र वडाकाबिभिन्न स्थानजोड्ने सडकस्तरोन्नतिआयोजना १० मि.अधिकार क्षेत्र सहित ६१ कि.मि. लम्वाइ
- हुमाने, छुरीगाउँ, रामचन्द्र भन्ज्याड सडक १० मि.अधिकार क्षेत्र सहित ९ कि.मि. लम्वाइ
- सर्वाड. सेरा, सानोमाखु सिमखोला सडक १० मि.अधिकार क्षेत्र सहित १२ कि.मि. लम्वाइ

ख) उत्पादन वृद्धितथा रोजगारी अवसर सृजनातर्फः

- तरकारी सुपरजोन (थाहानगरपालिकासंग सहकार्य)
- फलफुल (कागती, सुन्तला, एभोकाडो, ओखर, किवी, लफ्सी) पकेट व्कलमा रुपान्तरणआयोजना
- मसलावाली (खुर्सानी र धनीया) व्लकआयोजना
- एकिकृत मत्स्यबिकास आयोजना
- पशु बिकास (पकेट वाटव्लकविकास कार्यक्रम

ग) आन्तरिक राजश्व वृद्धितर्फः

- वहुउद्देश्यीयप्रशासनिकभवननिर्माणआयोजना
- ५ सैयाको अस्पताल
- एकिकृत वस्तीजग्गाबिकास कार्यक्रम (खानीखेत, देवलटार सुलिकोट)

२।४ आय व्ययको प्रवृति र प्रक्षेपण

नेपालको संविधानले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर लगाउँन, नेपाल सरकारबाट राजस्व बाँडफाँड, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ । प्रदेश र स्थानीय तहको साझा क्षेत्राधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ ।

रु. हजारमा

सि.नं.	आय शिर्षक	आ.व.०७६।७७ यथार्थ आय	आ.व.०७७।७८ अनूमान	आ.व.०७८।७९ प्रक्षेपण	आ.व.०७९।८० प्रक्षेपण	आ.व.०८०।८१ प्रक्षेपण	आ.व.०८१।८२ प्रक्षेपण	आ.व.०८२।८३ प्रक्षेपण	कुल राजश्व परिचालन
क	**वाह्य आय**								
१	**समानिकरण**								
१.२	संघ	७०,४००	७३,७००	८१,०७०	८९,१७७	९८,०९४	१०७,९०४	११८,६९४	**४९४,९४०**
१.२	प्रदेश	९,८९७	९,९११	१०,९०	११,९९२	१३,१९१	१४,५१०	१५,९६१	**६६,५५८**
२	**बिशेष अनूदान**								
२.१	संघ	५,०००	१६,१००	१७,७१०	१९,४८१	२१,४२९	२३,५७२	२५,९२९	**१०८,१२१**
२.२	प्रदेश	६,३८०	३,०००	३,३००	३,६३०	३,९९३	४,३९२	४,८३१	**२०,१४६**
	समपुरक अनूदान								
	संघ	९,३००	१६,३६४	१८,००१	१९,८०१	२१,७८१	२३,९५९	२६,३५५	**१०९,९००**
	प्रदेश	११,५७७	२९,८६१	३२,८४७	३६,१३१	३९,७४४	४३,७१९	४८,०९१	**२००,५३४**
३	**राजश्व वांडफांड**								
३.१	**संघ**	६५,७१०	६६,०५९	७२,६६५	७९,९३१	८७,९२४	९६,७१७	१०६,३८८	**४४३,६२७**
३.२	**प्रदेश**								
३.२.१	सवारी साधन	३२,३६५	२१,४२४	२३,५६६	२५,९२३	२८,५१५	३१,३६६	३४,५०३	**१४३,८७५**
४	**शसर्त**								

सि.नं.	आय शिर्षक	आ.व.०७६।७७ यथार्थ आय	आ.व.०७७।७८ अनुमान	आ.व.०७८।७९ प्रक्षेपण	आ.व.०७९।८० प्रक्षेपण	आ.व.०८०।८१ प्रक्षेपण	आ.व.०८१।८२ प्रक्षेपण	आ.व.०८२।८३ प्रक्षेपण	कुल राजश्व प्रक्षेपण
४.१	संघ	८१,८९२	९८,५९८	१०८,४५७	११९,३०३	१३१,२३४	१४४,३५७	१५८,७९३	**७६०,७४४**
	आन्तरिक श्रोत आन्तरिक ऋण		७००	७७०	८४७	९३१	१,०२४	१,१२७	**५,४००**
	ए.डि.वि.। पि.वि.एल.		६७३	७४०	८१४	८९५	९८५	१,०८३	**५,१९२**
	आइ.डि.ए.		८,५००	९,३५०	१०,२८५	११,३१३	१२,४४४	१३,६८९	**६५,५८२**
	आइ.डि.ए.।डि.पि.सी.		४,१३५	४,५४८	५,००३	५,५०३	६,०५४	६,६५९	**३१,९०४**
	एस.एस.डि.पि. वैदेशिक श्रोत	१,३७७	३,००४	३,३०४	३,६३४	३,९९८	४,३९८	४,८३७	**२३,१७७**
	एस.एस.डि.पि. वैदेशिक श्रोत	२,३८१	४,२१२	४,६३३	५,०९६	५,६०६	६,१६६	६,७८३	**३२,४९८**
	यूरोपियन यूनियन		५९९	६५८	७२४	७९७	८७६	९६४	**४,६२१**
४.२	प्रदेश	१२,६४८	१७,४२१	१९,१६३	२१,०७९	२३,१८७	२५,५०६	२८,०५६	**१३४,४१३**
	कुल वाह्य आय	**३०८,९२८**	**३७४,२६२**	**४११,६८८**	**४५२,८५७**	**४९८,१४२**	**५४७,९५७**	**६०२,७५२**	**२,५१३,३९८**
ख	**आन्तरिक आय**			(	(	(	(	(	
१	अन्य क्षेत्रको आय,जि.स.स.		९,७५०	११,२१२	१२,८९४	१४,८२८	१७,०५२	१९,६१०	**७५,५९८**
२	सम्पक्ति वहाल तथा पटा वापतको आयमा लाग्ने कर		२०	३०	४५	६७	१०१	१५१	**३९५**
३	भुमिकर । मालपोत		५००	५७५	६६१	७६०	८७४	१,००५	**३,८७६**
४	घरवहालकर		३०	३४	३९	४५	५२	६०	**२३२**
५	अन्यकर		४००	४६०	५२९	६०८	६९९	८०४	**३,१०१**
६	व्यवसायकर		११०	१३८	१७३	२१६	२७०	३३८	**१,१३८**
७	अन्य प्रशासनिक सेवाशूल्क		६००	६९०	७९३	९१२	१,०४९	१,२०६	**४,६५२**
८	नक्सापास दस्तूर		१०	११	१३	१५	१७	२०	**७७**
९	व्यवसाय रजिष्टेशन दस्तूर		१००						

सि.नं.	आय शिर्षक	आ.व.०७६।७७ यथार्थ आय	आ.व.०७७।७८ अनुमान	आ.व.०७८।७९ प्रक्षेपण	आ.व.०७९।८० प्रक्षेपण	आ.व.०८०।८१ प्रक्षेपण	आ.व.०८१।८२ प्रक्षेपण	आ.व.०८२।८३ प्रक्षेपण	कुल राजश्व परिचालन
१०	न्यायिक दण्ड जरिवाना र जफत		८०	९२	१०५	१२१	१३९	१६०	**६२०**
११	व्यक्तिगत घटना दर्ता दस्तूर		८०	९२	१०५	१२१	१३९	१६०	**६२०**
१२	अन्य राजश्व		६०	९०	१०३	११९	१३६	१५७	**६०६**
१३	**गत आ.व.को अ.ल्या.**	१०,०००	६०,०००	५०,०००	४०,०००	३०,०००	२०,०००	१०,०००	
	कुल आन्तरिक	५४,५१३	**७१,७४०**	**६३,४२६**	**५५,४६४**	**४७,८१७**	**४०,५३५**	**३३,६७७**	**२४०,९२१**
	कुल आय परिचालन	**३७३,४४१**	**४४६,००३**	**४७५,११४**	**५०८,३२१**	**५४५,९६०**	**५८८,४९२**	**६३६,४३०**	**२,७५४,३१९**

माथि उल्लेखित गरिएको आय प्रक्षेपण आ.व. २०७७ ।०७८ लाई आधार मानि प्रति बर्ष १० प्रतिशत बृद्धि सहितको प्रक्षेपण गरिएको छ । आन्तरिक आय प्रक्षेपण मालपोत कार्यालयबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन शुल्कमा १५ प्रतिशत, आन्तरिक आय तर्फ अन्य आय शिर्षकमा १५,२५ र ५० प्रतिशत बृद्धि सहितको प्रक्षेपण गरिएको छ साथै आ.ब.०७७।०७८ अल्या भई आएको नगद मौज्दात रकममा प्रति बर्ष १ करोडका दरले घटाउदै जाने गरि प्रक्षेपण गरिएको छ ।

२।५ लगानी र श्रोत व्यवस्था

२।५।१ लगानीको आवश्यकता र श्रोत

स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप पञ्चबर्षिय आवधिक योजना तयार गरि आर्थिक, सामाजिक, पूर्वाधार, बन, वातावरण तथा विपद् र संस्थागत विकास तथा सुशासनको आवश्यकताको पहिचान गरि उक्त क्षेत्रहरुको विकासको सूचकहरु साथै आवश्यक लगानी तथा स्रोतको अनुमान गरिएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुरुप मध्ययमकालिन खर्च संरचना तयार गरी लगानी तथा श्रोतको व्यवस्थाको अनुमानित रकमको व्यवस्था गरिएको छ ।

२।५।२ आन्तरिक श्रोत परिचालन

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई प्रत्यभुत गरेको अधिकार क्षेत्रभित्र रही आन्तरिक श्रोत परिचालनको व्यवस्था गरेको छ । आवधिक योजनामा आन्तरिक श्रोत परिचालनको व्यवस्था गरिएको छ ।

२।५।३ अन्तर सरकारी श्रोत परिचालन

नेपाल सरकारले संविधानले तोकेको स्थानीय तहको खर्च जिम्मेवारी पुरा गर्न वित्तीय समानीकरण अनुदान प्रदान गर्ने गरेको छ । नेपाल सरकारले आर्थिक, सामाजिक, भौतिक विकासमा समानता कायम गर्न आयोजना तथा कार्यक्रमहरू सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्ने कार्यको समेत सुरुवात भएको छ । यसका साथै स्थानीय तहको माग बमोजिम सहलगानीमा आयोजना सञ्चालन गर्न समपूरक अनुदान प्रदान गरिएको छ । राष्ट्रिय औसतभन्दा कम सामाजिक विकास भएका क्षेत्रमा आधारभूत सुविधा पुऱ्याउन खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा विशेष अनुदानको रुपमा समेत रकम प्राप्त हुने गरेको छ । यी चार प्रकारका अनुदानहरू स्थानीयतहको आयका प्रमुख स्रोतको रुपमा रहेका छन्

२।५।४ जनसहभागिता परिचालन

नेपालको संविधानले निर्दिष्ट गरेको एकल अधिकार तथा साझा अधिकारहरुको सिमामा रही विकास निमार्ण तथा सामाजिक विकासका लागि जनसहभागिता परिचालनको व्यवस्था गरिएको छ । सामाजिक शक्ति परिचालन गरी पालिकाको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्‍याउनेछ । साथै पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निवार्ह गर्नेछ ।

२।५।५ निजी र सहकारी क्षेत्रको श्रोत परिचालन

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । स्थानीय तह आर्थिक परिदृश्यमा समेत निजी र सहकारी क्षेत्रलाई आर्थिक विकासमा सँगसँगै लैजानुपर्ने अवस्था रहेको छ । सार्वजनिक क्षेत्रले स्थानीय तहको सामाजिक आर्थिक विकासमा नीति नियमको निर्माण गर्ने, नियमन गर्ने, निजी क्षेत्र र सहकारी क्षेत्र आकर्षित नभएको क्षेत्रमा लगानी केन्द्रित गर्ने, लगानीमैत्री वातावरणको सिर्जना गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्न सघाउने जस्ता भूमिका खेल्न आवश्यक देखिन्छ । निजी क्षेत्रले सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रले आंफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी स्थानीय तहमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ । स्थानीय तह अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष एकताबद्ध हुँदै सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

२।५।६ संघ सस्थाको श्रोत परिचालन

गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नेछन् । यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी सरकारको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्‍याउनेछ । साथै पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निवार्ह गर्नेछ ।

२।५।७ अन्यश्रोत परिचालन

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको सिमामा सही पालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, बन, वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक थप श्रोत परिचालनको व्यवस्था गरिनेछ । संघीय सरकार तथा प्रदेश सरकारसंगको सहकार्यमा समपूरक तथा विशेष अनुदानको लागि पहल गरिनेछ साथै अर्थमन्त्रालय बाट जारी गरिएको सहलगानी कार्यविधि २०७८ अनुरुप थप श्रोत परिचालनको व्यवस्था गरिनेछ ।

२।५।८ श्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

नेपालको संविधान कार्यान्वयनलाई प्रमुख आधार लिदैं यस योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्ने गरी श्रोत साधनको आंकलन तथा बाँडफाँट गरिएको छ । निजी र सहकारी क्षेत्र बीचको सहकार्य तथा परिपूरक भूमिका एवं संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिपूरकता ल्याउने गरी श्रोत अनुमान गरिएको छ । योजनाले निर्धारण गरेका रुपान्तरणका सम्वाहकका क्षेत्रमा आवश्यक श्रोत साधनको बाँडफाँट गरिएको छ । स्थानिय रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनीतिक हस्तक्षेप गरी लगानीको उच्चतम प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ । पालिकाको योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि, औद्योगिक उत्पादन, पूर्वाधार निर्माण जस्ता क्षेत्रमा लगानी केन्द्रित गरिएको छ । कृषि , उत्पादनमूलक क्षेत्र, साना तथा मझौला उद्योग र ग्रामीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिइएको छ । पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निमार्ण तथा सुशासन लाई थप सुदृढ बनाउने गरी सार्वजनिक,निजी तथा सहकारी र सामुदायिक क्षेत्रको श्रोत परिचानको अनुमान र सोको बाँडफाँट गरिएको छ ।

२।६ सार्वजानिक खर्च र राजश्व परिचालन निति

संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन करका क्षेत्रमा प्रदेश सरकार र स्थानीय तहको साझा अधिकार क्षेत्रमा राखेको छ । अप्रशोधित कृषि उपजको बिक्री आयमा लाग्ने करलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा समावेश गरेको छ । कर तथा गैरकरका आधार कमजोर रहेको, कर संकलन गर्ने आफ्नै संयन्त्र स्थापित भइ नसकेको अवस्थामा राजस्व संकलन गर्ने पद्धति विकास भइसकेको छैन । वैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व संकलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

२।६।१ सार्वजानिक खर्च निति

संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरेको सीमा भित्र रही पूजीगत तथा चालु खर्चहरुलाई व्यवस्थित गरिनेछ । साथै सार्वजनिक खरिद ऐनको नियम तथा सीमामा रही सार्वजनिक खर्चलाई चुस्त दुरुस्त राख्ने व्यवस्था गरिनेछ ।

२।६।२ राजश्व निति

- संघीय र प्रदेश तहहरुसँग समन्वय तथा सहकार्य गर्दै स्थानीय तहको प्रभावकारी राजस्व परिचालनमा जोड दिने ।
- कर प्रणालीमा संस्थागत र संरचानागत रुपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने ।
- नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा राजस्व संकलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानूनी व्यवस्था गरिनेछ ।
- राजस्व संकलन प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति विकासमा जोड दिइनेछ ।
- नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरिनेछ ।

२।७ निजी क्षेत्रको श्रोत परिचालन निति

नीजी क्षेत्रले समग्र विकास प्रकियामा अहम् भूमिका निर्वाह गर्नेछ । सरकारको विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देह्य हासिल गर्न लगानी मैत्री वातावरण अभिबृद्धि गरी स्थानीय तहको आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुनेछ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै सार्वजनिक निजी साझेदारीको अवधारण अनुरुप जोखिमको न्यायोचित बाँडफाँड गरी विकास निमार्ण कार्य सञ्चालन गर्नेछ । कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी लगनी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारको सहकार्यमा लगानी मैत्री नीति, कानून र संस्थागत प्रबन्ध गर्ने तथा आर्थिक विकास र समृद्धिको संवाहकको रूपमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।

२।८ सहकारी क्षेत्रको श्रोत परिचालन निति

स्थानीय विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न स्थानीय आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने यस क्षेत्रको भूमिका हुनेछ । यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय श्रोत साधन, श्रम, सीप र पूजीलाई व्यापक रुपमा परिचालन गरी रोजगारी तथा आय बृद्धि र गरिबी निवारण गर्न सहयोग पुर्‍याउनेछ । पुँजी बजारको विकास र विस्तार गरी सानो सानो बचतलाई पनि उत्पादन तथा पुँजी निर्माणका क्षेत्रमा परिचालन गर्ने वातावरणको सिर्जना गर्ने , सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने तथा सहकारी क्षेत्रको लगानीलाई प्रतिस्पर्धा भन्दा परिपूरकको रूपमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।

२।९ जनसहभागिता परिचालन निति

स्थानीय तहको विकास निमार्ण तथा सामाजिक विकासका लागि जनसहभागिता परिचालनको व्यवस्थाको वातावरण सिर्जना गरिनेछ । नागरिक समाजको क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणको लागि लगानीको व्यवस्था गरिनेछ । नागरिक समाजलाई पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन गराउन उत्प्रेरित गरिनेछ । स्थानीय तहको विकासको कार्यमा जनसहभागिताको लागि उत्प्रेरणा तथा विकास कार्यप्रति अपनत्व गराइनेछ ।

२।१० संघ संस्थाको श्रोत परिचालन निति

गैरसरकारी संस्थाले सामाजिक शक्ति परिचालन गरी सरकारको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्‍याउनका लागि सहज वातावरण तयार गरिनेछ । संघसंस्थाहरुलाई पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायमका लागि उत्प्रेरित गरिनेछ ।

२।११ अतिरिक्तश्रोत परिचालन निति

आवधिक योजनाको लक्ष्य तथा उद्देश्य अनुरुप सामाजिक तथा आर्थिक पक्षका लागि आवश्यक श्रोतको अनुमान मध्यमकालिन खर्च संचरना तयार गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण तथा शसर्त अनुदान बाहेक विशेष तथा समपुरक अनुदानका लागि परियोजना बैंकहरु तयार गरिनेछ । उक्त अनुदानको अतिरिक्त सहलगानी कार्यविधि अनुरुप परियोजना बैकहरुलाई पेश गरिनेछ । निजी संस्थाहरुलाई सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility)प्रति उत्प्रेरित गरिनेछ ।

परिच्छेद–तीन

३ आर्थिक क्षेत्र विकास

३।१ पृष्ठभुमि

नेपालको संविधानले मौलिक हकका रुपमा सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यकता छ । यसलाई मध्यनजर गरी यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र अर्थात उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रूपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन आर्थिक विकास क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौतिको पृष्ठभूमिमा आवधिक विकासको प्रभाव तहको लक्ष्य, बिषय क्षेत्रगत असर तहको उद्देश्य, लक्ष्य परिमाण तथा सो को प्राप्तीका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू देहायअनुसार प्रस्तुत गरिएको छ ।

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
वार्षिक खाद्यान्न उत्पादन (धान, मकै, गहुँ, कोदो, जौ, फापर)	मे.टन	२३०	२४०	२५०	२६०	वर्षिक प्रगति विवरण	
खाद्यान्नको वार्षिक विक्री	मे.टन	५७.५	५७.५	६०	६५	”	
प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन	केजी	१०	११	१२	१३	”	
व्यवसायिक एवं आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग	हेक्टर	२४००	२४४०	२४७०	२५००	”	
कृषि उपजहरुको बार्षिक उत्पादन	रु.	३० करोड	३३ करोड	३७ करोड	४० करोड	”	
कृषि पेशामा संलग्न जनसंख्या	प्रतिशत	६८.३२	६५	६२.५	६०	”	
उच्च स्तरको नगदे र वेमौसमी वालीको वार्षिक उत्पादन	मे.टन	१२००	१२५०	१३००	१३५०	”	
उच्च स्तरको नगदे र वेमौसमी वालीको वार्षिक विक्री	रु.	३० करोड	३३ करोड	३७ करोड	४० करोड	”	
गैरकृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर जनसंख्या	प्रतिशत	१९.५	२०	२०.५	२१	”	
वित्तीय संस्थाहरुको उद्योग, व्यापार व्यवसायमा कर्जा प्रवाह	रु.	९० करोड	१०० करोड	१०५ करोड	११० करोड	”	
कृषि क्षेत्रमा वित्तीय संस्थाहरुको कर्जा प्रवाह	रु.	२४.४५ करोड	३७ करोड	३९ करोड	४० करोड	”	
उत्पादन र बजारीकरण तथा सहकारीमा आवद्ध सदस्य	संख्या	३८५०	३९००	३९५०	४०००	”	
उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी	रु.	२ करोड	३ करोड	४ करोड	५ करोड	”	
औपचारिक र अनौपचारिक क्षेत्रहरुमा कार्यरतको दैनिक ज्याला दर	रु.	८००	८५०	९००	९५०	”	

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
औपचारिक र अनौपचारिक क्षेत्रका उद्योग, व्यापार व्यवसायवाट रोजगारीता श्रृजना	संख्या	१५००	१८००	२२००	२५००	"	
विकसित प्रमुख वजार क्षेत्रहरु(एक वसोवास क्षेत्र, सडक यातायात सहितको भौतिक पूर्वाधार, आर्थिक कारोवार र वस्तु वा सेवाको खरिद विक्रीका लागि क्रेता, उपभोक्ताहरुको नियमित उपस्थिति)	संख्या	१२	१३	१४	१५	बार्षिक प्रगति विवरण	

३।२ कृषि भुमिको व्यवस्था

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर फाँटले भरिएको हुँदा कृषि कार्यका लागि ६८.२८ प्रतिशत जनसंख्या आश्रित छन् । पालिकामा आबद्ध भएका कृषि समुह ८७, कृषि सहकारी ८ वटा, कृषि फर्म ४० वटा रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य खाद्यान्न बाली (धान, मकै, कोदो, फापर), नगदे बाली (अदुवा, बेसार, खुर्सानी), मौषमी तथा वेमौषमी तरकारी बाली (काउली ,बन्दा, मुला, धनिया ,अकबरे खुर्सानी, काँक्रो, मुला, टमाटर), फलफूल बाली (किबि, सुन्तला, ओखर, आरुबखडा, एभोकाडो, कागति) को उत्पादन हुने गरेको छ । साथै प्राङ्गारिक खेतिको सुरुवात गरिएको छ । केहि स्थानमा कृषिमा यान्त्रिकीकरण मिनिटेलर, ब्रस कटर, मकै छोडाउने मेसिन जस्ता कृषि यन्त्र प्रयोगमा ल्याई कृषि विकास तर्फ उन्मुख रहेको छ ।

३।३ कृषिविकास

क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त बनाउने लक्ष्य लिएको सन्दर्भमा संघिय सरकारले बि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ ।

स्थानीय कृषकहरु निर्वाहमुखि कृषि प्रणालीबाट व्यवसायिक कृषि खेतितर्फ अग्रसर भएको तथा कृषिमा विविधिकरण भएको, पालिकाले कृषि पेशा अपनाउनेलाई ७० प्रतिशत अनुदानको व्यवस्था गरेको, उच्च भेगमा वर्षातको पानि संकलन गर्ने व्यवस्था गरिएको छ । तरकारी जन्य उत्पादन (काउली, बन्दा,आलु) साथै अमिलो जातको फलफुल (लप्सी, सुन्तला , अम्वा, नास्पाति) पर्याप्त उत्पादन गर्न सकिनेछ ।

ख) समस्या तथा चुनौति

यस गाउँपालिकामा कृषि क्षेत्रमा उपलब्ध विशिष्ट संभावनाको बाबजुद अधिकांश कृषकहरूमा व्यवसायिक कृषि सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी छ । परिणाम स्वरूप उत्पादित बालीको सरंक्षण र भण्डारण, उत्पादकत्व वृद्धिका लागि मलखाद र विषादीको प्रयोग जस्ता कामलाई व्यवस्थित र प्रभावकारी बनाउन सकेको छैन । भू–उपयोग नीतिको अभावमा आवासीय भूमी र कृषि भूमीको वर्गिकरण हुन सकेको छैन जसका कारण कृषि योग्य जमीनको खण्डीकरण र कृषि भूमि संकुचन भई यान्त्रिकीकरणमा अवरोध सृजना भएको छ । पालिकामा कृषि समुहहरु भएता पनि कम सक्रिय हुनु, कृषि संकलन केन्द्रको उपयोगितामा कमि आउनु, शित भण्डार भए पनि कम क्षमताको हुनु जस्ता समस्याहरु रहेका छन् । यस क्षेत्रमा विभिन्न समयमा बालिमा लाग्ने रोग तथा किराहरुको प्रकोप समस्याको रुपमा रहेको छ ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको उन्नत प्रजातिका बीउ बिजन उपलव्ध हुन सकेको छैन भने विरूवा उत्पादनका लागि नर्सरी नहुँदा कृषकहरूको माग र आवश्यकता अनुसारको विरूवा उपलव्ध हुन

सकेका छैन । रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा अनुबांशिक र कम गुणस्तरको बीउविजन प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ ।

ग) दिर्घकालिन सोच

खाद्य सुरक्षाको प्रत्यभूति तथा कृषिमा आत्मनिर्भर ।

घ) लक्ष्य

कृषिको व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा बृद्धि गरि निर्यात बढाउने ।

ङ) उद्देश्य

कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी आर्थिक सम्वृद्धी आधार तयार गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
कृषि उत्पादनमा संलग्न कृषक	संख्या	६२९३	६०००	५७००	५२००	प्रोफाईल, बार्षिक प्रतिवेदन	
सुचारु सामुदायिक खेती/करार खेतीले ओगटेको भूमि	रोपनी	५००	६००	७००	८००	”	
अगुवा वा व्यवसायिक कृषक	संख्या	१५०	२००	२५०	३००	”	
सक्रिय व्यवसायिक कृषक समूह	संख्या	८७	९३	९७	१००	”	
विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक	संख्या	२००	३००	४००	५००	”	
स्थानीय व्यवसायिक कृषि फार्म	संख्या	४०	१००	१५०	२००	”	
कम्पोष्ट र जैविक मल उत्पादन	मे.टन	१८००	२३००	२७००	३०००	”	
व्यवसायिक कृषि नर्सरी	संख्या	०	५	७	१०	”	
व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता	संख्या	९००	१४००	१८००	२०००	”	
कृषि सहकारी संस्था	संख्या	८	८	९	१०	”	
कृषि सहकारीमा आवद्ध कृषक	संख्या	३०००	३१००	३२००	३४००	”	
कोल्ड स्टोर तथा रष्टिक स्टोर क्षमता	मे.टन	१८ (२वटा)	०	३	४	”	
उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक	संख्या	५०००	५३००	५६००	६०००	”	
कृषि वीमा सेवावाट लाभान्वित कृषक	संख्या	०	१००	१५०	२००	”	
आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु (आधुनिक औजारहरु: पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि)		३७७५	३९००	४०००	४१००	”	
कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक	संख्या	४०००	४२००	४३००	४४००	”	
वित्तीय संस्थाहरुवाट परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह रकम	रु.	४ करोड	६ करोड	८ करोड	१० करोड	”	
सञ्चालनमा रहेको कृषिवजार, हाटवजार तथा कृषि थोकवजार	संख्या	३	४	५	६	”	

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
कृषि सूचना तथा वजार मूल्य जानकारी का लागि वनाइएको मोवाइल एप्सवाट लाभान्वित कृषिक	संख्या	५०	१००	१५०	२००	"	
सञ्चालनमा रहेको कृषि व्लक, पकेट, जोन, सुपरजोन	संख्या	५	६	७	८	"	
कृषि उपजहरु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि	घण्टा	२	१.५	१.५	१.५	"	
तरकारी व्यवसायिक उत्पादन क्षेत्र	हेक्टर	२४००	२४४०	२४७०	२५००	"	
तरकारी उत्पादन	मे.टन	१२०	१२५	१३०	१३५	"	
तरकारी उत्पादन विक्री	रु.	३० करोड	३३ करोड	३७ करोड	४० करोड	"	
फलफुल उत्पादन	मे.टन	३	५	७.५	१०	"	
फलफुल उत्पादन विक्री	रु.	१५ लाख	२५ लाख	३५ लाख	५० लाख	"	
आलु खेतीले ओगटेको भूभाग	हेक्टर	१०	१५	२०	२५	"	
आलु खेतीवाट वार्षिक उत्पादन	मे.टन	२०	२५	३०	३५	"	
आलुको वार्षिक विक्री	रु.	४० लाख	५० लाख	६० लाख	७० लाख	"	

छ) रणनीति तथा कार्यनीति

यस योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताको आधारमा देहाय अनुसारको रणनीति तथा कार्यनीति अवलम्वन गरिने छ ।

रणनीति	कार्यनीति
▪ भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि प्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने	▪ कृषक पहिचान तथा वर्गीकरण कार्यविधि परिमार्जन गरी कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवालाई उत्पादन लक्षित गरिनेछ ▪ कृषि तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ▪ वैदेशिक रोजगारबाट फर्केका युवाहरूको सीप, योग्यता र बित्तीय क्षमताको अधिकतम परिचालन गरी कृषि तथा गैर कृषिमा आधारित साना तथा लघु उद्यम विकास तथा रोजगारी सृजना गरिनेछ । ▪ गरिवी न्युनिकरण गर्न खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने नीतिगत व्यवस्था गरी सामुहिक खेती तथा कवुलियती खेती (लिजहोल्ड फार्मिङ्ग) प्रर्वद्धन गरिनेछ । ▪ अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासको लागि अर्ग्यानिक फर्म स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ । ▪ कृषि उत्पादकत्व र उत्पादन वृद्धिका लागि स्थानीय हावापानी, जलवायु अनुकुलन हुने प्रकृतिको वोट विरूवाको नर्सरी फार्म हाउसको स्थापना, कृषिको व्यवसायिकरण र यान्त्रिकरणलाई प्रोत्साहन र प्रर्वद्धन गरिनेछ ।
पहाडका खेतीयोग्य टारहरूमा सिंचाइको सुविधा	▪ पहाडका टारहरूलाई उपयुक्त हुने बालीहरूको

उपलब्ध गराउने	अनुसन्धान, पहिचान गरी धानको पकेट क्षेत्रका रुपमा विकास गरिनेछ । ▪ सिंचाइको सुविधा कम भएको र सतह सिंचाइ कम हुने स्थानमा नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गरिनेछ । ▪ कृषि उत्पादन सामग्रीको सहज पहुँच तथा कृषि उपजको सहज निकासीको लागि टारहरूलाई कृषि सडकले जोडिनेछ ।
▪ तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने ।	▪ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ । ▪ सहुलियतपूर्ण कृषि ऋण, कृषि बीमालाई तुलनात्मक लाभ हुने बाली वस्तुहरूको लागि ▪ प्राथमिकता दिईनेछ । ▪ स्थानीय रूपमा संभाव्य गैरकृषि उत्पादनहरू जस्ता उच्च मूल्य वस्तुको उत्पादनमा वृद्धि, उत्पादित वस्तुलाई मूल्य श्रृखला विकास गरी आय वृद्धि गरिनेछ । ▪ स्थानीय उत्पादनको व्यवस्थित भण्डारण, संचय, गुणस्तर वृद्धि सहित व्यवसायिकिकरणका लागि कृषि उत्पादन संकलन केन्द्रको स्थापना र उत्पादित वस्तुको मूल्य श्रृंखला वृद्धिको लागि प्रशोधन उधोगको स्थापना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार लगानी प्रर्वद्धन गर्ने तथा अनुदान कार्यक्रम मार्फत प्रोत्सान गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- कृषि पूर्वाधार निर्माण (हाट बजार स्थापना, बिक्रि केन्द्र, कृषि उपज संकलन केन्द्र, गोदाम घर) ।
- कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।
- कृषिमा ब्यवसायिक तथा यान्त्रिकिरण विशेष कार्यक्रम ।
- प्राङ्गारिक खेति बिस्तार (भकारो सुधार, गड्यौलि मल उत्पादन) ।
- कृषि प्राविधिक शिक्षा कार्यक्रम (शिक्षक, प्रयोगशाला व्यवस्थापन आदि) ।
- उच्च मुल्यकाकृषि उपज प्रबर्द्धन तथा मुल्य श्रृखला बिकास (अलैचि, चिया, ओखर, स्टोबरी) ।
- कृषिमा आधारित सीपमूलक तथा रोजगारीमूलक तालिम ।
- च्याउ खेति (कन्ये, सिताके) प्रबर्द्धन कार्य ।
- कृषि पकेट क्षेत्र बिस्तार ।
- फुल खेति (सयपत्रि, मखमलि) प्रबर्द्धन ।
- सामुहिक खेति, करार खेति प्रबर्द्धन ।
- शित भण्डार, रष्टिक स्टोर निमार्ण

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा प्राविधिक शिक्षार्थी बृद्धिमा भएको हुनेछ, कृषि पकेट क्षेत्र ५ बाट ८ बिस्तार भएको हुनेछ, बेमौसमि तरकारी खेति तथा फलफुलको उत्पादनमा २५ प्रतिशतले बृद्धि भएको हुनेछ ।

३।४ पशुपन्छी विकास

क) संभावना, अवसर र विद्यमान अवस्था

इन्द्रसरोवर गाउँपालिका पशुपंछी पालन क्षेत्रमा २६ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । पशु व्यवस्थापन तालिम लिएका व्यक्ति १८० जना छन भने वार्षिक करिब ३ लाख लिटर दुध उत्पादन हुने गरेको छ । त्यसैगरी ८७ वटा व्यवसायिक फर्महरू संचालनमा रहेको छन् । भेटनरी औषद्यालय ३ वटा, दुध संकलन केन्द्र १, दुध चिस्यान केन्द्र १ वटा र पाच वटै वडामा पशु उपचार केन्द्र रहेको छ ।

दुध र दुधजन्य उत्पादन र विक्रीका लागि व्यवसायिक पशुपालन, मासुका लागि बाखापालनको ठूलो सम्भावना देखिन्छ । प्रयाप्त जंगल क्षेत्र रहेकाले व्यवसायिक मौरीपालनको सम्भावन रहेको छ । पशु विकासका लागि प्रर्याप्त चरण क्षेत्र विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको भए तापनि उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

ख) समस्या तथा चुनौति

उत्पादकत्व वृद्धिका लागि उन्नत जातका नश्लसुधार, व्यवसायिक र बिबिधिकरण सहित प्रतिस्पर्धात्मक बजारको विकास हुन नसक्नु, प्रविधि तथा आधारभूत प्राविधिक सेवा, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझैपनि चुनौतिको रूपमा रहिरहेको छ । यसै गरी सामुदायिक दाना उद्योगको अभावमा अन्यत्रबाट आयात गर्दा हुन सक्ने मूल्यवृद्धि, बनका कारण चरण क्षेत्रमा समस्या, दुग्ध संकलन र ढुवानीको समस्या, पशु वधशाला, पशु बिमा सम्बन्धी चेतनाको कमी, घाँसको कमी, प्राविधिक जनशक्तिको कमी र पशुमा लाग्ने रोग जस्ता पक्ष पनि थप समस्याको रूपमा रहेको छ ।

ग) दिर्घकालिन सोचँ

पशुपन्छीक्षेत्रको विकास मार्फत आर्थिक समृद्ध सहयोग गर्ने ।

घ) लक्ष्य

पशुपन्छी व्यवसायलाई व्यवसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी आत्मनिर्भर गर्ने ।

ङ) उद्देश्य

पशुपन्छी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरपरिवार	संख्या	४४३८	४५००	४७५०	५०००	प्रोफाईल, बार्षिक प्रतिवेदन	
सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म	संख्या	८७	१००	१२५	१५०	"	
भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र	रोपनी	८८७६	९०००	९५००	१००००	"	
सक्रिय पशुपंक्षीजन्य समूह	संख्या	८७	१००	१२५	१५०	"	
व्यवस्थित चरन क्षेत्र	संख्या	१	२	३	५	"	
नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र	संख्या	०	१	३	५	"	
क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता	संख्या	४	६	८	१०	"	

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
पशुपंक्षी पालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने कृषक	प्रतिशत	६०	६५	७५	८०	"	
सुचारु कृत्रिम गर्भाधान केन्द्र	संख्या	५	७	९	१०	"	
दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र	संख्या	३	६	८	१०	"	
पशुपंक्षीजन्यवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता	संख्या	२४९५	२६००	२८००	३०००	"	
दुध तथा दुधजन्य उत्पादन	मे.टन	२००	३००	४००	५००	"	
दुध तथा दुधजन्य उत्पादनको वार्षिक विकी	रु.	१८००००	२५००००	३५००००	५०००००	"	
सुंगुर वङगुरको मासु वार्षिक उत्पादन	मे.टन	२४००	३०००	४५००	५०००	"	
सुंगुर वङ्गुरको मासु वार्षिक विकी	रु.	९६००००	१२०००००	१३५००००	१५०००००	"	
कुखुराको अण्डा बार्षिक उत्पादन	संख्या	२५६९०	३००००	३५०००	४००००	"	
कुखुराको अण्डा बार्षिक विकी	रु.	३३३९७०	४०००००	५०००००	६०००००	"	

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
▪ पशुपंक्षीजन्य तथा मत्स्यजन्य उत्पादनमा वृद्धिगरि व्यावसायीकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने	▪ पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन देखि बजारीकरणसम्मको मूल्य श्रृङ्खलाका हरेक विन्दुहरूमा पशु कल्याणका आधारभूत अवधारणा अवलम्बन गरिनेछ । ▪ व्यवसायिक पशुपालनका लागि आवश्यक घांसको नियमित आपूर्ति तथा चरण क्षेत्रका लागि सामुदायिक वन उपभोक्ता समुहहरूसंगको सहकार्य प्रर्वद्धनगरिनेछ । ▪ दुध संकलन, दुवानी व्यवस्था एवंम प्रशोधन उधोग स्थापना गर्न सहकारी मार्फत सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पुँजी परिचालन वातावरण बनाइने छ । ▪ स्वस्थ्य मासु उत्पादन र उपभोग प्रर्वद्धनका लागि सरकारी र निजी क्षेत्रको सहकार्यमा मासु जांच प्रणाली व्यवस्थित गरी बधशाला मार्फत स्वच्छ र गुणस्तरीय मासु उपभोगमा सहजिकरण गरिनेछ ।
▪ पशुपंक्षी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको रुपमा विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।	▪ पशुपंक्षी पालनमा बढ्दो युवा तथा महिला सहभागितालाई दृष्टिगत गर्दै साना तथा व्यावसायिक युवा तथा महिलामुखी तालिम तथा स्वरोजगारमूलक कार्यक्रमसञ्चालनमा ल्याइनेछ ।

ज) प्रमुख कार्यक्रम

- पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम ।
- पशुपंक्षी पकेटतथा बृहत पशु विकास कार्यक्रम ।
- पशु स्वास्थ्य तथा विमा कार्यक्रम ।
- व्यवसायिक पन्छीपालनको तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम ।
- दुग्ध चिस्यान तथा संकलन केन्द्र बिस्तार ।
- मासु पसल सुधार तथा पशु बधशाला स्थापना ।
- खोर सुधार तथा गोठ सुधार कार्यक्रम ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा व्यवसायिक पशुपंक्षिजन्य फर्मको सख्यामा ७२ प्रतिशतले बृद्धि भएको हुनेछ । नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र ५ वटा स्थापना भएको हुनेछ । दुध तथा दुधजन्य उत्पादनमा १५० प्रतिशतले बृद्धि भएको हुनेछ ।

३।५ माछा तथा मौरी पालन

रानी ईन्द्रराज्य लक्ष्मी देवी शाहको सम्झनामा मानव निर्मित नेपालकै एक मात्र ईन्द्रसरोवर ताल २०३४ सालमा निर्माण सुरु गरि २०३८ सालमा सम्पन्न भएको थियो । राजा विरेन्द्र विक्रम शाह देव र प्रधानमन्त्री किर्तिनिधी विष्टको पालामा निर्माण भएको यस तालले आफ्नो बेग्लै इतिहास, पहिचान र महत्व बोकेको छ । उक्त तालइन्द्रसरोवर गाउँपालिकाको वडा न. १ र २ अवस्थित रहेको छ । उक्त सरोवरको लम्वाई ७ किलो मिटर र चौडाई २.२ कि.मि रहेको छ । उक्त तालमा केजमा तथा खुला रुपमा माछापालन पालन समेत गरीएको छ । साथै वन क्षेत्र तथा मौसमी फुल उत्पादन हुने भएकोले मौरीपालन समेत गरेको पाईन्छ ।

क) संभावना, अवसर र विद्यमान अवस्था

इन्द्रसरोवर गाउँपालिका अन्तर्गत रहेको इन्द्रसरोवर तालमा ब्यवसायीक रुपमा ६८५ जनाको सहभागीतामा इन्द्रसरोवर मत्सय व्यवसाही संघ रहेको छ । उक्त सघं मार्फत विभिन्न जातका (सिलभर, बिहेड, कमलकार्प, रहु, नैनी तथा अन्य) माछा पालन गरीएको छ । ४०० केज तथा खुला क्षेत्रमा भई बार्षिकमा लगभग ७० मेट्रिक टन माछा उत्पादन हुदै आएको छ । उक्त क्षेत्रमा माछाको लागि आन्तरीक पर्यटकहरु समेत आउने गरेका छन् । यस गाउँपालिकामा मौरी पालनको सभावना रहेको छ । हाल यस क्षेत्रमा केहि समुहले मौरी पालन गरी बार्षिक रुपमा ३०० केजि उत्पादन गर्दै रहेको छ ।

ख) समस्या तथा चुनौति

यस क्षेत्रमा उत्पादन हुने माछाको ब्यवस्थीत बजारीकरण तथा माग अनुसारको उत्पादन गर्न सकिएको अवस्था रहेको छैन । उत्पादकत्व वृद्धिका लागि केज, व्यवसायिक र बिबिधिकरण सहित प्रतिस्पर्धात्मक बजारको विकास हुन नसक्नु, प्रविधि तथा आधारभूत प्राविधिक सेवा, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझैपनि चुनौतिको रूपमा रहिरहेको छ ।

ग) उद्देश्य

माछा तथा मौरी व्यवसायलाई व्यवसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी आत्मनिर्भर गर्ने

घ) सूचक तथा लक्ष्य परिमाण

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
माछा उतपादन बार्षिक	मे.ट	७०	८०	९०	१००	प्रोफाईल, बार्षिक प्रतिवेदन	
माछाको बार्षिक बिक्री	रु	२४५ लाख	२८० लाख	३१५ लाख	३५० लाख	”	
मौरी घार उत्पादन संख्या	संख्या	६०	७०	८०	१००	”	
मह बार्षिक बिक्री	रु	३ लाख	३.५ लाख	४ लाख	५ लाख	”	

ङ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• व्यवसायिकमाछा तथा मौरी उत्पादनमा बृद्धि गर्ने ।	▪ संगठीत समुहको क्षमता अभिबृद्धि गरीने छ । ▪ माछा तथा मौरी पालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तयार गरीने छ । ▪ माछापालनको भुरा सम्बन्धी क्षमता अभिबृद्धि कार्य गरीने छ । ▪ माछा तथा मौरीको उत्पादन बृद्धिका लागि क्षमता अभिबृद्धि तालिम प्रदान गरिने छ । ▪ उत्पादित वा संकलित बस्तुको बजारिकरण तथा संकलिन केन्द्रको विकास गरिने छ । ▪ पुष्प खेतिको उत्पादन बृद्धिका लागि क्षमता अभिबृद्धि तथा बीउ विजन सहयोग गरिने छ । ▪
• केजको सख्यामा बृद्धि तथा भुराको संख्यामा बृद्धि गर्ने	▪ केजको लागि आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गरीने छ । ▪ क्षमता अनुसारको केज तथा खुला रुपमा माछाको भुराहरुको व्यवस्थापन गरीने छ । ▪ माछाको भुराउत्पादन सम्बन्धी क्षमता अभिबृद्धि कार्य गरीने छ । ▪

च) प्रमुख कार्यक्रम

- माछा तथा मौरी आहार प्रर्वद्धन कार्यक्रम ।
- बृहत माछा विकास कार्यक्रम ।
- तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम ।
- व्यवसायिक मत्स्य विकास कार्यक्रम ।
- पुष्प खेति प्रर्वद्धन तथा घार वितरण कार्यक्रम
- माछाको विक्री तथा प्याकेजीग प्रवैद्धन कार्यक्रम

छ) अपेक्षित उपल्बधी

पालिकाको योजना अवधि भरमा माछा उत्पादनमा आत्म निर्भर भई निर्यातमा बृद्धि भएको हुने छ । उत्पादित माछा खानको लागि पर्यटनको सख्यामा बृद्धि भएको हुने छ ।

३।६ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न रोजगारीको हकको व्यवस्था गरेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस गाउँपालिकाबाट वैदेशिक रोजगारीमा जानेको संख्या ५७२ रहेको छ ।

क) संभावना, अवसर र विद्यमान अवस्था

यस आधारमा यस गाउँपालिकाबाट युवा पलायनको अवस्था त्यत्ति गम्भिर भै नसकेको र युवाहरू देशकै अन्य क्षेत्रमा गई बिभिन्न रोजगारीमा रहेको अवस्था देखिएको छ । उपयुक्त जीवनपयोगी सीपको विकास गरी युवा वर्गलाई कृषि तथा गैरकृषि क्षेत्रमा आकर्षित गर्न सकिने संभावन देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, सीप तथा अनुभवलाई आफ्नो थातथलोमा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न सकेको खण्डमा स्थानीय आर्थिक विकासमा योगदान पुग्नका साथै रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ । यस

गाउँपालिकाले सुरू गरेको प्राविधिक बिद्यालयबाट युवाहरूलाई जीवनपयोगी सीप प्रदान गरी उद्यमी बनाउन सकिने पर्याप्त संभावना वढेको छ ।

ख) समस्या र चुनौती

युवाहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय रूपमा जनशक्तिको कमी, पारिवारिक समस्या र परनिर्भरता बढी रहेको छ। युवाहरू पलायन हुंदा स्थानीय उत्पादन र उत्पादकत्व क्रमशः ह्रास हुदै गएको अवस्था नै गाउँपालिकाको लागि प्रमुख चुनौति रहेको छ । यसै गरी गाउँमा गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सुविधाको अभाव, निर्वाहमुखी उत्पादन प्रणाली, श्रमप्रतिको सम्मानको अभाव, स्थानीय सीप र श्रोतको महत्व वारेमा प्रचार प्रसार हुन नसक्नु जस्ता समस्याहरू नै सुरक्षित आप्रवासन क्षेत्रको प्रमुख चुनौति रहेको छ ।

ग) दिर्घकालिन सोचँ

बैदेशिक रोजगार व्यवस्थित र सम्मानित ।

घ) लक्ष्य

वैदेशिक रोजगारमा संलग्न जनशक्ति तथा तिनका परिवारहरूको वैदेशिक रोजगारीबाट आर्थिक लाभ वृद्धि भई विकासमा टेवा पुग्ने ।

ङ) उद्देश्य

बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।

च) सूचक तथा लक्ष्य परिमाणः

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
वैदेशिक रोजगारीमा जानेको संख्या	संख्या	५७२	५००	४००	३००	प्रोफाईल	
सीपमूलक तालिम सहित विदेश जाने	संख्या	५७	४०	१००	१५०	प्रोफाईल	
सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह	संख्या	५७	१५७	३००	५००	प्रोफाईल	
विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन	प्रतिशत	३.४	२०	४०	७५	प्रोफाईल	
वैदेशिक रोजगारका लागि तालिम प्रदान गर्ने संस्था	संख्या	०	१	१	१	प्रोफाईल	
वैदेशिक रोजगारबाट फर्केर व्यवसाय गर्ने	संख्या	२०	३०	५७	१००	प्रोफाईल	
विप्रेषण प्राप्त गर्ने घरधुरी	संख्या	५७२	५००	४००	३००	प्रोफाईल	

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने ।	▪ वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ । ▪ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

	▪ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउँन प्रोत्साहन गरिनेछ । ▪ वैदेशिक रोजारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तथा तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदान गरिनेछ ।

ज)प्रमुख कार्यक्रम

- सुरक्षित आप्रवासन सचेतना कार्यक्रम ।
- सुरक्षित बैदेशिक रोजगारिका लागि सुचना प्रवाह केन्द्र सञ्चालन ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि व्यवसाय प्रबर्द्धन कार्य ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमावैदेशिक रोजगारीमा जानेको संख्यामा ४७ प्रतिशतले कमी हुनेछ । विप्रेषणलाई आयमूलक क्षेत्रमा ७५ प्रतिशत परिचालन भएको हुनेछ ।

३।७ उद्योग, व्यापार व्यवसाय

क) संभावना, अवसर र विद्यमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा कृषि पेशाका अलावा व्यापार, सेवामूलक व्यवसाय, नोकरी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट लगायतका व्यवसाय संचालन भइरहेका छन् । किराना थोक, खुद्रा बजार, मासुपसल, खाजाघर, होटल, सिलाई बुनाई, फेन्सी पसल, राइस मिल, मेटल वर्कसप, फार्मेसी, फर्निचर लगायतका व्यवसाय संचालनमा रहेका छन् । हालसम्म ५०० वटा भन्दा बढि व्यापार व्यवसाय तथा ४० वटा लघु उद्योगहरू संचालन भएका छन्।

यस गाउँपालिकामा स्थानीय उत्पादनमा आधारित साना तथा मझौला कृषि प्रशोधन उद्योग व्यवसायको सम्भावना राम्रो देखिन्छ । स्थानीय स्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित साना उद्यम, लघु तथा साना उद्योगहरूको संचालन गर्न सकिने संभावना देखिन्छ । कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योगको संभावना देखिन्छ । व्यापारिक केन्द्र आसपास स्थानीय सीपमा आधारित साना उद्यम व्यवसाय प्रर्वद्धन गरी रोजगारीका अवसरहरू सृजना गर्न सकिने सम्भावना रहेको छ ।

ख) समस्या तथा चुनौति

उद्योग तथा व्यवसाय प्रर्वद्धन तर्फ स्पष्ट नीतिको अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभावमा दक्ष जनशक्ति तथा प्राविधिक ज्ञान तथा सिपको कमी, स्थानीय सीपको प्रर्वद्धन गरी उद्यममा लगानी प्रर्वद्धन गर्न नसक्नु, बजार सञ्जाल विस्तार हुन नसक्नु, निजि तथा सहकारी क्षेत्रलाई उद्योग तथा व्यवसायमा लगानीको वातावरण निर्माण गर्न नसक्नु, उद्योग स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको कमी, उद्यमशिलता तथा व्यवसायिक ज्ञानको कमी, इन्धन तथा उर्जाको सहज सुविधाको कमी, आवश्यक पर्ने कच्चा पदार्थको अभाव जस्ता समस्या र चुनौति देखिन्छ ।

ग) दिर्घकालिन सोच

उद्योग तथा व्यवसाय क्षेत्रको विकास, दिगो अर्थतन्त्र निर्माणको आधार।

घ) लक्ष्य

उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान गर्ने ।

ङ) उद्देश्य

उद्योग धन्दाको स्थापना र व्यवसायको प्रर्वद्धन मार्फत उत्पादन र रोजगारी सृजना गरी आर्थिक बृद्धि गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
चालु लघु घरेलु उद्योग	संख्या	४०	५०	६५	७०		
चालु मझौला उद्योग	संख्या	४	६	१०	१२		
सुचारु व्यापार व्यवसाय	संख्या						
सुचारु व्यपार व्यवसाय	संख्या	४४८	४८०	५५०	६००		
स्थानीय सीप प्रविधि आधारित उद्योग	संख्या	०	१	२	३		
वनस्पति जन्य आधारित उद्योग व्यवसाय	संख्या	१	१	२	३		
जडिबुटी मा आधारित उद्योग व्यवसाय	संख्या	०	१	१	१		
स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय	संख्या	०	१	३	५		
महिलाद्धारा संचालित उद्योग व्यवसायहरु	संख्या	१५	२०	४०	५०		

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• स्थानीय स्रोत साधनमा आधारित थोरै पुँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योग तथा व्यवसायको स्थापना, संरक्षण र संवर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जनागर्ने ।	▪ स्थानीय व्यापार, बस्तुको माग, आपूर्ति तथा अनुगमन तथा उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने व्यवस्था मिलाइनेछ । ▪ घरेलु तथा साना उद्योग दर्ता, संचालन, नियमनको व्यवस्थालाई प्रभावकारी वनाउन एकद्धार प्रणाली कार्यान्वयन गरिनेछ । ▪ निजि क्षेत्र, सहकारी, सरकारी निकायहरूको बीचमा आपसी समन्वय र सहकार्यमा उद्योग व्यवसाय विकास तथा प्रवधर्द्धनका नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । ▪ महिला तथा पिछडीएका वर्ग, बेरोजगार युवाहरूको सीप, व्यवसायिक क्षमता र उद्यमशिलताको बिकास गरी आत्मनिर्भर इन्द्रसरोवर निर्माण बनाइनेछ । ▪ स्थानीय सीपलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरू संचालनमा ल्याइनेछ ।
घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने	▪ स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरी घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- गैरवन पैदावर उद्योग संचालन सहयोग कार्यक्रम ।
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम ।
- सार्वजनिक निजी अवधारणामा आधारित व्यवसायमा प्रोत्साहन कार्यक्रम ।
- युवा, महिला, लघु उद्यम विकास कार्यक्रम ।
- परम्परागत पेशा तथा सीप सम्बर्द्धन कार्यक्रम ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा स्थानीय सीप प्रविधि आधारित उद्योग ३ वटा स्थापना भएको हुनेछ । उद्यमशिलश्रृजना, व्यवसायिक विकास सम्बन्धि तालिम प्राप्त उद्यमी ७०० भएको हुनेछ । महिलाद्धारा सञ्चालित उद्यमि व्यवसायिहरुको संख्या ५० वटा भएको हुनेछ ।

३।८ पर्यटन

क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा रहेको स्थानहरू पर्यटन (ईन्द्रसरोवर ताल, मार्खु, गुप्तेश्बर गुफा) को रूपमा विकास हुँदै गरेको र विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रूपमा विभिन्न किसिमका जातजातिका रहन सहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यसक्षेत्र लगायत यहाँका अन्य पर्यटकीय क्षेत्रको प्रचार प्रसार र आवश्यक भौतिक सूविधाहरू व्यवस्थापन गर्न सके यस गाउँपालिकालाई पर्यटकीय हरियाली पालिकाको रुपमा चिनाउने तथा आन्तरिक एवं बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ । यस क्षेत्रमा बार्षिक २ लाख भन्दा बढी आन्तरिक एवं बाह्य पर्यटकहरू आउने गरेको छ ।

ख) समस्या तथा चुनौति

पर्यटन क्षेत्रसंग सम्बन्धित सभावना तथा अवसरहरूको प्रचूरता भए तापनि पर्यटन व्यवसायको विकास तथा विस्तारका लागि आबश्यक रणनिति तथा कार्ययोजनाको अभाव, कमजोर पूर्वाधार तथा भौतिक संरचना, स्थानिय सरकार तथा समुदायसंग आवश्यक पर्यटक विकासको लागि यथोचित सोच र संस्कारको कमी, पर्यटकीय गन्तव्यहरूको पहिचान खोज तथा अनुसंन्धान र पर्यटकीय पथहरूको पहिचान एवं प्रवर्द्धन हुन नसक्नु, पार्क तथा संग्राहलय, पर्यटकीय गाईड, सूचना तथा सेवाको कमीका कारण पर्यटन क्षेत्रबाट गाउँपालिकाले कुनै लाभ लिन सकेको अवस्था छैन । ईन्द्रसरोवर तालमा माछाको कमी, पर्यटकीय मैत्री व्यवहार नहुनु, सही तरिकाले फोहर व्यवस्थापन हुन नसक्नु समस्याको रुपमा रहेको छ ।

ग) दिर्घकालिन सोचँ

कृषि पर्यटनको प्रबर्द्धन गर्दै रोजारी सृजना ।

घ) लक्ष्य

पर्यटन क्षेत्रको प्रबर्द्धन तथा संरक्षण गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान गर्ने ।

ङ) उद्देश्य

मानव निर्मित इन्द्रसरोवर तालको अधिकतम उपयोग गदै पर्यापर्यटन तथा साहसिक पर्यटक, कृषि पर्यटनको व्यवस्थापन र प्रबर्द्धन गर्दै उत्पादन र रोजगारी सृजना मार्फत आर्थिक समृद्धि हासिल गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य	संख्या	४	६	८	१०	प्रोफाइल तथा प्रगती विवरण	
सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (सुरक्षा, होटेल, यातायात)	संख्या	३	४	५	६	"	
व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ	संख्या	२	२	३	४	"	
उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रा सटही, होमस्टे, होटेल ,रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि)	संख्या	२३	२८	३५	४०	"	
स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा	संस्था	५	७	९	११	"	
सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ	कि.मि.	३०	४०	५०	६०	"	
कृषि पर्यटन सञ्चालन स्थान	संख्या	१	२	३	५	"	
धार्मिक पर्यटन सञ्चालन स्थान	संख्या	५	६	७	८	"	
व्यवस्थित वनभोज तथा पार्क	संख्या	३	४	४	५	"	
तालिम प्राप्त टुर गाइड	संख्या	०	२	३	५	"	
तालिम प्राप्त कुक तथा वेटर	संख्या	५०	७०	८०	१००	"	
साल भरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या	संख्या	८००००	१०००००	१२००००	१५००००	"	
सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको	संख्या	२००	३००	४००	५००	"	
भ्रमण गर्ने पर्यटकहरुको औषत वसाइ	दिन	२	३	४	५	"	
पर्यटकहरुको औषतमा दैनिक खर्च	रु.	२५००	३०००	३५००	४०००	"	
पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान	संख्या	२५०	३००	३५०	४००	"	
पर्यटनवाट राजस्व सङ्कलन	रु.	१८०००००	२००००००	२२०००००	२५०००००	"	

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
▪ स्थानीय पर्यटन प्रर्वद्धन गर्न आवश्यक पूर्वाधार तयार गर्ने ।	▪ दिगो पर्यटन विकासको लागि नीति नियम र योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । ▪ पर्यटन क्षेत्रको पुर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरू पहिचान गरी कार्यन्वयन गरिनेछ । ▪ पर्यटन विकासको लागि आवश्यक पूर्वाधार सहित पर्यटक पदमार्ग निर्माण गरिनेछ ।
स्थानीयबासीलाई पर्यटकीय तालिम मार्फत सक्षम जनशक्ति तयार गरि आर्य बृद्धि गर्ने ।	▪ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नको लागि प्रवर्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ । ▪ पर्यटकको बसाई अवधि बढाउनको लागि आवश्यक स्थानहरूमा होम स्टे, होटल आदिको लागि नीति बनाई कार्यान्वयन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- पर्यटकिय स्थल संरक्षण कार्यबिधिनिर्माण ।
- धार्मिक, सास्कृतिक, पर्यापर्यटन, कृषि एवं वन पर्यटन स्थल विकास एवं प्रवर्द्धन
- इन्द्र सरोवर तालको सौन्दर्यिकरण तथा ताल पदमार्ग विकाश ।
- गुराँस पदमार्ग विकाश एवं गुराँस वोट संरक्षण तथा वृक्षारोपण कार्य
- साहासिक खेल (जिपलाइन,बन्जीजम्प,रक क्लाइम्बिङ्ग,क्यानोसिङ्ग) विकास र प्रवर्द्धन
- संभावता अध्ययन गरी पिकनीक स्पट,वालउद्यान पार्क,भ्यू पोइन्ट निर्माण,संग्राहलय निर्माण
- होम स्टे प्रवर्द्धन
- पर्यटकिय स्थल चिनारी प्रकाशन,वृत्तचित्र निर्माण एवं प्रचार प्रशार कार्य
- इन्द्रसरोवर महोत्सव संचालन तथा प्रवर्द्धन
- तालमाथि झोलुङ्गे पुल निर्माण

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा मनोरम पर्यटन स्थल १० वटा भएको हुनेछ । बर्षभरिमा आन्तरिक पर्यटकको संख्या बार्षिक १ लाख ५० हजार पुगेको हुनेछ । तालिम प्राप्त टुर गाईडको संख्या ५ जना पुगेको हुनेछ । पर्यटक व्यवसायमा रोजगारिता ६० प्रतिशतले बृद्धि भएको हुनेछ । आन्तरिक तथा बाह्य पर्यटक बाट आन्तरिक आयमा बृद्धि भएको हुनेछ ।

३।९ बैक, बित्तियसंस्था, सहकारी र सामुदायिक बित्त

क) संभावना, अवसर र विद्यमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा बैक, वित्तिय संस्था एवम् सहकारी संस्थाले विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । यस गाउँपालिकामा बैक तथा वितिय संस्थाहरु, र वचत तथा ऋण, कृषि, दुग्ध तथा बहुउद्देश्यीय गरी १८ वटा रहेका छन् । अधिकांश वचत तथा ऋण सहकारी संस्था छन् भने, ३ वटा दुग्ध सहकारी संस्थाहरू रहेका छन् । गाउँपालिकाका ८००० जनाको विभिन्न स्तरका सहकारी संघ संस्थामा आवद्ध छन् । गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

ख) समस्या तथा चुनौति

बित्तीय साक्षरता, उद्यमशीलता र बजारीकरण जस्ता क्षेत्रमा प्रर्याप्त ज्ञान सीपको अभावका कारण अधिकांश सहकारी संस्था मार्फत परिचालन हुने पुँजी उत्पादन वा उद्यम विकासमा भन्दा सामाजिक व्यवहार र उपभोग्य क्षेत्रमा नै वढि लगानी भइरहेको अवस्था छ । ग्रामीण क्षेत्रमा वाणिज्य बैकको पहुँच पुग्न सकिरहेको छैन ।

ग) दिर्घकालिन सोचँ

पुजी परिचालन गरी आय तथा स्वरोजगारीको सिर्जना ।

घ) लक्ष्य

स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीय बृद्धि गरि गरिबी न्यूनिकरण गर्ने ।

ङ) उद्देश्य

बैक तथा वित्तिय संस्था र सहकारीहरुलाई नीति विधि प्रविधि अनुसार नियमन, विकास प्रर्बद्धन गरी राष्ट्रिय आय तथा स्वरोजगारी सिर्जना गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचकहरु	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
सुचारु बैंक तथा वित्तीय संस्था	संख्या	५	५	६	७	प्रोफाइल तथा प्रगती विवरण	
बैंक तथा वित्तीय संस्थाहरुमा संकलित निक्षेप रकम	रु.	९० करोड	१०० करोड	११० करोड	१२० करोड	"	
बैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह	रु.	३५ करोड	४२ करोड	४७ करोड	५५ करोड	"	
बैंक तथा वित्तीय संस्थाहरुवाट उपलब्ध सेवा तथा कारोबारको प्रकार (बचत र लगानी/रेमिट/मुद्रा सटही/व्यवसायिक परामर्श)	संख्या	५	५	६	६	"	
आर्थिक रुपमा सक्रिय जनसंख्याको (१५-६४ उमेर) बैंक खाता	संख्या	८०००	९०००	१००००	१२०००	"	
वचत तथा ऋण समेतको कूल सहकारी संस्था	संख्या	१८	१८	१९	२०	"	
महिलाद्वारा सञ्चालित सहकारी संख्या	संख्या	७	७	७	७	"	
कृषि क्षेत्रका कूल सहकारी संस्था	संख्या	८	८	९	१०	"	
सहकारी संस्थामा आवद्ध सदस्यहरु	संख्या	१००००	१२०००	१३०००	१४०००	"	
सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु	संख्या	१५०	१८०	२००	२५०	"	
सहकारी संस्थावाट भएको कूल कर्जा लगानी	रु.	२५ करोड	३३ करोड	४० करोड	४५ करोड	"	
सहकारी संस्थामा सङकलित कुल निक्षेप	रु.	३० करोड	३५ करोड	४२ करोड	५० करोड	"	

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
▪ जनचेतना र नियमन कार्यलाई प्रभावकारी बनाउने	▪ सहकारी क्षेत्रमा कानून, सिद्धान्त, मूल्य मान्यताको परिपालना, जनचेतना अभिबृद्धि,स्वनियमन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ । ▪ वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।
▪ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने	▪ सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी स्थानीय श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गरिनेछ ▪ सहकारी र सरकारी क्षेत्रको पुँजीलाई व्यवसायिक तर्फ लगानी प्रर्वद्धन व्यवस्था गरिनेछ ।
▪ लक्षित वर्ग र समुदायको सहकारीमा पहुँच बृद्धि गर्ने ।	▪ विपन्न महिला, सीमान्तकृत् गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच विस्तार गरिनेछ ▪ महिला सहकारी र टोल विकास संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम संचालन गर्नुको साथै अबलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गर्न जोड दिइनेछ ।

ज) प्रमुख कार्यक्रम

- वित्तिय संस्था,सहकारी नियमन,अनुगमन एवं कार्यविधि निर्माण ।
- सहकारीहरुको शासकिय सुधार एवं वित्तिय साक्षरता कार्यक्रम ।
- सहकारी सदस्यहरुलाई सीप अनुसारको व्यवसाय प्रर्वद्धन कार्य (विउ पुजी,सर्वसुलफ कर्जा व्यवस्था) ।
- उत्कृष्ट सहकारीहरुमा अवलोकन भ्रमण तथा अनुभाव आदान प्रदान ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा सहकारी संस्थामा आवद्ध सदस्य संख्यामा बृद्धि भएको हुनेछ । सहकारी तथा बित्तिय संस्थाको कुल निक्षेपमा ६० प्रतिशतले बृद्धि भएको हुनेछ ।

परिच्छेद–चार

सामाजिक क्षेत्र विकास

४ पृष्ठभुमि

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भईसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ भने १५ औं राष्ट्रिय योजनाले समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । इन्द्रसरोवर गाउँपालिकामा स्वस्थ्य, सक्षम र सृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सकृय नागरिकहरूलाई आर्थिक विकासका बिभिन्न क्षेत्रमा सहभागी बनाउन र समाजलाई लैङ्गिकमैत्री, बिभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान संभावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

४।१ क) वर्तमान अवस्था

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७४ अनुसार गाउँपालिकाको कूल साक्षरता ९४ प्रतिशत रहेको छ । यहाँको साक्षरता दरमा लैंगिक विभेद देखिन्छ किनकी पुरूषको साक्षरता दरको तुलनामा महिलाको साक्षरता दरमा करिब १५ प्रतिशतको फरक देखिन्छ । इन्द्रसरोवर गाउँपालिका भित्र २२ वटा सामुदायिक विद्यालयहरू, १ वटा संस्थागत विद्यालय संचालित रहेको छ

गाउँपालिका भित्र स्वास्थ्य केन्द्रले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । करिब ११५ जना महिलाहरूले प्रोटोकल अनुसारको गर्भवती जाँच गर्ने गरेका छन् भने ३८ जनाले स्वास्थ्य केन्द्रमा प्रसुती गराएको देखिन्छ ।

यस गाउँपालिकाको शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेसीकरण, युवा तथा खेलकूद र कला, भाषा तथा संस्कृति लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

४।२ ख) सामाजिक क्षेत्र विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको योजनाको लक्ष्य अनुसार सामाजिक विकास क्षेत्रको लागि –प्रविधिमैत्री गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्तिको निर्माण, लैगिक हिंसामुक्त सुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्ने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

तालिका ४: सामाजिक विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		०७७/७८ सम्म	०७८/७९	०८०/८१	०८२/८३		
कुल साक्षरता दर	प्रतिशत	९४	९५	९७	९९		
विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका	प्रतिशत	ˇ२९.१७	१५	१०	०		
पाइपालाइनवाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत)	प्रतिशत	८२.४	८५	९०	१००	गा.पा.सर्भे-२०७६	
उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी	प्रतिशत	३४.६	४०	५०	७०	गा.पा.सर्भे-२०७६	
विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या	प्रतिशत	६८.८	७२	८०	९५	DHIS2	
४ पटक प्रसुति सेवा प्राप्त गर्ने महिला	संख्या	११५	१३५	१५५	१७५	DHIS2	
स्वास्थ्य वीमा गर्ने नागरिक	प्रतिशत	९०.२	९३	९५	९७	Village Profile	
स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी	प्रतिशत	९६.५	९७	९८	१००	गा.पा.सर्भे-२०७६	
जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या	प्रतिशत	७८.३	८०	९०	१००	गा.पा.सर्भे-२०७६	
व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला	संख्या	३८८	४२०	४५०	५००	म.सहकारी संस्था	
महिला सहकारी संस्थामा आवद्ध सदस्य	संख्या	३९९५	४०५०	४१००	४२००	म.सहकारी संस्था	
वालश्रम तथा शोषण रहेका वालवालिका	संख्या	६०	४०	२०	०	म.वा.शाखा	
सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या	प्रतिशत	७.४४	८	९	१०	पंजिकरण	
युवाहरुको कूल वेरोजगारीता	प्रतिशत	६	५	४	२	गा.पा.सर्भे-२०७६	
कवर्डहल तथा खेलकुद मैदान	संख्या	१	२	३	५	वडा भेला	
कला, भाषा, संस्कृति र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा	संख्या	२०					

ग) प्रमुख रणनीतिहरू:

- सामाजिक विकास क्षेत्र अन्तर्गत आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित क्षेत्र, लैंगिक समानता तथा सामाजिक समावेसीकरण, युवा तथा खेलकुद, भाषा, कला, साहित्य र संस्कृति संरक्षण क्षेत्रसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन गर्ने ।
- सामाजिक विकास क्षेत्र अन्तर्गतका लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलव्धी (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत बिनियोजन भए नभएको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास गर्ने ।
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त सामाजिक क्षेत्र विकाससंग सम्बन्धित नमूना कानूनका मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा गर्ने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सामाजिक क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई सामाजिक क्षेत्र विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

४।३ शिक्षा विकास

पृष्ठभुमि

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १-१० को ३७.९ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेकाले यी दरहरूलाई घटाउने साथै २०७२ सालमा गएको महाभूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

पालिकाको तथ्यांक संकलन २०७४ का अनुसार गाउँपालिकाको औषत साक्षरता ९४ प्रतिशत रहेको छ । यस गाउँपालिकामा २२ वटा बिद्यालय र उक्त बिद्यालयमा २४४९ अध्ययनरत छन् । पालिका तहमा रहेका बिद्यालयमा शिक्षक बिद्यार्थी २४ अनुपातमा रहेको छ । यस गाउँपालिकामा बालमैत्री भुकम्प प्रतिरोधि भवन ११ वटा रहेको छ । पालिकामा भएका बिद्यालयहरुमा पर्ऱ्याप्त कक्षा कोठा १० प्रतिशत रहेको छ । २२ बिद्यालय मध्ये ६ मा पुस्तकालय, बिज्ञान प्रयोगशाला ४ र वास सहितको शौचालय ४ रहेको छ । यसै गरी शैक्षिक संस्थाहरूको भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था पनि कमजोर रहेको छैन ।

क) समस्या, चुनौति र अवसर

गाउँका शैक्षिक क्षेत्रमा आधारभूत, माध्यमिक, शिक्षामा विविध समस्या र चुनौतिहरू विद्यमान रहेका छन । अधिकांश आधारभूत बिद्यालयमा विद्यार्थी संख्या (१५ प्रतिशत) घट्ने क्रम वढ्दो छ । बिद्यालयहरूमा तहगत र बिषयगत शिक्षक, छात्रामैत्री शौचालयको व्यवस्था सहित सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको कमी छ भने बालमैत्री विद्यालय हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्यूटर शिक्षक र सुचना प्रविधिको उपयोगका साथै अतिरिक्त क्रियाकलापको कमिले शिक्षाको गुणस्तर मा सुधार हुन सकिरहेको छैन । पालिकामा रहेका बिद्यालय बालमैत्री, भुकम्प प्रतिरोधि भवन निर्माण गर्नु पर्ने, बालमैत्री कक्षा कोठा, वास सहितको शौचालय, सेनेटरीप्याड डिस्पोज गर्ने सहितको व्यवस्थापन तथा ९० प्रतिशत पर्ऱ्याप्त कक्षा कोठाको कमि रहेको छ ।

ख) दिर्घकालिन सोचँ

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण ।

ग) लक्ष्य

जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।

घ) उद्देश्य

- प्रविधिमैत्री गुणस्तरीय, सीपमुलक, रोजगारयुक्त, प्रतिस्पर्धी नैतिक, चरित्रवान एवं अनुशासित शैक्षिक दक्ष जनशक्ति उत्पादन गर्नु ।
- स्थानीय आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्नु ।
- रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्नु ।

ङ) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याई को आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका	प्रतिशत	२९.१७	१५	१०	०	प्रतिवेदन	
आधारभूत तह सम्मको उत्तिर्ण दर	संख्या					”	
माध्यामकि तह (९-१२) को खूद भर्नादर	प्रतिशत	५९.४८	६०	६१	६२	”	
कक्षा १२ को निरन्तरता दर	प्रतिशत					”	
कक्षा ८ सिकाई उपलब्धी दर	प्रतिशत	१९	३५	४०	५०	”	
कक्षा ८ को निरन्तरता दर	प्रतिशत					”	
बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय	प्रतिशत	७५	८०	९०	१००	”	
वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय	संख्या	(११,४,१८,३,११,११)	१५,८,२०,१२,४ १५,१५)	(१८,१५,२१,१५,१८,१८)	(२२,२२,२२,२२,२२)	”	
वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय	संख्या	(२२,२२,६,११)	(२२,२२,१२,१८)	(२२,२२,१६,२०)	(२२,२२,२२,२२)	”	
आइसिटि सेवा उपलब्ध भएको विद्यालय	संख्या	४	५	६	७	”	
व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय	संख्या	४	५	६	७	”	
छात्रवृत्ती पाउने विद्यार्थी संख्या	संख्या	११४७				”	
वालक्लव गठन भएका विद्यालय	संख्या	७	१०	१५	२२	”	
शिक्षक विद्यार्थी अनुपात	संख्या	२२				”	
महिला शिक्षकको अनुपात (शिक्षकसंग)	संख्या	०.५८	०.७	०.८	१	”	
विषयगत तालिम प्राप्त शिक्षकहरु	संख्या	३५	५०	९०	१०८	”	
दिवा खाजा प्रदान गर्ने विद्यालयहरु	संख्या	२२(१-५)	७(६-८)	६(९-१०)		”	
सेनीटरी प्याड र नर्स सेवा उपलब्ध भएको विद्यालय	संख्या	२२,३	२२,५	२२,६		”	
विपद, महामारी लगायत विविध कारण वाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट	संख्या	०	५	१५	२२	”	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याई को आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
अध्यापन गर्ने विद्यालय							
उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था	संख्या	०			१	"	
सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय	संख्या	०	१	२	३	"	
सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय	संख्या	२	३	४	५	"	
आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय	संख्या	०	५	१५	२२	"	
नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय	संख्या	०	१	३	५	"	
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय	संख्या	०	५	१५	२२	"	
जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय	संख्या	१	२	३	५	"	

च) रणनिति र कार्यनिति

रणनीति	कार्यनिति
▪ आधारभूत शिक्षा क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।	▪ शिक्षण पद्धतिमा नयाँ प्रविधिको प्रयोग र स्थानिय परिवेश अनुसारको पाठयक्रम निर्माण गरी व्यवसायिक शिक्षा प्रर्वद्धन गरीनेछ । ▪ सवैलाई जीवनोपयोगी शिक्षाका अवसर प्रदान गर्दै जीवनपर्यन्त सिकाई उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गरिनेछ । ▪ शिक्षण पद्धतिमा नयाँ प्रविधिको प्रयोग र स्थानिय परिवेश अनुसारको पाठयक्रम निर्माण गरी व्यवसायिक शिक्षा प्रर्वद्धन गरी रोजगारीको अवसर सृजना गरिनेछ । ▪ सवै बिद्यालयहरूमा तहगत र (अंग्रेजी, गणित र बिज्ञान) विषय शिक्षकको व्यवस्थापन साथै शिक्षाको गुणस्तर सुधार गरिनेछ । ▪ आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन व्यवस्था गरिनेछ ।
▪ शिक्षा क्षेत्रसंग सम्बन्धित सवै कामलाई एकद्धार प्रणालीबाट सम्पादन गर्न गाँउ शैक्षिक सुधार कोष स्थापना गरी पालिकालाई पुर्ण सारक्षता कार्यक्रमहरू संचालन गर्ने ।	▪ विद्यालयमा विद्यार्थीको निरन्तरता वृद्धि गर्न दिवा खाजा लगायतका प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ । ▪ नमुना विद्यालय छनौट तथा पुरस्कारको व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधारका लागि प्रोत्साहन गरिनेछ । ▪ प्रौढ तथा साक्षरता कार्यक्रम संचालन गरि पूर्ण साक्षर

	पालिका घोषणा गरिनेछ । ▪ सवै विद्यालयहरूलाइ बालमैत्री, अपांगमैत्री, र लैंगिकमैत्री बनाई विद्यालयमा सबैको पहुँच सुनिश्चित गरिनेछ । ▪ आधारभूत तह तथा माध्यमिक तहसम्म अध्ययन गर्ने अनाथ, अपाङ्ग, सिमान्तकृत विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था गरी बिद्यालय छोड्ने प्रवृतिमा सुधार गरिनेछ ।
▪ जिवनपयोगी, प्राविधिक एवम व्यवसायिक शिक्षा, तालिम तथा अभिमुखिकरण कार्यक्रम गर्ने	▪ एक विद्यालय एक उद्यम कार्यक्रम संचालन गरी व्यवसायिक र जीवनउपयोगी शिक्षा पद्धति विकास गरिनेछ । ▪ प्रत्येक विद्यालयको खाली जमिनमा बृक्षारोपण तथा एक स्कुल एक बगैंचा निर्माण गरि हराभरा बनाईनेछ । ▪ शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अविभावकहरूको सचेतना वृद्धि गरिनेछ ।

छ) प्रमुख कार्यक्रम

- प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम
- बालमैत्री कक्षा थप कार्यक्रम ।
- आधारभुत, माध्यमिक तथा उच्च शिक्षा कार्यक्रम
- बिद्यालय तहमा सूचना प्रविधि प्रर्वद्धन कार्यक्रम ।
- विद्यालय भौतिक पूर्वाधार विकास (शिक्षक बिद्यार्थी आवास) कार्यक्रम ।
- बिद्यालय फोहोर व्यवस्थापन कार्यक्रम ।
- पूर्ण साक्षर इन्द्रसरोवर कार्यक्रम ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम
- बिद्यालय बगैचा कार्यक्रम ।
- अल्पसंख्यक र पिछडिएका वर्गका छात्राहरूलाई उच्च शिक्षामा पहुँच बिस्तार कार्यक्रम ।
- उत्कृष्ट शिक्षक बिद्यार्थी सम्मान कार्यक्रम ।

ज) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा माध्यमिक तहमा खुद भर्ना दर ६२ प्रतिशतमा पुऱ्याउने । आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खूदभर्नादर ९५ प्रतिशत भएको हुनेछ । साक्षरता दर ९९ प्रतिशत पुगेको हुनेछ । प्रावधिक बिद्यालय ३ वटा स्थापना भएको हुनेछ ।

४।४ आधारभूत स्वास्थ्य तथा पोषण

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिका भित्र ५ वटा वडामा स्वास्थ्य चौकी ५ वटा मध्ये वडा १,२,३ र ४ वटा बर्थिङ्ग सेन्टर रहेको छ । यस पालिकामा १२ गाउँघर क्लिनिक साथै ६८ प्रतिशत बिरामीहरु स्वास्थ्य चौकि तथा अस्पतालको सेवा पाईरहेका छन् । एउटा सामुदायिक स्वास्थ्य क्लिनिक र एउटा आयुर्वेदिक औषद्यालय लगायतका स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् । १४ वटा खोप केन्द्रमा २९ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू क्रियाशिल रहेका छन् । करिब ११५ महिलाहरूले प्रोटोकल अनुसारको गर्भवती जाँच गर्ने गरेका छन् भने ६३ प्रतिशत बालबालिकाले विभिन्न स्वास्थ्य संस्थाहरूबाट खोप सेवा प्राप्त गरेको देखिन्छ ।

ख) समस्या तथा चुनौति र अवसर

गाउँपालिकाका केही वडाहरूका केही भुभाग भौगोलिक विकटता कारणले नियमित रुपमा स्वास्थ्य सेवा केन्द्रको पहुँच नभएको कारण आधारभूत स्वास्थ्य सुविधाबाट बन्चित भइरहेको छन् । भएका स्वास्थ्य केन्द्रहरूमा पनि प्रयाप्त दक्ष जनशक्ति, उपकरण तथा औषधीको कमी, खानेपानी तथा शौचालय जस्ता आधारभूत पूर्वाधार जस्ता समस्याहरू रहेका छन । महिला तथा बालबालिकामा कुपोषणको चक्र निरन्तर चलिरहेको, संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन् ।

ग) दिर्घकालिन सोच

स्वस्थ र सुखी पालिकाबासी

घ) लक्ष्य

सम्पूर्ण गाउँबासीमा गुणस्तरिय स्वास्थ्य सेवामा सहज पहुँच बृद्धि गर्ने ।

ङ) उद्देश्य

निशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुच विस्तार गर्नु ।

स्वास्थ्य सेवाको व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनिकरण गर्नु ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्ट्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या	प्रतिशत	६८.८	७२	८०	९५	DHIS2	
नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय	घण्टा	१	४५	३०	२०	Village Profile	
२५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु	संख्या	०	०	०	०	DHIS2	
कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु	संख्या	०				DHIS2	
स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला	संख्या	३८	५०	७०	९५	DHIS2	
४ पटक प्रसुति सेवा प्राप्त गर्ने महिला	संख्या	११५	१३५	१५५	१७५	DHIS2	
प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु	संख्या	४	५	६	७	Village Profile	
झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा)	संख्या	१४२	१००	६०	२०	DHIS2	
स्वाप्रश्वासको सङ्क्रमण (ARI) दर प्रति हजारमा	संख्या	४२८	३००	१८०	६०	DHIS2	
स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी	संख्या	२९	३३	३६	३८		
भिटामिन ए प्राप्त गर्ने बालबालिका	प्रतिशत	७३	८०	९०	९५	DHIS2	
परिवार नियोजनका साधनको प्रयोग दर	प्रतिशत	१२.३	२५	५०	६५	DHIS2	
स्वास्थ्य वीमा गर्ने नागरिक	प्रतिशत	९०.२	९३	९५	९७	Village Profile	
स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागि	संख्या	२७०	३००	३२५	४००		
घुम्ती लगायत स्वास्थ्य शिविर पटक	संख्या	१	२	३	४		

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्ट्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
नागरिक आरोग्य कार्यक्रम सञ्चालन	संख्या	-	१				
क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एड्स, कुष्ठरोगको निशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित	संख्या	६९७	७००	७५०	८००	Village Profile	
क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्षयरोग, एड्स, कुष्ठरोग जस्ता रोगवाट मृत्यु भएकाहरु	संख्या	०	०	०	०		
आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध भएका वडाहरु	संख्या	५					
सामुदायिक स्वास्थ्य इकाइ	संख्या	२	३	४	५	Village Profile	
आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था	संख्या	४	५	६		Village Profile	
कियाशील महिला स्वास्थ्य स्वयंसेविका	संख्या	३७				Village Profile	
योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था	संख्या	०					
सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला	संख्या	०	१	३	५		
गाउँघर क्लिनिकको संख्या	संख्या	१२				Village Profile	
सञ्चालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलब्ध शैया संख्या	संख्या	०	५				
महामारी, भाइरसको सङ्क्रमण तथा आपतकालीन उपचारको अभावमा मृत्यु हुने	संख्या	०					
महामारी, भाइरसको सङ्क्रमण तथा आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल	संख्या	०	१				
स्वास्थ्य संस्था अनुदान	रकम	१२५०००	२५००००	३०००००	३५००००		

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
▪ निशुल्क स्वास्थ्य तथा पोषण सेवालाई थप प्रभावकारी बनाउने	▪ आधुनिक विधि अनुरुप स्वास्थ्य सेवालाई सुधार गर्दै विस्तार गरिनेछ । ▪ स्वास्थ्य सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ ▪ Telemedicine व्यवस्थापन व्यस्थापन गरिनेछ । ▪ परिवार योजना सेवा सुदृढीकरण गरिनेछ । ▪ स्वास्थ्य संस्थामा अस्पताल निर्माण तथा व्यवस्थापन ▪ बालबालिकाहरुमा पूर्ण खोप कार्यक्रम व्यवस्थापन ▪ तालिम प्राप्त जनशक्ति व्यवस्थापन तथा परिचालन गरिनेछ ▪ स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन गरिनेछ । ▪ स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

▪ जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत् उपायहरू अवलम्बन गर्ने ।	▪ विपद् तथा महामारीको तत्काल सम्वोधन, एम्बुलेन्स सेवाको एकीकृत् विकास, साधन सम्पन्न तालिम प्राप्तस्वास्थ्यकर्मीको टोलीलाई परिचालन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- भवन निर्माण, खोप केन्द्र निर्माण, सामुलायिक स्वास्थ्य केन्द्र निर्माण, Birthing Centre निमार्ण
- गर्भवती महिला तथा कमतौल भएका वालवालिकाहरुलाई पोषण युक्त खाद्यान्न वितरण
- म.स्वा.स्वयं सेविका तथा स्वास्थ्यकर्मी अभिमुखिकरण
- बिपद तथा महामारी नियन्त्रण कार्यक्रम (क्वारेन्टाई, आईसोलेशन निमार्ण तथा दक्ष जनशक्ति परिचालन)
- फोहोरमैला व्यवस्थापन
- लामो समयको परिवार नियोजन सेवाका लागी क्याम्प सञ्चालन तथा अभिमुखिकरण
- पुर्ण खोप
- फर्निचर खरिद, तथा कार्यालय सञ्चालनका लागि अन्य सामाग्री खरिद
- स्थायी कर्मचारी, करार कर्मचारी, ल्याब कर्मचारी तलब भत्ता तथा अन्य भत्ता
- नयाँ एम्बुलेन्स खरिद
- औषधि तथा ल्याब सामाग्रीहरु खरिद
- दिर्घरोगीहरुलाई औषधि वितरण, स्वास्थ परिक्षण, प्यलेटिभ कियरका लागि
- कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन
- जिल्लाबाट तथा स्वास्थ्य संस्थाहरुमा औषधि ढुवानी
- पालिका मातहतका संस्थामा Tele medicine का लागि मेसिन खरिद

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा स्वास्थ्य संस्थामा जानेको संख्या ९५ प्रतिशत भएको हुनेछ । प्रसुति सेवा उपलब्ध स्वास्थ्य संस्था ७ वटा भएको हुनेछ । स्वास्थ्य बिमा गर्ने नागरिकको संख्या ९७ प्रतिशत पुगेको हुनेछ ।

४।५ खानेपानी तथा सरसफाई

क) विद्यमान अवस्था, संभावना र अवसर

खानेपानी र सरसफाईका क्षेत्रमा इन्द्रसरोवर गाउँपालिकाको स्थिति सुधारोन्मुख देखिएको छ । करिव ८२.४ प्रतिशत जनसंख्याले खानेपानीका लागि पाइप तथा धाराप्रयोगमा रहेको छ भने ६.३ प्रतिशत जनसंख्याले इनार वा कुवाको पानी उपभोग गरिरहेको अवस्था छ । गाउँपालिकाले आगामी ५ वर्ष भित्र सबै नागरिकलाई आधारभूत खानेपानी पूर्वधारमा पहुँच सुनिश्चता गर्न एक घर एक धारा निति लिई खानेपानीको श्रोत संरक्षण हुने संभावना देखिन्छ । गाउँपालिकामा हाल सम्ममा करिब ९६.५ प्रतिशत घरधुरीमा साधारण शौचालय देखिन्छ ।

ख) समस्या तथा चुनौति

गाउँपालिकामा खानेपानीको स्रोत तथा निर्मित पूर्वाधारको संरक्षण तथा नियमित मर्मत सम्भारमा कमी देखिएको छ । मूख्य बजार क्षेत्रहरूबाट निष्काशन हुने कुहिने र नकुहिने फोहोरको उचित व्यवस्थापनका पनि प्रमुख चुनौतिको रुपमा देखिएको छ ।

ग) दिर्घकालिन सोच

स्वस्थ जीवनको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई

घ) लक्ष्य

सम्पूर्ण गाउँबासीमा गुणस्तरिय स्वास्थ्य सेवामा सहज पहुँच बृद्धि गर्ने ।

ङ) उद्देश्य

आधारभूत खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु ।

आधारभूत सरसफाई सुविधा शतप्रतिशत पुऱ्याउनु ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी	प्रतिशत						
पाइपालाइनवाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत)	प्रतिशत	८२.४	८५	९०	१००	गा.पा.सर्भे-२०७६	
उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी	प्रतिशत	३४.६	४०	५०	७०	गा.पा.सर्भे-२०७६	
कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी	प्रतिशत	६.३	५	३	०	गा.पा.सर्भे-२०७६	
नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी	प्रतिशत	५.६	४	२	०	गा.पा.सर्भे-२०७६	
खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि	घण्टा	१७ मि.				गा.पा.सर्भे-२०७६	
स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी	प्रतिशत	९६.५	९७	९८	१००	गा.पा.सर्भे-२०७६	
खाल्डे शौचालय भएको घरधुरी	प्रतिशत	३.६	३	२	०	गा.पा.सर्भे-२०७६	
शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी	प्रतिशत	३.५	३	२	०	गा.पा.सर्भे-२०७६	
सार्वजनिक शौचालयहरु	संख्या	१	२	४	५		
जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या	प्रतिशत	७८.३	८०	९०	१००	गा.पा.सर्भे-२०७६	
फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार	प्रतिशत						
सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति	संख्या						
घर आँगन तथा शौचालयवाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार	प्रतिशत						

छ) रणनीति

रणनीति	कार्यनीति
• आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण तथा सुविधा विस्तार गर्ने ।	▪ सतही, भूमिगत, लिफ्ट, बोरिङ्ग जस्ता विकल्पहरू प्रयोग गरी खानेपानी सुविधा नपुगेका शतप्रतिशत घरहरूमा आधारभूत खानेपानीको व्यवस्था गरिनेछ । ▪ निजी तथा विकास साझेदार निकाय, गैरसरकारी संस्थासँगको सहकार्य तथा सहलगानीमा खानेपानी आयोजनाको विकास तथा स्तरवृद्धि गरिनेछ । ▪
• खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति,	▪ गाउँपालिका क्षेत्र तथा आसपासका अन्य क्षेत्रमा

कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने	उपलव्ध खानेपानी तथा जलाधार क्षेहरूको संरक्षण गरिनेछ । ▪ गाउँपालिका क्षेत्रभित्र क्रियाशील खानेपानी उपभोक्ता समितिहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । ▪ खानेपानी सुविधाको बर्गिकरण गर्ने र सोही अनुसार शुल्क निर्धारण गरी शुल्क संकलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
▪ गाउँपालिका क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने ।	▪ गाउँपालिका क्षेत्रबाट निस्कने जैविक तथा अजैविक फोहोरमैलाको उचित व्यवस्थापन गर्ने व्यवस्था गरीने छ । ▪ गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त र वातावरणमैत्री बनाइनेछ ।
▪ शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने	▪ सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- एक घर एक धारा खानेपानी आयोजना निर्माण ।
- लिफ्ट खानेपानी व्यवस्थापन ।
- खानेपानी मुहान संरक्षण कार्य एंव योजनाहरुको मर्मत सम्भार ।
- उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि कार्यक्रम ।
- पूर्ण सरसफाई कार्यक्रम ।
- जैविक तथा अजैविक फोहर वर्गिकरण तथा व्यवस्थापन ।
- सार्वजानिक शौचालय निमार्ण ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा पाईपलाईन बाट खानेपानि उपभोग गर्ने घरधुरीको संख्या शत प्रतिशत पुगेको हुनेछ । ५ वटा सार्वजानिक शौचालयको निमार्ण भएको हुनेछ ।एकिकृत फोहोर व्यवस्थापन प्रणाली विकास भएको हुनेछ ।

४।६ खेलकुद

युवा तथा खेलकुदको क्षेत्रमा युवाहरूमा सीपको कमी, श्रम संस्कार छैन, मानवीय भावनाको कमी, पूंजिको अभाव, बजारको सिमितता, सामुहिक भावनाको कमी र प्रोत्साहनको कमीका कारण युवाशक्ति स्थानीय ठाँउमा श्रम गर्नु भन्दा बिदेशमा श्रम गरिरहेको अवस्था छ । जसको कारण नेपालमा उत्पादन तथा उत्पादकत्वमा लागि युवाहरुको संलग्नतामा कमी आइरहेको छ । यसै गरी युवाहरूको अतिरिक्त समयका लागि आवश्यक खेलमैदानको कमी, खेल प्रशिक्षकको व्यवस्था नहुनु, प्रतियोगिताहरूको आयोजना हुन नसक्नु, उत्कृष्ट खेलाडीहरूको सम्मान हुन नसक्नु जस्ता कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाब परेको छैन ।

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिका स्तरीय १ खेलकुद विकाश समिति रहेको छ । १२ वटा युवा क्लब साथै पालिकामा विभिन्न समयमा पालिका स्तर तथा जिल्ला स्तरको खेल सञ्चालन भईरहेको छ । पालिका तथा वडा स्तरीय सामान्न खेलमैदान रहेको छ र विभिन्न विद्यालयमा खेल सम्मबन्धि कृयाकलाप हुने गरेको छ ।

ख) समस्या तथा चुनौति

पालिका स्तरमा भौतिक पुर्वाधार सहितको खेल मैदानको अभाव, दक्षजनशक्ति र श्रोत साधनको कमि रहेको छ। युवा क्लबहरुलाई क्रृयाशिल रुपमा लाग्नको लागि चाहिने आवश्यक भौतिक साधनहरुको कमिले गर्दा खेलाडिहरु पलायन तथा मनोबल घट्ने गरेको छ।

ग) दिर्घकालिन सोच

व्यवसायिक खेलकुदको विकास

घ) लक्ष्य

पालिकालाई खेलकुद पर्यटनको रुपमा बनाई विकासमा टेवा पुर्‍याउने।

ङ) उद्देश्य

- खेलकुद पूर्वाधारको विकास गर्नु।
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
युवा क्लव, सञ्जाल तथा संस्था	संख्या	१२	१४	१६	२०	समुह छलफल	
युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र	संख्या	०		१	२	समुह छलफल	
कवर्डहल तथा खेलकुद मैदान	संख्या	१	२	३	५	वडा भेला	
पालिका स्तरीय खेलकुद प्रतियोगिता	संख्या	२	३	५	१०	समुह छलफल	

छ) रणनीति

रणनीति	कार्यनीति
▪ खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण स्तरोन्नति गर्ने	▪ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिने छ। ▪ युवा तथा खेलकुद विकास क्षेत्र सम्बन्धी स्थानीय नीति, तथा मापदण्डको निर्माण, कार्यान्वयन गरिनेछ।
▪ मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने	▪ क्षमताअनुसारका मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ। ▪ लोपोन्मुख खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ
▪ प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गन	▪ खेलाडीहरूका लागि प्रशिक्षण प्रोत्साहन गर्दै खेल संस्कृतिको विकासको लागि विद्यालयस्तरबाट नै विविध खेलकूद संचालन गर्न पहल गर्ने ▪ युवा क्लब गठन, परिचालनको माध्यमबाट युवा सृजना, सामाजिक जागरण, सामाजिक परिचालन तथा विकासका कार्य संचालन गर्ने

ज) प्रमुख कार्यक्रम

- वडास्तरीय खेलमैदान, तथा कर्भडहल निमार्णर खेलकुद प्रतियोगिता ।
- खेलकुद पुर्वाधार विकास ।
- प्रोत्सान, पुरस्कार तथा पारिश्रमिक को व्यवस्था ।
- बिद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन ।
- खेलकुद सामाग्री तथा पोशाक व्यवस्थापन ।
- खेुलकुद कोषको व्यवस्था ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमायुवा क्लव, सञ्जाल तथा संस्था २० वटा स्थापना भएको हुनेछ । कवर्डहल तथा खेलकुद मैदान ५ वटा निमार्ण भएको हुनेछ । खेलकुद कोषको स्थापना भएको हुनेछ ।

४।७ कला, भाषा, साहित्य र संस्कृति

क) विद्यमान अवस्था, संभावना र अवसर

भाषागत तथा जातिगत बिबिधता इन्द्रसरोवर गाउँपालिकाको सामाजिक सम्पत्ति मान्न सकिन्छ । पालिकामा आदिवासी जनजातीका बिभिन्न कार्यक्रमहरू संचालन हुने गरेका छन् । मेला तथा जात्राहरूले यस गाउँपालिकाको ऐतिहासिक परम्परागत संस्कृतिमा उल्लेख्य योगदान पुर्याउदै आएको छ । यसको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसार गर्न सकेको खण्डमा सभ्य र सुसंस्कृतयुक्त समाजको निर्माण गर्न सकिन्छ । तामाङ्ग, मगर, नेवार जातीको प्रथा परम्परा संरक्षणका लागि संग्रहालयको सम्भावना रहेको छ । जाती विशेषले परम्परागत रुपमा उत्पादन गरिएको हस्तकलाका समाग्रीहरू, लाई प्रोत्साहन स्वरुप विभिन्न कार्यक्रमहरूमा प्रदर्शनी गर्न सक्ने देखिन्छ ।

ख) समस्या तथा चुनौति

पालिकाको क्षेत्रगत योजनाको अभावमा यस क्षेत्रले अत्यन्त कम प्राथमिकता पाएको, साहित्य केन्द्र, पुस्तकालय, प्रविधिको प्रचार प्रसारको कमी, भाषा कला संस्कृतिको संरक्षण र सर्म्बद्धनका लागि वाचलनालय, संग्रहालय जस्ता संरचनाहरूको अभाव रहेको छ ।

ग) दिर्घकालिन सोच

सबै भाषा, धर्म र संस्कृतिबीच एकता ।

घ) लक्ष्य

सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्ने ।

ङ) उद्देश्य

विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्ने

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
कला, भाषा, संस्कृति र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा	संख्या	२०	२२	२४	२५	सामुहिक छलफल, प्रोफाइल	
संरक्षित कला,संस्कृति रसम्पदाका प्रकार	संख्या	१०	१२	१४	१६		
संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व	संख्या	३	३	३	४		
स्थानीय लोपन्मुख भाषाहरु	संख्या	४	४	४	४		
वोलीचालीका स्थानीय भाषाहरु	संख्या	२	२	२	२		
स्थानीय भाषा, कला, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्र	संख्या	०	०	०	१		
स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति	संख्या	०			३		
स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धान	संख्या	१			३		
स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन	संख्या	०			२		
भाषा साहित्य संस्कृति आदिवासी ज्ञानसिप र कला प्रदर्शन	संख्या	१			२		

श्रोत : सामुहिक छलफल, प्रोफाइल

छ) रणनीति

रणनीति	कार्यनीति
जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने ।	▪ धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ । ▪ भाषा, कला र साँस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
भाषा, कला र साहित्य, बहुसाँस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने	▪ सबै जात जातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि स्थानीय पाठ्यक्रमको विकास गरिनेछ । ▪ धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- स्थानिय भाषाको पाठ्यक्रम विकाश गर्ने
- लोपउन्मुख विभिन्न जात्रा, पर्वहरुको संरक्षण
- मठ मन्दीर र ऐतिहासिक धरोहरहरुको संरक्षण
- सस्कृति, कला संग्रहालय निर्माण
- मौलिक भेष भुषा, वाजा संरक्षण कार्य
- आदीवासी, जनजातीको उत्थान एंव विकाश कार्यक्रम
- जनजाती विधार्थीका लागी छात्रवृति कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा भाषा,साहित्य तथा कलाको संरक्षण,विकास र प्रवर्द्धनका लागि स्थानीय भाषा, कला, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्रको स्थापना भएको हुने छ ।

४।८ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

क) विद्यमान अवस्था, संभावना र अवसर

सामाजिक विकास अन्तर्गत अत्यन्तै सम्वेदनशील मानिएको लक्षित वर्ग तथा सामाजिक समावेसीकरण क्षेत्रको सन्दर्भमा इन्द्रसरोवर गाउँपालिकालाई हेर्दा कूल जनसंख्याको ८०८६ जनसंख्या महिलाको रहेको छ ।पालिका भित्र ७ वटा वालक्लब गठन भएका छन । कुल जनसंख्याको ७.४४ प्रतिशत जनसंख्या सामाजिक सुरक्षा भत्ताको पहुँचमा पुगेका छन् । कला, संस्कृती तथा भाषामा २० जनाले जिल्ला तथा प्रदेश स्तरमा पालिकाको प्रतिनिधित्व गरेका छन् ।यस पालिकामा बिद्यालय उमेर समुहका जनसंख्यालाई शिक्षा दिक्षा, आदिवासी, जनजाति, दलित, उत्पिडित, अपांगता भएका, एकल महिलाहरूका लागि नेतृत्व विकास, अपाङ्ग, महिला लक्षित व्यावसायिक शीप, लैगिक हिंसा विरुद्ध क्रियाशील संयन्त्रहरूलाई प्रभावकारी परिचालन गर्न सकेको खण्डमा पालिकालाई लैगिक बिभेद, हिसा, रुढीवादी अन्धबिश्वासमुक्त बनाई सामाजिक सदभाव र न्यायपूर्ण समाज निर्माण गर्न सकिने संभावना देखिन्छ ।

ख) समस्या तथा चुनौति

लक्षित समुदायको खण्डिकृत तथ्यांक अद्यावधिक नहुनु, महिला समूह तथा समितिहरूमा सबै महिला आवद्ध नहुनु, महिलाहरूमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव, विशेष शिक्षा प्रणालीको कमी देखिन्छ । सक्रिय रुपमा बालक्लवको संचालन र परिचालन नभएको तथा बालअधिकारको पर्याप्त जानकारी बालबालिकामा नभएको अवस्था छ । दलित सन्जाल गठन, जेष्ठ नागरिक दिवा सेवा केन्द्र जस्ता महत्वपूर्ण सुविधाको व्यवस्था हुन सकिरहेको छैन । सामाजिक बिकृति तर्फ वालविवाह, वहुविवाह, महिला हिंसा तथा सम्वन्ध बिच्छेद लगायतका घटनाहरू न्यायिक समितिमा अभिलेखिकरण हुने गरेको र केही घटनाहरू सनुवाईको चरणमा भएबाट यस्ता सामाजिक बिकृति तर्फ यथेष्ट ध्यान दिनु पर्ने अवस्था देखिएको छ ।

ग) दिर्घकालिन सोच

सामाजिक सदभाव र न्यायपूर्ण समाज निर्माण

घ) लक्ष्य

सम्पूर्ण गाउँबासीमा सामाजिक न्यायको धारणाको बृद्धि गर्ने ।

ङ) उद्देश्य

लक्षित वर्गको समाबेशीकरण सहभागिता, बैयक्तिक, आर्थिक, सामाजिक सशक्तिकरण गर्दै आत्मनिर्भर भएको हुनेछ

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला	संख्या	३८८	४२०	४५०	५००	म.सहकारी संस्था	
महिला उद्यमशीलता, क्षमता तथा सीप	रु.	१० लाख	१२ लाख	१५ लाख	२० लाख		

सूचक	इकाइ	आधार वर्ष २०७७/७८सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
विकास कार्यक्रमका लागि वजेट व्यवस्था							
सम्पत्ति माथिको स्वामित्व भएका महिला	प्रतिशत						
घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार	प्रतिशत	१५.३	१६	१८	२०		
महिला सञ्जाल तथा आमा समूहहरु	संख्या	१७१	१८०	१९०	२००	म.सहकारी संस्था	
अन्तरपाटी महिला सञ्जाल	संख्या	६					
महिला सहकारी संस्था	संख्या	४	५	६	७		
महिला सहकारी संस्थामा आवद्ध सदस्य	संख्या	३९९५	४०५०	४१००	४२००	म.सहकारी संस्था	
बाल विवाह (कूल जनसंख्याको)	प्रतिशत	३ जोडी			०	महिला तथा वालवालिका कार्यालयवाट वदर गराइएको	
वडास्तरीय बालसञ्जाल, समूह, क्लव गठन	संख्या	७ वाल क्लव ५ बालसंजाल	८	९	१०		
वालश्रम तथा शोषण रहेका वालवालिका	संख्या	६०	४०	२०	०	म.वा.शाखा	
असहाय, वेसहारा तथा आश्रयहीन वालवालिका	संख्या	५८	५०	३०	०		
वाल सहभागिता भएका समितिहरुको संख्या (विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, आदि)	सख्या	७	८	९	१०	म.वा.शाखा	
असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको संख्या	संख्या	५			०		
स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक	संख्या	०		१	२		
सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या	प्रतिशत	७.४४	८	९	१०	पंजिकरण	
गरिवसंग विश्वेश्वर कार्यक्रमवाट लाभान्वित समूह	संख्या						
परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व	प्रतिशत	५०	६०	८५	१००		
लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम	रु.	१ लाख	२ लाख	५ लाख	१० लाख		
लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको)	प्रतिशत						

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
महिला हिंसा न्यूनिकरण गर्ने तथा निणर्य प्रक्रियामा महिलाको पहुचमा बृद्धि गर्ने ।	▪ महिला शसक्तिकरण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ । ▪ वाल विवाह, वालश्रम, वालहिंसा लाई न्युनिकरण गरिनेछ ।
जेष्ठ नागरिक, अपांगता भएका तथा अल्पसंख्यकलाई सहभागिताको सुनिश्चितता गर्ने ।	▪ व्यावसायिक तथा राजनीतिक क्षेत्रमा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यकलाई प्राथमिकता दिइनेछ । ▪ समाजिक सुरक्षा भत्ता वितरणलाई सहज तथा जेष्ठ

	नागरीकमैत्री पालिका बनाइनेछ । ▪ सवै महिलालाइ सहकारीमा आवद्ध गराउने तथा महिला संजाल गठन गर्ने व्यवस्था मिलाइनेछ । ▪ सवै प्रकारका लैङ्गिक हिसां अन्त्य गर्ने तथा हिसां पिडितलाइ संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

ज) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा बाल श्रम मुक्त क्षेत्र घोषणा भएको हुनेछ । लैंगिक हिन्साको मौज्दात ८५ प्रतिशतले बृद्धि भएको हुनेछ । जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य बिमाको व्यवस्था भएको हुनेछ । अस्थाई सेफ हाउस स्थापना भएको हुनेछ ।

४।८।१ युवा

क) विद्यमान अवस्था, संभावना र अवसर

काम गर्ने सोच छ, खेलाडीहरू छन, साक्षर युवा छन र सामुहिकता समेत छ । यस आधारमा युवा परिचालन खाका सहित गाउँपालिका क्षेत्रबाट उत्पादित युवा खेलाडीहरूको उचित सम्मान, आधारभूत खेलकुद पूर्वाधारहरू निर्माण गर्न सकेको खण्डमा खेलकुद क्षेत्रले फड्को मार्न सक्ने देखिन्छ । यसै गरी युवाहरूलाई स्थानीय सीप तथा श्रोतमा आधारित उद्यम विकास, स्थानीय उत्पादकत्वमा वृद्धि, एक वडा एक बिशेष खेल मैदान निर्माण गर्न सकेको खण्डमा रोजगारीको संभावनाको ढोका खुल्ने र युवाको बैदेशिक रोजगारी प्रतिको आकर्षण घट्न गई पालिकाको उत्पादन वृद्धि हुने प्रवल सम्भावना रहेको छ ।

ख) समस्या तथा चुनौति

युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन भइरहेको छ ।

ग) दिर्घकालिन सोच

युवा जनशक्तिको विकास समृद्धिको आधार।

घ) लक्ष्य

युवा जनशक्तिलाई सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने ।

ङ) उद्देश्य

युवाहरुको दक्षता अभिवृद्धि गरी उद्यमशील तथा स्वरोजगार बनाउने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
युवाहरुको कूल वेरोजगारीता	प्रतिशत	६	५	४	२	गा.पा.सर्भे-२०७६	
शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन)	संख्या	६२४	६००	५३०	४५०	गा.पा.सर्भे-२०७६	
आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा	संख्या	४२८	४६०	५००	५५०	समुह छलफल	
आयमूलक व्यवसायिक सीप विकास तालिमवाट रो र तथा स्वरोजगार युवा	संख्या	०	१०	३०	५०	समुह छलफल	
उद्योग जगा, व्यापार व्यवसायमा युवाहरुको आवद्धता	प्रतिशत	१०	१२	१५	२०	समुह छलफल	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवाहरु	संख्या	१५०	२००	२५०	३००	गा.पा. कार्यालय	
युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमवाट युवाहरु	संख्या						
स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता	प्रतिशत	७५					

छ) रणनीति र कार्यनिति

रणनीति	कार्यनीति
युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।	▪ युवाहरूलाई वैदेशिक पलायन हुन बाट रोक्दै, उद्यम व्यवसाय र श्रम गर्न सक्षम बनाइनेछ । ▪ पालिकामा भएका युवाहरुमा भएको क्षमता सिप र योग्यता अनुसार दक्ष बनाई स्थानिय स्तरमै रोजगार सिर्जना गरिनेछ ।
युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने	▪ युवाहरूमा रहेको सामुहिक भावना र जागरुकतालाई मध्यनजर गरेर जिम्मेवार नागरिक निर्माण हुने गरि समाजसेवाको भावना जगाउँन युवाक्लवहरू संसद गठन गरी क्षमता अभिबृद्धि गरिनेछ । ▪ युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइनेछ

ज) प्रमुख कार्यक्रम

- युवा उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम ।
- सीपविकास तथा क्षमता अभिबृद्धि प्रशिक्षण कार्यक्रम ।
- युवा क्लब भवन निमार्ण ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा बेराजगारिको संख्या २ प्रतिशतमा झरेको हुनेछ । आयमुलक व्यवसायिक सिप मुलक तालिम प्राप्त गरेको युवाहरु २८ प्रतिशतले बृद्धि भएको हुनेछ । उद्योग व्यापार व्यवसायमा युवाहरुको आवद्धता २० प्रतिशत पुगेको हुनेछ ।

४।८।२ महिला

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिका मार्फत महिला शसक्तिरण सम्बन्धि विभिन्न समयमा तालिम तथा अभिमुखिकरण कार्यक्रम गरि रहेको छ । विभिन्न व्यवसायिक सिपमुलक तालिम प्राप्त महिलाको संख्या ३८८ जना रहेका छन् । १७१ वटा महिला संजाल तथा आमा समुह रहेका छन् । १५.३ प्रतिशत महिलाहरु घरव्यवहार तथा कारोबार सम्बन्धि निर्णयमा सहभागि हुने गरेको छ । ३९९५ जना महिला सदस्य रहि विभिन्न ४ वटा महिला सहकारी सञ्चालनमा रहेको छ ।

ख) समस्या तथा चुनौति

जनचेतना कमिको कारणबाट महिलाहरु छुवाछुत तथा परम्परागत संस्कारबाट ग्रसित देखिन्छ । उद्यमशिलता क्षमता तथा सिप विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा नरहेको । समय समयमा जनचेतना मुलक तथा साक्षरता अभियान कार्यक्रम सञ्चालन नभएको । हिंसाका घटनाहरु औपचारीक रुपमा बाहिर नआउने । सामाजिक साँस्कृतिक सोच तथा व्यवहारका कारण महिला प्रतिनिधित्वमा उल्लेख्य उपस्थिती नभएको ।

ग) दिर्घकालिन सोच

लैंगिक समातामूलक समाजको निमार्ण ।

घ) लक्ष्य

महिला र पुरुषबीच सारभूत समानता कायम भएको हुनेछ ।

ङ) उद्देश्य

महिलालाई समग्र क्षेत्रमा सशक्त बनाई विकासको मुल धारमा ल्याउने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला	संख्या	३८८	४२०	४५०	५००	महिला सहकारी संस्था	
महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था	रु.	१० लाख	१२ लाख	१५ लाख	२० लाख	सहकारीको प्रतिवेदन	
घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार	प्रतिशत	१५.३	१६	१८	२०	प्रोफाइल	
महिला सञ्जाल तथा आमा समूहहरु	संख्या	१७१	१८०	१९०	२००	महिला सहकारी संस्था	
अन्तरपाटी महिला सञ्जाल	संख्या	६	६	६	६		
महिला सहकारी संस्था	संख्या	४	५	६	७	सहकारी प्रतिवेदन	
महिला सहकारी संस्थामा आवद्ध सदस्य	संख्या	३९९५	४०५०	४१००	४२००	महिला सहकारी संस्था	

छ) रणनीति

रणनीति	कार्यनीति
लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति तथा कानून तर्जुमा गर्ने ।	▪ लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ । ▪ संघीय तथा प्रदेश सरकारबाट महिलाहरुका लागि निमार्ण भएको कानुनको कार्यान्वय गरिनेछ ।
लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।	▪ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाइनेछ ।
आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।	▪ महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी बनाईनेछ । ▪ हिंसापीडित तथा प्रभावित महिलाको लागि एकीकृत् सेवा सहितको दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र सरकारबाट सञ्चालन गरिनेछ । ▪ महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ

ज) प्रमुख कार्यक्रम

- बुहारी शिक्षा प्रवर्द्धन कार्य
- महिला स्वरोजगार तथा आयमुल्क कार्यक्रम
- संगठन निर्माण तथा सीप विकाश तालिम
- महिला द्वारा संचालित पेशा व्यवसायमा दर्ताशुल्क तथा कर छुट एवं बजारीकरण प्रवर्द्धन
- लैगिंक हिसां तथा कानुनि प्रावधान वारे सचेतना कार्यक्रम
- लैगिंक हिंसा निवारण कोष स्थापना
- अस्थाई सेफ हाउसको व्यवस्थापन कार्य
- एक्कल महिला सुरक्षा कोष स्थापना

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमाव्यवसायिक सीपमूलक तालिम प्राप्त महिलाको संख्यामा २५ प्रतिशतले बृद्धि भएको हुनेछ । महिला सहकारी संस्था ७ वटा स्थापना भएको हुनेछ र सहकारी संस्थामा आवद्धता बृद्धि भएको हुनेछ । लैंगिक हिंसा निवारण कोष स्थापना भएको हुनेछ ।

४।८।३ बालबालिका तथा किशोरकिशारी

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिका अन्तरगत विभिन्न ७ वटा बाल क्लबले बालबालिका सम्बन्धि विभिन्न क्रृयाकलाप सञ्चालन गरि रहेका छ । अघोषितरुपमा लुकिछुपि बालविवाहको केहि घटना घटेको देखिन्छ । करिब ६० जना बालबालिकाहरु बालश्रम गर्ने गरेको छ ।

ख) समस्या तथा चुनौति

बालबालिकाको श्रम, हिंसा, बालविवहा न्युनिकरणको लागि वडा स्तरिय योजना तथा कार्यक्रम नियमित रुपमा सञ्चालन नरहेको । बाल क्लबहरुलाई अर्थपुण सहभागिता नगराउनु । बिद्यालय स्तरमानै बालबालिकाहरलाई बाल क्लबमा आवद्धता गराई जनचेतना मुलक कार्यक्रमहरुमा सहभागिता नगराईएको तथा प्रोत्साहन को योजना नभएको ।

ग) दिर्घकालिन सोच

बालबालिका तथा किशोरकिशोरी मैत्री समाजको निर्माण ।

घ) लक्ष्य

बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मान भएका नागरिक निर्माण गने ।

ङ) उद्देश्य

- बालबालिकाको हरेक क्षेत्रमा अर्थपुर्ण सहभागिता गरी बाल अधिकारको सुनिश्चता गर्ने ।
- बालबालिका तथा किशोरकिशोरीमैत्री बातावरण सिर्जना गर्नु

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
बाल विवाह (कूल जनसंख्याको)	प्रतिशत	३ जोडी			०	महिला तथा वालवालिका कार्यालयवाट वदर गराइएको	
वडास्तरीय बालसञ्जाल, समूह,	संख्या	७ वाल क्लव	८	९	१०		

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
क्लव गठन		५ बालसंजाल					
वालश्रम तथा शोषण रहेका वालवालिका	संख्या	६०	४०	२०	०	म.वा.शाखा	
असहाय, वेसहारा तथा आश्रयहीन वालवालिका	संख्या	५८	५०	३०	०		
वाल सहभागिता भएका समितिहरुको संख्या (विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, आदि)	सख्या	७	८	९	१०	म.वा.शाखा	

छ) रणनीति र कार्यनिति

रणनीति	कार्यनीति
सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिका तथा किशोरकिशोरीलाई उचित संरक्षण गर्ने ।	• बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह,बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध कानूनी सुधार गरी शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । • बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय, बालविवाह, बालश्रम, बालबालिका विरुद्धको हिंसा, लागू औषध, बाल यौनदुर्व्यव्यहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसारपसार लगायत बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । • हिंसाप्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।
बालबालिका तथा किशोरकिशोरीको शारीरिक, मानसिक, संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने	• प्रत्येक विद्यालयहरूमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ । • विद्यालय तहको शिक्षामा स्वास्थ्य, यौन तथा प्रजनन् अधिकारका विषयहरू, बालविवाहका नकारात्मक असर सम्बन्धी विषय समावेश गरिनेछ ।
बालबालिका र किशोरकिशोरीहरूको सहभागिता प्रवर्द्धन गर्ने	• बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूहको गठन, विस्तार तथा परिचालन गरी बालबालिका र किशोरकिशोरीहरूको सहभागिता बढाइनेछ । • नीति निर्माण तहमा बालबालिका तथा किशोरकिशोरीको सहभागिता सुनिश्चित गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- बाल विवाह, बाल हिसां तथा बालश्रम न्युनिकरण कार्यक्रम
- विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरूको संरक्षण र पुर्नःस्थापना गर्ने ।
- बालबालिका अधिकार तथा किशोरकिशोरी अधिकारको जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम
- बाल क्लब, बाल संजाल गठन तथा सकृय संचालन कार्य
- प्रावधिकधारका जेहनदार छात्रालाई छात्रबृत्ति कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा बालविवाह, बालश्रम ताथ शोषणमा परेको बालबालिकाको संख्या शुन्यमा झरेको हुनेछ । बालबालिकाहरुको विभिन्न समितिहरुमा बाल सहभागिताको सुनिश्चितता भएको हुनेछ ।

४।८।४ ज्येष्ठ नागरीक

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिका भित्र रहेका ८३८ जना जेष्ठ नागरिकलाई सहज वातावरण मा सामाजिक सुरक्षा भक्ता वितरण गरिएको छ । जसमध्ये पुरुष ३४६ र महिला २८७ रहेको छ । १३ जना दलित जेष्ठ नागरिक सहित एकल महिला १९२ रहेको छ । पालिका स्तरमा जेष्ठ नागरि भवन नभएको भएता पनि २,३,४ मा भेटघाट केन्द्रको निर्माण गरिएको छ ।

ख) समस्या तथा चुनौति

पालिकाबाट जेष्ठ नागरीकहरुलाई भक्ता वितरण कार्य बैक मार्फत भएता पनि बैक सम्म जानको लागि समस्या रहेको छ । जेष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनजर गरि कार्यक्रमहरु सञ्चालन नभएको । नियमितरुपमा स्वास्थ्य परिक्षणको व्यवस्था नभएको । जेष्ठ नागरीकहरुलाई परिवारले हेर्ने दृष्टिकोणमा चेतना कमी रहेको छ ।

ग) दिर्घकालिन सोच

ज्येष्ठ नागरिकहरुको संरक्षणसहितको सम्मानित जीवन ।

घ) लक्ष्य

ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरिक्षत र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गरि विकासको लागि उपयोग गर्ने ।

ङ) उद्देश्य

- ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको संख्या	संख्या	५			०		
स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक	संख्या	०		१	२		
सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या	प्रतिशत	७.४४	८	९	१०	पंजिकरण	

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने	▪ ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ ।
ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि गर्ने	▪ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ
ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने ।	▪ ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ
दलित, जनजातीको आय आर्जन तथा सामाजिक सुरक्षा सेवालाई बृद्धि गर्ने	▪ सामुहिक सहभागीताको सुनिश्चितता गरिने छ । ▪ आयमुलक तथा सिपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाइने छ ।

ज) प्रमुख कार्यक्रम

- ज्येष्ठ नागरिक मैत्री पुर्वाधार निर्माण गर्ने (भेटघाट तथा अध्ययन केन्द्र)
- निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम
- ज्येष्ठ नागरीक निःशुल्क स्वास्थ्य बिमाको योजना
- स्याहार र संरक्षण कार्यक्रम
- दलित तथा जनजातिहरुका लागि आत्मनिर्भर कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमासामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिकमैत्री वितरण व्यवस्थापन भएको हुनेछ । जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य बिमा तथा समिति गठन गरि अभिलेख व्यवस्थित भएको हुनेछ । दलित तथम जनजातिहरुले आवश्यकताको आधारमा क्षमता अभिबृद्धि तालिम पाएका हुनेछन् ।

४।८।५ अपाङ्गता भएका व्यक्तिहरु

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिकाका विभिन्न क्षेत्रहरु (व्यवसायिक, राजनीतिक) अपांगता भएका व्यक्तिहरुको प्रतिनिधित्व रहेको छ । विभिन्न सिप उद्यमशिलता तालिम प्राप्त गर्ने अपांगता भएका व्यक्तिहरु रहेका छन । पालिकाको विभिन्न स्थानहरुमा अपांगमैत्री संरचना निर्माणको क्रममा रहेको छ । पालिकाले गरेको सर्वेक्षणको आधारमा ३७१ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जस मध्ये सामाजिक सुरक्षा भत्ता पूर्ण अपाङ्गता ४३ जना र अति अशक्त ९६ जनाले सेवा सुविधा पाईरहेका छन् ।

ख) समस्या तथा चुनौति

अपांङ्ग मैत्री पुर्वाधार तथा संरचनाको अभाव रहेको । व्यवसाय सञ्चालनको लागि पर्याप्त तालिम, बजेटको व्यवस्था नरहेकोले जिवन यापनमा सहजीकरण ल्याउन उचित योजना कार्यान्वयवमा ल्याउनुपर्ने रहेको छ । व्यवसायिक तथा राजनीतक क्षेत्रमा समानता नरहेको ।

ग) दिर्घकालिन सोच

अपाङ्गता भएको व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवन

घ) लक्ष्य

साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरण निर्माण गर्ने ।

ङ) उद्देश्य

अपांगता भएका व्यक्तिलाई आधारभूत सेवा, श्रोत र प्रविधिमा सहज पहुच गर्दै जीवनयापनमा आत्मनिर्भर तथा सहजता प्रदान गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
अपांगता भएको व्यक्ति	संख्या	३७१	३७१	३७५	३८०	प्रोफाइल	
सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या	संख्या	१३९	१४०			प्रतिवेदन	
स्वरोजगार तालिम प्राप्त व्यक्ति	संख्या	५ जना	१०	२०	५०	प्रतिवेदन	

छ) रणनीति

रणनीति	कार्यनीति
अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच बढाउने	• भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू र सेवा सुविधा अपाङ्गमैत्री बनाई दैनिक क्रियाकलाप गर्न सहज हुने वातावरण निर्माण गरिनेछ । • शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ
सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने	• अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरूलाई आत्मनिर्भर बनाइनेछ । • गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा र आवश्यक स्वास्थ्योपचारको व्यवस्था गरिनेछ । • पूर्ण अशक्त, अति अशक्त, अटिजम, डाउन सिन्ड्रम, र बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था मिलाइनेछ

ज) प्रमुख कार्यक्रम

- अपांङ्गता भएका नागरीकहरुलाई सहायक सामाग्री वितरण कार्य
- अपांगता भएका व्यक्तिलाई उद्यमी तथा स्वरोजगार कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा अपांङ्गमैत्री संरचना निमार्णका लागि पहल भएको हुनेछ । योजनाबद्ध कार्यक्रम सञ्चालन गरि आय मुलक सिप सञ्चालन गरिनेछ । साथै सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण गरीएको हुने छ ।

परिच्छेद–पाँच

५ पूर्वाधार क्षेत्र विकास

क) पृष्ठभुमि

इन्द्रसरोवर गाउँपालिकाको आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक तथा वाटो, पुल पुलेसा निर्माण, परम्परागत गोरेटो, आवास, सिंचाइ पूर्वाधार, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र संचार तथा सूचना प्रविधिको उपयोग जस्ता क्षेत्रहरू पर्दछन् । गाउँपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदमका सम्बन्धमा संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

ख) विद्यमान अवस्था

पालिकाभित्र सवै वडा जोडिने गरी करिव ३७४ कि.मी.कच्ची सडक, ४६ कि.मी. ग्राभेल सडक र १२ कि.मी कालोपत्रे सडक रहेको छ । ४ वटा पक्की पुल मार्फत आन्तरिक तथा वाह्य यातायात सेवा संचालन भइरहेको छ भने ४ वटा झोलुङ्गे पुल मार्फत पालिकाको बिभिन्न क्षेत्रवीच आगमन सहज बनाएको छ ।

यस गाउँपालिकामा करीब ७९ प्रतिशत घरहरूमा बिद्युत सेवा तथा सौर्य उर्जाको उपयोग भइरहेको छ । करिब २० प्रतिशत घरधुरीमा मात्र धुवाँरहित चुल्हो जडान भएको अवस्था छ । खाना पकाउने इन्धनको उपयोग दाउराको प्रयोग भइरहेको छ ।

ग) पूर्वाधार विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार विकास क्षेत्रको लागि आधारभुत भौतिक एंव सामाजिक पुर्वाधारहरुको वातावरणमैत्री, दिगो र गुणस्तरीय निर्माण, स्तरोन्नती र नियमित मर्मत संभार गर्दै सेवा प्रवाहलाई व्यवस्थित भरपर्दो र सुरक्षित बनाई सेवा सुविधामा पहुँच अभिबृद्धि गर्ने तथा सहज बनाईने,भन्ने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

घ) तालिका ५: पूर्वाधार विकासको उद्देश्य सूचक (आधार रेखा) तथा आवधिक योजनाको लक्ष्य परिमाणाम

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
कूल सडकको लम्वाइ	किमि	४३२	४४२	४६७	५०२	पलिकाको बार्षिक प्रगति प्रतिवेदन	सरकारी अनुदानमा बृद्धि
एकीकृत भौतिक सेवा सुविधा उपलव्ध वजार क्षेत्रहरु	संख्या	९	१०	१३	१६	पलिकाको बार्षिक प्रगति प्रतिवेदन	४४२
विद्युत सेवामा पहुँच प्राप्त घरधुरी	संख्या	३००१	३२००	३३९१	३३९१	पलिकाको बार्षिक प्रगति प्रतिवेदन	
वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरघुरी	संख्या	७९	२००	४००	५००	प्रोफाइल	
नियमित सिंचित क्षेत्र	हेक्टर					प्रोफाइल	
निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु	संख्या	०	१	६	७	प्रोफाइल	
महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना	संख्या	२	५	१५	३०	प्रोफाइल	
भूकम्प प्रतिरोधात्मक मापदण्ड पूरा भएका सुरक्षित सार्वजनिक संरचना	संख्या	१३	१७	२७	४७	प्रोफाइल	
आधारभूत भौतिक पूर्वाधार (	संख्या	५	६	८	१०	प्रोफाइल	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
खानेपानी, विद्युत, सडक, सञ्चार, विद्यालय, स्वास्थ्य चौकी) पुगेका वस्तीहरु							
वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या	प्रतिशत	५	५.५	६	६.५	प्रोफाइल	

ङ) प्रमुख रणनीतिहरू

- सडक यातायात तथा पूल पुलेसाको निर्माण तथा स्तरोन्नति गरी सडकहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याइनेछ।
- भौतिक निर्माणहरुमा भूकम्प प्रतिरोधी प्रविधि र मापदण्डको पूर्ण रुपमा पालना गरी गराई वातावरणमैत्री, बालबालिकामैत्री, महिलामैत्री तथा जेष्ठ नागरिकमैत्री बनाइनेछ
- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादनलाई वृद्धि गरिनेछ
- केन्द्रीय विद्युत लाइन प्रसारण तथा बैकल्पिक उर्जाको व्यवस्था गरी प्रत्येक घरघरमा विद्युतको सेवा पुराइनेछ
- सूचना प्रविधिको तथा सञ्चार पूर्वाधारको विकास र विस्तार एवम् उपयोगबाट वैज्ञानिक संस्कारको विकास गर्दै दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकास गरिनेछ

५।१ भु उपयोग

क) विद्यमान अवस्था, संभावना र अवसर

भू उपयोग सम्वन्धि विवरण हेर्दा जम्मा क्षेत्रफल ९७.३२ वर्ग कि.मी. भएको ईन्द्रसरोवर गाँउपालिकामा कूल भुभागको ४४.१२ प्रतिशत भुभाग जंगल तथा १७.९६ प्रतिशत झाडी गरी ६२ प्रतिशत वन क्षेत्रले ओगटेको छ भने कृषि क्षेत्रले ३२.९४ प्रतिशत भुभाग ओगटेको छ । गैह्रकाष्ठ वन पैदावार उत्पादन /विक्री वितरण, वनमा आधारित उद्योगको स्थापना,जडिबुटि उत्पादन , कार्बन संचितिकरण वाट लाभ तथा व्यावसायिक कृषि एवं पशु पालन को प्रचुर संभावना रहेको छ ।

तालिका नं. २.१ भू उपयोग सम्वन्धि विवरण

भू उपयोग	क्षेत्रफल (वर्ग कि.मि.)	प्रतिशत
जम्मा क्षेत्रफल	**९७.३२**	**१००**
वन जंगल क्षेत्र	४२.९४	४४.१२
कृषि क्षेत्र	३२.०६	३२.९४
झाँडी क्षेत्र	१७.४८	१७.९६
घाँसे क्षेत्र	१.७३	१.७८
नदी, नाला	१.६७	१.७२
बगर वा बलौटे क्षेत्र	१.०६	१.०९
बाँझो जग्गा	०.२१	०.२१
भिरालो जमिन	०.१६	०.१६
ताल तलैया	०.०१	०.०१

नेपालको कुल भुभागको ०.०६ प्रतिशत भुभाग र मकवानपुर जिल्लाको कुल भुभागको ४.०१ प्रतिशत भुभाग इन्द्रसरोवर गाँउपालिकाले ओगटेको छ ।

नक्सा नं. २



ख) समस्या र चुनौती

गाउँपालिकाको समग्र भूउपयोग नीति नहुनु, जमिनको खण्डीकरण, भौगोलिक विकटता, अव्यवस्थित वस्ती विकाश, अव्यवस्थित सडक पूर्वाधार निर्माणले मानव सिर्जित प्रकोप वढनु, प्राकृति श्रोत सधनको अत्यधिक दोहन प्रमुख समस्या एवं चुनौतिको रुपमा रहेको छ ।

ग) दिर्घकालिन सोच

भुउपयोगको नीति कार्यान्वय र वस्तीविकास ।

घ) लक्ष्य

पालिकाले भुउपयोग नीति निमार्ण गर्ने छ ।

ङ) उद्देश्य

- गाउँपालिकाको समग्र भूउपयोग नीति निमार्ण गर्ने ।
- सुरक्षित तथा व्यवस्थित वस्ती विकास र अयोग्य भुमिको पहिचान गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
		२०७७/७८ सम्म	२०७८/७९	२०८०/८१	२०८२/८३		
आधारभूत भौतिक पूर्वाधार (खानेपानी, विद्युत, सडक, सञ्चार, विद्यालय, स्वास्थ्य चौकी) पुगेका वस्तीहरु	संख्या	५	६	८	१०		
वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या	प्रतिशत	५	५.५	६	६.५		
जोखिमयुक्त वस्तीहरु	संख्या	६०	५०	४०	३०		
आधारभूत पूर्वाधार सहित व्यवस्थित वजार	संख्या	५	६	८	१०		
सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र	संख्या	0	१	२	४		
व्यवस्थित वसपार्क तथा वस स्टेशन	संख्या	0	१	२	३		

छ) रणनीति

- पालिकाको भूउपयोग नीति तर्जुमा गर्ने
- कृषियोग्य जमिनको चक्लावन्दी गर्ने
- वातावरणीय प्रभाव मुल्याकंन एवं प्रारम्भिक वातावरणीय परीक्षण पूर्वाधार निर्माण तथा प्राकृतिक श्रोत साधन उपभोग मा अनिवार्यत ागर्ने
- व्यवस्थित वस्ती विकाश गर्ने
- जोखिमयुक्त स्थानमा रहेका वस्ती स्थानान्तरण गर्ने

ज) प्रमुख कार्यक्रम

- भूउपयोग नीति निर्माण तथा कार्यान्वय
- व्यवस्थित वस्ती विकाश एवं प्राकृतिक श्रोत साधन उपभोग सम्वन्धमा संभाव्यता अध्ययन

- भूउपयोग नीति अनुरुप वजार, वस्ती, सार्वजनिक स्थल विकाश
- वस्ती स्थानान्तरण कार्य
- व्यवस्थित जग्गा विकास कार्य

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा भुउपयोग नीति तयार भएको हुनेछ । ब्यवस्थीत वस्ती विकास एवं प्राकृतिक श्रोत साधान सभाव्यता अध्ययन गरी जोखिमका वस्तीलाई स्थान्तरण भएको हुने छ ।

५।२ सडक यातायात, पुल पुलेसा

क) विद्यमान अवस्था, संभावना र अवसर

पालिकाभित्र सवै वडा जोडिने गरी करिव ३७४कि.मी.कच्ची सडक, ४६ कि.मी. ग्राभेल सडक र १२ कि.मी कालोपत्रे सडक रहेको छ । ४ वटा पक्कीपुल मार्फत आन्तरिक तथा वाह्य यातायात सेवा संचालन भइरहेको छ भने ४ वटा झोलुङ्गे पुल मार्फत पालिकाको बिभिन्न क्षेत्रवीच आगमन सहज बनाएको छ ।

ख) समस्या र चुनौती

सडक मापदण्डको कार्यन्वयनमा कठिनाई हुन, अधिकांश सडकहरू कम चौडाइका हुनु, सडक दायाँ बाँया नालीको समस्या, ग्राभेल सडक तथा जीर्ण अवस्थाका कारण आवतजावतमा कठिनाई, सडक कटान, रिटेनिङ वाल तथा पुल जस्ता काममा ढिलाई जस्ता समस्याहरू प्रमुख रहेका छन । घरघरमा सडक भन्ने गाउँपालिकाको अघोषित नीतिका कारण केही वस्तीहरूमा सडक पहुँचका लागि नाङ्गा पहाडलाई छिया छिया हुने गरी सडक निर्माण गरिएको छ भने यसबाट भविष्यमा आइपर्न सक्ने विपद्लाई रोकथाम गर्न आगामी दिनमा घरघरमा सडक नीतिलाई परिमार्जन गरी सडक दायाँ बाँया घर निर्माण अभियान संचालन गर्नु पर्ने आवश्यकता महसूस गरिएको छ ।

ग) दिर्घकालिन सोचँ

सामाजिक आर्थिक विकासका लागि यातायात पूर्वाधार निमार्ण ।

घ) लक्ष्य

गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक-आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि गर्ने ।

ङ) उद्देश्य

सार्वजनिक आवागमनका लागि सुविधायुक्त सडक र यातायात सेवाको पहुच वृद्धि भई अन्तरआवद्धता र बजार विकास भएको हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
कालोपत्रे सडकको लम्वाइ	किमि	१२	५०	९०	१२०	प्रोफाईल	
ग्राभेल सडकको लम्वाइ	किमि	४६	१५०	२५०	३५०	सामुहिक छलफल	
धुले सडक लम्वाइ	किमि	३७४	२४२	१२७	३२	बार्षिक प्रतिवेदन	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
कृषि सडकको लम्वाइ	किमि	३३०	३४०	३६५	४००		
पक्की पुल (वेलीब्रिज समेत)	संख्या	४	५	७	८		
सहायक नदीमा झोलुङ्गे पुल	संख्या	४	५	७	९		
आंशिक रुपमा सार्वजनिक यातायात सुचारु सडक लम्वाइ	किमि	५७	६६	७४	८०		
स्थानीय स्तरमा सञ्चालित ४ पाङ्गे सार्वजनिक यातायात	संख्या	०	२	५	७		
पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक	संख्या	५	६६	६	६		
सडक सञ्जालवाट नजोडिएका वस्तीहरु	संख्या	५	४	२	०		
३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार	प्रतिशत	७०	७५	८५	९५		
नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने समयावधि	मिटर	६०	४५	४५	१५		
जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल	संख्या	२	३	३	४		
अन्तरपालिका सडक सञ्जाल संख्या	संख्या	१३	१३	१३	१३		
सडक नाली भएको सडक लम्वाइ	प्रतिशत	१०	२०	४०	८०		
नियमित मर्मत संभार भएको सडकको लम्वाइ	प्रतिशत	४०	६०	७०	८०		
वायो इन्जिनियरिङ प्रविधि र सडक साइड वृक्षारोपण	किमि	०	५	२०	३५		
डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाइ	किमि	५६	७६	१००	१२५		
वार्षिक सडक दुर्घटनाको संख्या	संख्या						

छ) रणनीति

रणनीति	कार्यनीति
१२ महिना सडक सञ्चालन गर्ने	▪ सडकहरु १२ महिना सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ । ▪ आवश्यकता अनुसार पुलहरु निमार्ण गरिनेछ । ▪ सडक मर्मत सम्भार गरी सडक तथा यातायात सम्बन्धि सम्पुर्ण कामहरुलाई व्यवस्थित बनाइनेछ ।

ज) प्रमुख कार्यक्रम

- १०८ कि.मि सडक कालो पत्रे गर्ने
- ३०४ कि.मि सडक ग्रवेल गर्ने
- नलि निर्माण तथा सडकहरुको मर्मत सम्भार तथा स्तरीकरण
- ४० कि.मि. नयाँ ट्रयाक निर्माण
- Bio Engineeringको कार्यहरु
- ४ वटा पक्की पुल निर्माण
- ५ वटा झोलङ्गे पुल निर्माण
- १० वट कल्भर्ट

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा ४०० कि.मि कृषि सडक निमार्ण हुनेछ । १२ महिना सञ्चालन गरि कृषिको आवश्यकत्व श्रोतमा सहज भएको हुनेछ । ४० किमि नँया ट्र्याक निर्माण तथा ३५० किमि सडक ग्राभेल भएको हुनेछ । पक्कि पुल ८ वटा निमार्ण भएको हुनेछ ।

५।३ सिंचाई पूर्वाधार

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिका क्षेत्रबाट वग्ने खोला आसपासका क्षेत्रमास्थानीय स–साना कूलो सिचाईको माध्यमबाट कृषि कार्यमा टेवा पुगिरहेको अवस्था छ । यस गाउँपालिकाको अधिकांश सुख्खा भूमिलाई कृषि उब्जाउ भूमिमा परिवर्तन गर्न सकिने ठूलो संभावना देखिन्छ । साथै कम पानी चाहिने बालीहरूको प्रवर्द्धन गर्न सकिन्छ भने भिरालो जग्गामा खेती गर्ने कृषि प्रविधि (Sloping agriculture land technology-SALT)प्रवर्द्धन गर्न सकिन्छ ।

ख) समस्या तथा चुनौति

अव्यवस्थित वस्ति विकास, जथाभावी सडक निर्माण, जलाधार क्षेत्रको संरक्षणको अभाव र जलवायु परिवर्तनको प्रभावका कारण अधिकांश सहतपानीका मुहानहरू सुक्दै गएको अवस्था छ भने परम्परागत रुपमा संचालित मुहान तथा कुलोहरू समयमै मर्मत सम्भार एवं बिस्तार हुन नसक्दा खेतीयोग्य जमिनमा सिंचाई सुविधा क्रमशः घट्दै गइरहेको छ । यसको प्रत्यक्ष असर कृषि उत्पादनमा पर्न गएको अवस्था छ ।

ग) दिर्घकालिन सोचँ

खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिचाई विकास ।

घ) लक्ष्य

सिंचाई प्रणाली व्यवस्थापन गरी कृषि उत्पादकत्व बृद्धि गर्ने

ङ) उद्देश्य

सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाई पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
खेतीयोग्य जमिन मध्ये सिंचित भूमि	हेक्टर	५०	५५	७०	९०	प्रतिवेदन	
वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि	हेक्टर	३०५०	३०४५	३०३०	३०३०		
खोला तथा मुहानहरुवाट सिंचित भूमि	हेक्टर						
प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी सङ्कलन, प्लाष्टिक पोखरी)	संख्या						
सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट (नहर, लिफ्ट) सिंचाइ क्षेत्र विस्तार	हेक्टर						
परम्परागत कूलो तथा पोखरीवाट भएको सिंचाइ भूमि	हेक्टर						

छ) रणनीति

रणनीति	कार्यनीति
पहाडका टारहरूमा सिंचाई सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने	• पहाडहरूलाई विशेष प्राथमिकतामा राखेर योजनाबद्ध सिंचाई विकास गरिनेछ • भूमिगत सिंचाइ, विद्युत् तथा सोलार लिफ्ट, पाइप, साना जलाशय तथा पोखरी निर्माण र बर्षातको पानी संकलन गरी सिंचित क्षेत्रको ब्यापक विस्तार गरिनेछ
सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने ।	• जल उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ ।
सिंचाई आयोजनाहरूको मुहान संरक्षण गर्ने ।	• मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण आयोजनामा परेको असर न्यूनीकरण गर्ने विभिन्न उपायहरू खोजी गरी अबलम्बन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट (नहर, लिफ्ट) सिंचाइ क्षेत्र विस्तार गर्ने ।
- सतह, पोखरी, ड्रिप, आकासे पानी सङ्कलन, प्लाष्टिक पोखरी को प्रविधिबाट सिचाइको व्यवस्था गर्ने
- मुहान संरक्षण कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा खेतीयोग्य जमिन मध्ये सिंचित भूमि ९० हेक्टर पुगेको हुनेछ । आधुनिक पूर्वाधार निर्माणवाट सिंचाइ क्षेत्र विस्तारको योजना सञ्चालन भएको हुनेछ । यान्त्रिकिकरण गरि वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ कम भएको हुनेछ ।

५।४ आवास तथा वस्ती विकास र सार्वजनिक निर्माण

क) विद्यमान अवस्था, संभावना र अवसर

इन्द्रसरोवर गाउँपालिका क्षेत्रका प्रमुख बजारकेन्द्रहरूतथा आसपासका क्षेत्रहरूमा वस्ती विकासको (टेकर, मार्खु, सिस्नेरी, पुरुण्डी, चखेल) क्रम तिव्र रहेको छ । यो क्रमलाई समयमै व्यवस्थित बनाउन सकिएन भने अव्यवस्थित वस्ती, कमजोर संरचनाका कारण एकातिर विकासको लागत अत्याधिक रुपमा वढ्न जाने देखिन्छ भने अर्कोतिर विपद जोखिमको अवस्था पनि त्यतिकै मात्रामा वढ्न जाने देखिन्छ ।

ख) समस्या र चुनौति

बसोवासका लागि अनुपयुक्त धरातल, अव्यवस्थित वस्ती, कमजोर संरचना, विपद जोखिमको वस्तुपरक बिश्लेषण हुन नसक्नु नै आवास तथा सार्वजनिक निर्माण तर्फको प्रमुख समस्या वा चुनौति देखिन्छ । व्यवस्थित वस्ति विकासको लागि भवन तथा योजना मापदण्ड, राष्ट्रिय भवन संहिताको पूर्ण परिपालना गर्ने जस्ता चुनौतिहरू विद्यमान रहेको छ ।

ग) दिर्घकालिन सोचँ

गुणस्तरीय, सुरक्षित र सुविधायुक्त सार्वजनिकभवन निर्माण ।

घ) लक्ष्य

सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण गर्ने ।

ङ) उद्देश्य

भौतिक निमार्णमा भूकम्प प्रतिरोधी प्रविधि र मापदण्डको पूर्ण रुपमा पालना गरी गराई वातावरणमैत्री, बालबालिकामैत्री, अपाङ्गमैत्री, महिलामैत्री तथा जेष्ठ नागरिकमैत्री बनाउनै। ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्तीहरु	संख्या	०					
जोखिमयुक्त वस्तीहरु	संख्या	६०	५०	४०	३०		
भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी दक्ष जनशक्ति	संख्या	-	-	-	-		
भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना	संख्या	१३	१८	२४	३३		
भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु	संख्या	१८२५	२०००	२२००	२६००		
आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार	संख्या	५	६	८	१०		
सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र	संख्या	०	१	२	४		
व्यवस्थित वसपार्क तथा वस स्टेशन	संख्या	०	१	२	३		
सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल	संख्या	०	१	३	५		

छ) रणनीति

रणनीति	कार्यनीति
सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरूको एकीकृत् रुपमाडिजाइन र निर्माण गर्ने ।	▪ सरकारी भवनहरूको डिजाइनमा एकरुपकता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ । ▪ सरकारी भवन तथा आवासहरूहरूको डिजाइन र निर्माण गर्ने कार्यलाई एकीकृत् रुपमा सञ्चालन गरिनेछ ।
पुराना सरकारी भवनहरूलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने ।	▪ सुरक्षित र कार्यमूलक नरहेका सरकारी भवनहरूको पहिचान गरी स्तर वृद्धि गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- जोखिम वस्ती स्थानान्तरण तथा न्युनिकरण योजनाहरु संचालन
- भूकम्प प्रतिराधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचनाहरु निर्माण गरीने
- बजार व्यवस्थापनको लागि योजना
- खुला पार्क निर्माण
- गाउँपालिका स्तरिय तथा प्रत्येक वडामा खेलकुद मैदान निर्माण गर्ने
- बस पार्क निर्माण
- सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल निर्माण योजना

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा जोखिमयुक्त रहेका बस्तीहरु लाई योजनाबद्ध तरिकाबाट कार्यक्रम सञ्चालन गरि जोखिम न्युनिकरण भएको हुनेछ । ६५ प्रतिशत भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना भएको हुनेछ । १० वटा आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार निमार्ण भएको हुनेछ । सुविधा सम्पन्न उद्यान सहितको ४ वटा खुल्ला पार्क क्षेत्र निमार्ण भएको हुनेछ ।

५।५ विद्युत तथा वैकल्पिक उर्जा

क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकामा करीब ९७ प्रतिशत घरहरूमा बिद्युत सेवाको पहुँच रहेको छ भने ७९ घरधुरीले मात्र सौर्य उर्जाको उपयोग भइरहेको छ । १४.२ प्रतिशत घरधुरीले सुधारिएको उर्जा खाना पकाउन प्रयोग रहेको छ भने ८५.८ प्रतिशतले परामरागत उर्जा (दाउरा) प्रयोगमा रहेको छ ।

ख) समस्या र चुनौति

यस गाउँपालिकामा विद्युत सेवा पुग्न वांकी घरधुरीहरूमा बिद्युत वा अन्य वैकल्पिक उर्जा (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) जस्ता सुविधाको विस्तार पूर्ण रुपमा हुन सकिरहेको अवस्था छैन । विद्युतको वितरण प्रणाली व्यवस्थित हुन नसक्दा, भएका स्थानमा पनि काठका जीर्ण पोल आदीका कारण जोखिम वढ्दो छ भने भोल्टेजका कमीका कारण उद्योग व्यवसाय संचालन हुन असहजता छ । घरधुरीले खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग गरिरहेको तर सुधारिएको चुलोको प्रयोगमा कमीले ग्रामीण बस्तीहरूमा स्वास प्रस्वास रोगको जोखिमा रहेको देखिन्छ । यसै गरी सार्वजनिक स्थल एवं महत्वपूर्ण सडकहरूमा सडकबत्तीको व्यवस्था प्रयाप्त हुन सकेको छैन ।

ग) दिर्घकालिन सोचँ

जलविद्युत् तथा बैकल्पिक उर्जाको तीब्र विकासमार्फत् दिगो आर्थिक विकास

घ) लक्ष्य

जलविद्युत् तथा वैकल्पिक उर्जा उत्पादन, प्रयोग क्षमता र दक्षता बृद्धि गरी आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने

ङ) उद्देश्य

केन्द्रीय विद्युत लाइन प्रसारण तथा बैकल्पिक उर्जाको व्यवस्था गरी प्रत्येक घरघरमा विद्युतको सेवा पुराउने

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
स्थानीय स्तरमा विद्युत उत्पादन	संख्या	१	१	१	१	प्रोफाइल	
स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको उत्पादन गर्ने संस्था	संख्या	०				प्रोफाइल	
सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी	संख्या	७९	२००	४००	५००	प्रोफाइल	
सुधारिएको ऊर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी	संख्या	१४.२	२०	३५	५०	प्रोफाइल	
सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी	संख्या	२० प्रतिशत	३०	४०	५०	प्रोफाइल	
केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित	संख्या	३००१	३२००	३३९१	३३९१	प्रोफाइल	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
घरधुरी							
सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती	संख्या	०	५०	१००	३००	प्रोफाइल	
विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी	संख्या	९७	५०	०	०	प्रोफाइल	

छ) रणनीति

रणनीति	कार्यनीति
ऊर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने ।	• नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरेर लघु जलविद्युत् आयोजना तथा रूफटप सौर्य उर्जालाई नेट मिटरिङ् प्रविधि मार्फत् ग्रिडमा अगाडि बढाईनेछ । • विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन गरिनेछ । • परम्परागत उर्जा प्रयोगलाइ वैकल्पिक उर्जाले विस्थापित गरीनेछ ।

ज) प्रमुख कार्यक्रम

- स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको सम्भाव्यता अध्ययन योजना
- सोलार जडानमा अनुदान
- प्रत्येक घर घरमा विद्युत लाइन पुराउने तथा क्षमता बढाउने,
- सडक तथा सार्वजनिक स्थलमा वत्ती जडान गर्ने
- वतावरणमैत्री कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमासोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी संख्या ५०० पुगेको हुनेछ । केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित १३ प्रतिशतले बृद्धि गरि ३३९१ घरधुरी संख्या पुगेको हुनेछ । सार्वजानिक स्थल बिधुतिकरणभएको हुनेछ ।

५।६ सूचना तथा संचार प्रविधि

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकामा टेलिकम सेवाका मोबाइल टावर मार्फत इन्टरनेट तथा मोबाइल सेवा उपलब्ध भइरहेको अवस्था छ । मोबाइल फोन प्रयोग गर्ने जनसंख्या करीब ६० प्रतिशत रहेका छन् । यस गाउँपालिकाको प्रशासकीय भवन र वडा कार्यालयहरूमा इन्टरनेट सुविधा सहित सिसिटिभि लगायत अन्य संचार प्रविधि भित्रिएको अवस्था छ । त्यसैगरी सूचना प्रवाह गर्ने एउटा एफ.एम समेत रहेको छ ।

ख) समस्या र चुनौति

मोबाइल फोनको पहुँच तथा उपलव्ध सेवामा गुणस्तर वृद्धि हुन सकिरहेको छैन । गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरूमा इन्टरनेट सुविधा भएतापनि सर्वसाधारणको लागि गुणस्तरीय इन्टरनेट सुविधा उपलव्ध छैन । वेभसाइट, मोबाइल एप्स, फेसबुक, ट्विटर मार्फत सूचना सम्प्रेषण भएतापनि सवैमा यसको पहुँच पुग्न सकेको देखिदैन ।

ग) दिर्घकालिन सोचँ

सूचनामा पहुचको सुनिश्चितता ।

घ) लक्ष्य

सूचना तथा सञ्चार प्रविधिलाई विकास मेरुदण्डका रुपमा ग्रहण गर्दै पालिकाबासीको जीवनलाई सहज बनाउन योगदान पुऱ्याउने ।

ङ) उद्देश्य

सुचना प्रविधिको तथा सञ्चार पुर्वाधारको विकास र बिस्तार एवम् उपयोगबाट बैज्ञानिक संस्कारको विकास गर्दै दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकास गर्ने

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी	प्रतिशत	९५	९६	९८	९९		
सञ्चार सेवाबाट वञ्चित घरधुरी	प्रतिशत	५	४	२	१		
मोबाइल फोन प्रयोगकर्ता	प्रतिशत	६०	६५	७७	८५		
ल्याण्डलाइन टेलिफोन वितरण	संख्या	०					
स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था	संख्या	३	४	५	६		
स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था	संख्या	०	१	४	६		
सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या	संख्या	१३७	१५०	१९०	२६०		
विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु	संख्या	२९	३९	४५	५५		
स्थानीय स्तरमा सञ्चालित एफएम रेडियो	संख्या	१	१	१	२		
सार्वजनिक स्थाल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा	संख्या	४	१४	३५	४७		
क्रियाशील पत्रकारहरु	संख्या	६	१०	१५	२२		

छ) रणनीति

रणनीति	कार्यनीति
सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने ।	• स्थानीय स्तरमा एफएम रेडियो सञ्चालन गरिनेछ । • छापा, विद्युतीय, अनलाईन लगायतका सबै सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अनुगमन लगायतका कार्यहरू सञ्चालन गरिनेछ ।
सबै नागरिकहरूमा इन्टरनेट सेवा पुऱ्याइने ।	• ईन्टरनेट सेवा विस्तार गरिनेछ । • मोवाइल डाटाको गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ
आमसञ्चार माध्यम तथा श्रमजिवी सञ्चारकर्मीहरूको दक्षता, क्षमता र व्यावसायिकता प्रवर्द्धन गर्ने ।	• श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ । • पत्रकार तथा प्रसारकको योग्यता निर्धारण गरी आमसञ्चार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तुको गुणस्तरमा सुधार गरिनेछ । • अनलाईन सञ्चार माध्यमलाई अभिलेखीकरण गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

ज) प्रमुख कार्यक्रम

- एफ एम कभरेज बढाउने, क्षमता बढाउने ईन्टरनेट व्यवस्था कार्यक्रम ।
- विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा ईन्टरनेट सेवा सुचारु गर्ने

- स्थानीय स्तरका पत्रपत्रिकाहरुको सम्वद्धन गर्ने
- सार्वजनिक स्थल तथा कार्यालयहरुमा सि.सि.क्यामेरा जडान गर्ने
- क्रियाशील पत्रकारहरुको स्रख्या बढाउनको लागि तालिम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमासूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय २६० वटा स्थापना भएको हुनेछ । ५५ वटा विद्यालय, सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सहितको सेवा सुविधा सम्पन्न भएको हुनेछ । सार्वजनिक स्थल तथा कार्यालयहरुमा सि.सि.क्यामेरा जडान गरि सुरक्षाको प्रत्याभुति भएको हुने छ ।

परिच्छेद–छ

६ वन, वातावरण तथा विपद व्यवस्थापन

६।१ क) पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ त्यसै गरी भाग ४ धारा ५१(६) माप्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले नेपाललाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील राष्ट्रको रूपमा स्थापित गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच रहेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । नेपालको संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ ।

यसका अतिरिक्त देशले स्वीकार गरेको दिगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न तीनै तहका सरकारहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि गाउँ विकासको मार्गचित्र स्पष्ट गर्न योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो दस्तावेज तयार गरिएको छ । यस योजनामा गाउँपालिकाले उल्लेखित क्षेत्रहरूमा बिद्यमान संभावना तथा अवसर र समस्या तथा चुनौतीको पृष्ठभूमिमा क्षेत्रगत उद्देश्य तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत समावेस गरिएको छ ।

ख) वर्तमान अवस्था

यस गाउँपालिकाको ४४.१२ प्रतिशत भूभाग वन जंगल तथा हरियाली क्षेत्रले ढाकेको छ जसले गर्दा वन जन्य काठ लगायतका वस्तुहरूको प्रयाप्तता छ । कृषि क्षेत्रले ३२.९४ प्रतिशत भूभाग ओगटेको छ । यसैगरि झाडि क्षेत्र १७.९६ प्रतिशत तथा घांसे क्षेत्र नदीनाला, वगर, बांझो जग्गा, भिरालोपन, ताल तलैयको क्षेत्रफल क्रमशः १.७३, १.६७, १.०६, ०.२१, ०.१६ तथा ०.०१ रहेको छ । जैविक विविधतायुक्त वन क्षेत्रमा पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हरी, बरी, काउलो, बोझो, ऐंसेलु, सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटि पाइन्छन । वन सम्पदा तथा वन्यजन्तुको उचित संरक्षण, सर्म्वद्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा विकास गर्न सकिने संभावना प्रचूर रहेको छ । विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिमलगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन ।

ग) वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

वन, वातावरण तथा बिवद व्यवस्थापन क्षेत्रको लागिवन बातावरण तथा विपद ब्यवस्थापनको क्षेत्रमा सुधार भएको हुनेछ भन्ने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरू देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

घ) तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण)

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
जैविक विविधता संरक्षण क्षेत्रफल	वर्ग किमि	०	०	०	०	प्रोफाईल	
संरक्षित तथा व्यवस्थित वन क्षेत्र	प्रतिशत	६२	६२	६३	३६ ६३	प्रोफाईल	
समुदायवाट व्यवस्थापन भएको वनको क्षेत्रफल	हेक्टर	१८४६	१८४६	१८४६	१८४६	प्रोफाईल	
भू-क्षय र बाढी संवेदनशील क्षेत्र	संख्या	६	५	४	०	प्रोफाईल	
जलाधार संरक्षण	संख्या	२	२	२	२	प्रोफाईल	
उच्च मूल्यका जडीवुटी र गैरकाष्ठ वन पैदावरको उत्पादन	मे.टन	१	१	१	३	प्रोफाईल	
वन/जडीवुटीमा आधारित उद्योग,व्यवसायवाट रोजगारीता	संख्या	५	५	५	५	प्रोफाईल तथा छलफल	
विपदवाट क्षति भएको सम्पत्ति	रु.	१० लाख	०	०	०	छलफल	
जलवायु परिवर्तन सम्वन्धी तालिम प्राप्त जनशक्ति	संख्या	०	२	२	३	छलफल	
वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदी जन्य पदार्थ (स्लेट, ढुङ्गा, गिटी, वालुवा) गरिएको उत्थनन क्षेत्रहरु	संख्या	०	०	१	१	छलफल	
प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय	संख्या	१	१	१	१	प्रतिवेदन	

६।२ वन तथा जैविक विविधता

क) विद्यमान अवस्था, संभावना र अवसर

जैविक विविधताले भरिपूर्ण यस गाउँपालिका भित्र रहेको १८४६ हेक्टर सामुदायिक बन, २३ हेक्टर कबुलियती वन रहेका छन् भने वनको केही हिसा निजि वनले ओगटेको छ । पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हरी, बरी, काउलो, बोझो, ऐंसेलु, सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटि पाइन्छन् । वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, सर्म्वद्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा विकास गर्न सकिने प्रचूर संभावना रहेको छ । त्यस्तै, गाईखुरको ठूलो पाखालाईजैविक विविधता क्षेत्र स्थापना गर्न सकिने सम्भावन पनि उत्तिकै रहेको छ ।

ख) समस्या र चुनौति

जथाभावी वन फडानी, वन नर्सरीको अभाव, खुल्ला चरिचरण, जडिबुटि र अन्य वन पैदावार पहिचान र संरक्षण हुन नसक्नु, सामुदायिक तथा कवुलियती वन ब्यवस्थापन कार्ययोजनाको अभाव, जडिबुटीहरूको उचित ब्यवस्थापनका लागि सीपमूलक तालिम एवम् दक्ष जनशक्तिको कमी, जडिबुटीहरूको उत्पादन, बजार ब्यवस्थापन सम्बन्धी अध्ययनको कमी, जैविक विविधता सम्बन्धी अभिलेखन हुन नसक्नु, मिचाहा प्रजातिका बनस्पतीहरूको ब्यवस्थापन योजनाको कमी, वन्य जन्तुबाट बालिनाली र घरपालुवा चौपायाको क्षति, वन वातावरणसंग सम्बन्धी प्राविधिक जनसक्ति र प्राविधिक सेवा उपल्वध हुन नसक्नु,सामुदायिक वन क्षेत्रमा प्राकृतिक प्रकोप जन्य समस्याहरू रहनु, स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन नियम कार्यविधि नहुनु जस्ता समस्याहरू रहेको छ ।

ग) दिर्घकालिन सोचँ

जडिबुटि र अन्य वन पैदावार पहिचान र संरक्षण ।

घ) लक्ष्य

जडिबुटि र अन्य वन पैदावार पहिचान र संरक्षण गरि रोजगार बृद्धि गर्ने ।

ङ) उद्देश्य

जैविक विविधता तथा जलाधारको क्षेत्र संरक्षण र सम्वर्दन भएको हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाइ जस्ता कार्यहरु भएको	संख्या	५	५	५	५	छलफल तथा प्रतिवेदन	
सामुदायिक वनले ओगटेको क्षेत्र	हेक्टर	१८४६	१८४६	१८४६	१८४६	प्रोफाईल	
सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या	संख्या	२०८३	२१५८	२२९४	२३६७	छलफल	
कबुलियती वनले ओगटेको क्षेत्र	हेक्टर	२३	२३	२३	२३	प्रोफाईल	
कवुलियती वनमा आवद्ध सदस्य संख्या	संख्या	१३१	१३१	१३१	१३१	प्रतिवेदन	
सरकारद्धारा व्यवस्थित वन क्षेत्र (धार्मिक वन समेत)	हेक्टर	९५५	९६०	९६०	९७०	प्रतिवेदन तथा छलफल	
चोरी शिकारी, आगलागी, डढेलो लगायतवाट लोपोन्मुख एवं वन्य जन्तुहरुको क्षति	संख्या	१५	८	७	३	छलफल	
वन्यजन्तुहरुवाट अन्नवालीमा पुगेको वार्षिक औषत क्षति	रु.	५ लाख	४ लाख	२ लाख	१ लाख	छलफल	
वन प्रजाती प्रति हेक्टर	संख्या	०	०	०	०	छलफल	
वृक्षारोपण गरिएको क्षेत्र	हेक्टर	१	२.५	३	५	छलफल	
आयमूलक कार्य सञ्चालित वन क्षेत्र	प्रतिशत	७	७	८	१०	छलफल	
गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्र	हेक्टर	१	१	१	२	छलफल	
संरक्षित तथा चरन क्षेत्र	हेक्टर	३००	३००	३००	४००	छलफल	
वन तथा जडीवुटीमा आधारित उद्योग,व्यवसाय	संख्या	०	०	०	१	छलफल	

छ) रणनीति

रणनीति	कार्यनीति
▪ जैविक विविधता तथा बन संरक्षण गर्ने ।	▪ जडिबुटि तथा अन्य वनसम्पदाको उत्पादन, संकलन, प्रशोधन कार्यलाई व्यवसायिक रुपमा प्रर्वद्धन गर्ने । ▪ सामुदायिक र कवुलियती वनको वैज्ञानिक व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने । ▪ जैविक बिबिधता र वन सम्पदाको अभिलेखि तयार गरी संरक्षण योजना तर्जुमा गरी लागु गर्ने, । ▪ वृक्षारोपण गर्न गाउँबासीलाई प्रोत्साहन गर्ने, ।

ज) प्रमुख कार्यक्रम

- बन तथा वन्यजन्तु चोरी निकासी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने
- लोपोन्मुख प्रजातिका जिवजन्तुहरुको संरक्षण गर्ने
- सामुदायिक वन क्षेत्रमा पानी पोखरी निर्माण गर्ने
- वन क्षेत्रको अध्ययन र अनुसन्धान गरी जिवजन्तुहरुको स्थानान्तरण गर्ने

- बन्यजन्तु चराचुरुङ्गी र अन्य जिवजन्तुको प्रोफाईल निर्माण गर्ने
- बन होमस्टे निर्माण गर्ने
- जडिवुटी खेती सम्वन्धी विषयमा विज्ञहरुबाट तालिम संचालन गर्ने

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमासामुदायिक र कवुलियती वनको वैज्ञानिक व्यवस्थापन कार्ययोजना बनाई सहज ढंग बाट सञ्चालन गरिनेछ । जडिबुटि खेति योग्य ठाउ संरक्षण गरि खेतिको लागि प्रोत्साहन गरिनेछ । बन होमस्टे निमार्ण गरिने छ । ७ प्रतिशत बाट आयमूलक कार्य सञ्चालित वन क्षेत्र बढेको हुनेछ ।

६।३ भूमी तथा जलाधार व्यवस्थापन

क) विद्यमान अवस्था, संभावना र अवसर

इन्द्रसरोवर पालिकाको प्रमुख जलाधार इन्द्रसरोवर ताल तथा खोलाहरु, खोल्सी, थाप क्षेत्र रहेको छ । गाउँपालिकामा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

ख) समस्या र चुनौति

अवैज्ञानिक तरिकाले प्राकृतिक श्रोतको दोहन, जथाभावी नदीजन्य पदार्थ उत्खनन्, जथाभावी सडक निर्माण, जोखिम युक्त वस्तीमा आवश्यक तटबन्धन नहुनु, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जसका कारण अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार जस्ता समस्या एवं चुनौतीको रुपमा रहेको छ ।

ग) दिर्घकालिन सोचँ

जलाधारको व्यवस्थापन गरि आयश्रोत सुनिश्चितता ।

घ) लक्ष्य

जलाधारको व्यवस्थापन गरि नियमित आयको व्यवस्था गर्ने ।

ङ) उद्देश्य

भू संरक्षण गर्न वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
संरक्षित पानी मुहान क्षेत्र	संख्या	२	२	३	७	प्रतिवेदन तथा छलफल	
संरक्षित खेतबारीको क्षेत्रफल	प्रतिशत						
नदी नियन्त्रण लम्बाइ	मि	१०००	१०००	१५००	३०००	प्रतिवेदन तथा छलफल	
स्पर तथा बाँध, चेकड्यामहरुको लम्वाइ	किमि	०	०	०	१	प्रतिवेदन तथा छलफल	
संरक्षित गल्छी र पहिरो	संख्या	३०	२६	२०	१५	प्रतिवेदन	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
						तथा छलफल	
संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र	संख्या	४	२	२	०	प्रतिवेदन तथा छलफल	
संरक्षित र व्यवस्थित तालतलैया र सीमसार क्षेत्र	संख्या	२	२	२	२	प्रतिवेदन तथा छलफल	
जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवार	संख्या	१००	८०	६०	४०	प्रतिवेदन तथा छलफल	
वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाइ	किमि	०	०	०	२	प्रतिवेदन तथा छलफल	

छ) रणनीति

रणनीति	कार्यनीति
सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन गरि वातावरण जोगाउँने उचित उपाय अवलम्बन गर्ने ।	▪ जथाभावी पूर्वाधार विकास (बाटो) नियन्त्रण गरिनेछ ▪ भू–क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग गरिनेछ । ▪ भएका मुहान संरक्षण कार्यक्रमहरू संचालन गरिनेछ । ▪ रिचार्ज पोखरीहरुको निमार्ण गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- भू तथा जलाधार क्षेत्र नक्सांकन कार्यक्रम ।
- नदि नियन्त्रण कार्यक्रम ।
- भू संरक्षण सम्बन्धी सचेतना तथा पूर्व सूचना प्रणली प्रर्वद्धन कार्यक्रम ।
- पूर्व सुचना प्रणाली प्रर्वद्धन कार्यक्रम ।
- जलाधार संरक्षण कार्यक्रम

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा संरक्षित पानि मुहानको संख्यामा बृद्धि भएको हुनेछ । नदि नियन्त्रणका लागि ३ कि.मि. बाध तथा चेक ड्याम तयार भएको हुनेछ । जलउत्पन प्रकोपबाट प्रभावित घरपरिवारको संख्यामा कमि भएको हुनेछ ।

६।४ वातावरण तथा स्वच्छता

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकाका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रुपमा वा हरियाली क्षेत्रको रहेको, केही बजारकेन्द्र बाहेक अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ।

ख) समस्या र चुनौति

अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको धुलो व्यवस्थापनमा समस्या, सरसफाई सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने प्रयाप्त कार्यक्रम नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोका कारणले हुने वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमि ल्याउन नसकिएको र बैकल्पिक उर्जा वा बायोमास, सौर्य उर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु तथा अव्यवस्थित साना इट्टाभटाले समेत वातावरण प्रदूषण गर्नु प्रमुख समस्या र चुनौतीको रुपमा रहेको छ ।

ग) दिर्घकालिन सोचँ

प्रदुषण रहितको पालिका निमार्ण ।

घ) लक्ष्य

वैकल्पिक उर्जाको प्रबर्धन सहित वातावरण संरक्षण गर्ने ।

ङ) उद्देश्य

वातावरण संरक्षणको लागि वैकल्पिक उर्जाको प्रवर्धन गर्ने र फोहोरमैलाको व्यवस्थापन गर्दै स्वच्छता कायम गर्ने ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र	संख्या	५	५	७	१०	प्रतिवेदन तथा छलफल	
प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली	संख्या	०	१	१	१	प्रतिवेदन तथा छलफल	
कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार	प्रतिशत	१	१५	२५	४०	प्रतिवेदन तथा छलफल	
निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण	मे.टन	१२	१२	१२	१२	प्रतिवेदन तथा छलफल	
नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी	प्रतिशत	५	१०	१५	२५	प्रतिवेदन तथा छलफल	
प्रशोधन गरिएको फोहोरमैला अनुपात	प्रतिशत	०	०	०	२	प्रतिवेदन तथा छलफल	
व्यवस्थित ढल निकास भएको वजार क्षेत्र	संख्या	१	२	३	५	प्रतिवेदन तथा छलफल	
शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी	संख्या	२०	३५	४५	५५	प्रतिवेदन तथा छलफल	
परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी	प्रतिशत	८५	६०	५५	४०	प्रतिवेदन तथा छलफल	
घरभित्रको धुवाँवाट मुक्त घरधुरी	प्रतिशत	१५	१५	२०	२५	प्रतिवेदन तथा छलफल	

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको	संख्या	०	२	२	२	प्रतिवेदन तथा छलफल	

छ) रणनीति

रणनीति	कार्यनीति
वातावरणीय प्रभावमा असर कमी गर्न नीति तथा कानून तयार गर्ने ।	▪ स्थानीय तहको अधिकारभित्र रही नीति तथा कानून बनाई कार्यान्वयन गरिनेछ ।
वातावरणीय प्रभावमा असर कमी गर्न वैकल्पिक उपायहरु अवलम्बन गर्ने ।	▪ बस्ती क्षेत्रबाट निस्कने कुहिने फोहर मलको रुपमा प्रयोग, नकुहिने पुनः प्रयोग गर्न सकिने फोहरबारे घरघरमा र व्यक्ति व्यक्तिमा जनचेतना जगाउँने कार्यक्रम सहित फोहर व्यववस्थापन गरिनेछ । ▪ वातावरण स्वच्छताका लागि सरसफाई अभियान संचालन गरिनेछ । ▪ जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गर्ने । ▪ सामुदायिक वन समूह परिचालन गर्ने । ▪ एक घर एक सुधारिएको चूलो अभियान संचालन गर्ने । ▪ गोवर ग्याँस तथा वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने । ▪ अति आवश्यक सार्वजनिक स्थान तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निमार्ण गर्ने ▪ बजार क्षेत्रका सडकहरूमा Greenbelt बनाउने ।

ज) प्रमुख कार्यक्रम

- फोहोर वर्गीकरण तथा व्यवस्थापन ।
- फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालन ।
- फोहोर संकलन र व्यवस्थापनका लागि सवारी साधन व्यवस्था ।
- वातावरणमैत्री स्थानीय शासन ।
- सार्वजनिक शौचालय तथा ढल निर्माण ।
- प्लाष्टिजन्य पदार्थहरूको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण ।
- एक घर एक सुधारिएको चुलो अभियान संचालन गर्ने ।
- धुँवाबाट स्वास्थमा असरपर्ने बारे जनचेतना जगाउँने सामुदायिक वन समूह परिचालन कार्यक्रम ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमामनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र को संख्यामा बृद्धि हुनेछ । घरभित्रको धुवाँवाट मुक्त घरधुरी १५ प्रतिशत बाट बृद्धि हुनेछ । फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालनको लागि योजना बनाई कार्यान्वयनमा लगिने छ ।

६।५ विपद व्यवस्थापन

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँस्तरीय विपद् जोखिम व्यवस्थापनका समिति क्रियाशील रहेको अवस्था छ भने आपतकालिन कोषको स्थापनाबाट गाउँपालिका विपद जोखिमको पूर्व तयारी र राहत उद्धारका लागि तयारी अवस्थामा रहेको देखिन्छ । गाउँपालिकाले विपद् व्यवस्थापनका लागि कानून समेत तर्जुमा गरी विपद पछिको नगद तथा वस्तुगत राहतको व्यवस्था समेत रहनु सवल पक्ष मानिएको छ ।

ख) समस्या र चुनौति

भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ । विभिन्न स्थानमा नाङ्गा डाँडाहरू रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । यसै गरी आपतकालिन सेवाका दमकलको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम उपकरणहरूको व्यवस्था सहज नहुनु, बिपद् पुर्व सूचना प्रणलीको अभावजस्ता समस्या तथा चुनौतिहरू रहेका छन् ।

ग) दिर्घकालिन सोचँ

विपद् व्यवस्थापनका् प्रतिकार्यको संस्थागत विकास ।

घ) लक्ष्य

विपद् न्यूनिकरण गरि सुरक्षित बसोबासको व्यवस्था गर्ने ।

ङ) उद्देश्य

विपद् जोखिम तथा क्षती न्यूनीकरण भई सूरक्षित गाउँको निर्माण हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाइ	आधार वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७८/७९	२०८०/८१	२०८२/८३		
सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र	संख्या	०	०	१	१	प्रतिवेदन तथा छलफल	
अयोग्य वस्ती वा स्थानमा बसोबास गरेका परिवार	संख्या	५१	४६	२६	१०	प्रतिवेदन तथा छलफल	
विपदबाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती)	रु.	०	०	०	०		
खुल्ला क्षेत्र तथा स्थानहरु	संख्या	५	५	५	५	प्रतिवेदन तथा छलफल	
आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक	जना	५	७	९	१२	प्रतिवेदन तथा छलफल	
विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम	रु.	१७ लाख	२० लाख	२५ लाख	३५ लाख	प्रतिवेदन तथा छलफल	
विपद व्यवस्थापनमा कियाशील संघ/संस्थाहरु	संख्या	२	०	०	१	प्रतिवेदन तथा छलफल	
विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु	संख्या	५	०	०	०		
विपद प्रतिकार्यका लागि भएको	संख्या	०	५	५	५	प्रतिवेदन तथा	

आपतकालीन नमूना अभ्यास						छलफल	
विपद व्यवस्थापन सूचना प्रणाली (पूर्व सूचना) जडान भएका क्षेत्रहरु	संख्या	१	०	०	१	प्रतिवेदन तथा छलफल	
आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्बुलेन्स तथा वारुणयन्त्रको व्यवस्था	संख्या	१	०	०	१	प्रतिवेदन तथा छलफल	
जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन	संख्या	०	०	१	१	प्रतिवेदन तथा छलफल	

छ) रणनीति

रणनीति	कार्यनीति
▪ प्राकृतिक विपद् जोखीम क्षेत्रको नक्सांकन गर्ने कार्यविधि तयार गर्ने ।	▪ विपद् व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । ▪ भू–उपयोग तथा एकीकृत बस्ती विकास योजना कार्यान्वयन गरिनेछ । ▪ विपद् व्यवस्थापन सम्बन्धी छुट्टै योजना र कार्यक्रम तयार गरि कार्यान्वयन गरिनेछ । ▪ सडक आयोजना वा प्राकृतिक उत्खनन् गर्दा वातावरण प्रभाव मूल्यांकन कायक्रम गरिनेछ । ▪ राहत सामग्रीको पर्याप्त भण्डारण गर्न सम्बन्धित संघ संस्थाहरूसँग सहकार्य गरिनेछ । ▪ वृक्षारोपण, वायो-ईन्जिनियरीङ्गको कार्यक्रम गरिनेछ
▪ विपद जोखीमको पूर्वसूचना दिने प्रणालीको व्यवस्था गर्ने ।	विपद् पूर्वसुचनाका लागि एप्स तयार गरिनेछ । विपद् जोखिम क्षेत्रमा सूचना प्रणालीको विकास गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि ।
- आपत्कालीन आश्रयस्थल निर्माण ।
- विपद पूर्वतयारी तथा पुर्व अभ्यास कार्यक्रम ।
- वडामा विपद् व्यस्थापन समिति गठन ।
- सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम ।
- दमकल व्यवस्थापन ।
- आपत्कालीन उद्दार सामग्रीहरू व्यवस्थापन तथा पुनर्भरण ।
- जलवायु परिवर्तन अनुकुल न्युनिकरण सम्बधि कार्यक्रम ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमाभू–उपयोग तथा एकीकृत बस्ती विकास योजना कार्यान्वयन गरिनेछ । प्रत्येक वडामा बिपद व्यवस्थापन समिति मार्फत कार्यान्वयन गरिनेछ । सडक आयोजना वा प्राकृतिक उत्खनन् गर्दा वातावरण प्रभाव मूल्यांकन कार्यक्रम गरिनेछ ।

परिच्छेद–सात

७ सुशासन तथा संस्थागत विकास

क) पृष्ठभूमि

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । आवधिक विकास योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

ख) विद्यमान अवस्था

राज्यको पुन:संरचनाअघिको तत्कालिन साविक मार्खु, कुलेखानी, सिस्नेरी र फाखेल गा.वि.स मिलेर बनेको इन्द्रसरोवर गाउँपालिका संस्थागत तथा संरचनागतसाथै कार्यसम्पादनलाई सूचना प्रविधिसँग आवद्धता,जनशक्तिलाई सूचना प्रविधिमा अभ्यस्त बनाउने कार्य सुरुवात गरिएता पनि परिवर्तित सन्दर्भमा गाउँपालिकाको संगठन संरचना तथा आवश्यक जनशक्तिको खाँका निर्माण, आवश्यक बिज्ञजनशक्तिको व्यवस्थापन, आन्तरिकस्रोतको एथेष्ट पहिचान तथा परिचालन जस्ता समस्याहरूअझै रहेका छन् । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना र जनशक्तिको व्यवस्था र प्रविधिमा थप कार्य गर्नु पर्ने देखिएको छ ।

ग) सुशासन तथा संस्थागत क्षेत्र विकासको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

सुशासन तथा संस्थागत विकास क्षेत्रका लागि –बिधि र प्रक्रियाको स्थापना र विकास गर्दै गाउँपालिकातथा अन्य सरोकारवाला निकायहरूको कार्य सम्पादनको गुणस्तर, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि भएको हुने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्य प्राप्तीका लागि लक्ष्य/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

घ) तालिका ७: सुशासन तथा संस्थागत विकासको उद्देश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण)

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
सरोकारवाला एवं सहभागितात्मक ढंगवाट कार्यान्वयन भएका ऐनहरु	संख्या	११	५	६	०	संस्थागत सवलीकरण गर्न अति आवश्यक	विज्ञसँग परामर्श हुनुपर्ने
प्रतिव्यक्ति बजेट खर्च	रु.	२४२५५।८९	२५०००।००	२९२२८।००	३४०९०	आन्तरीक श्रोत र आन्तरिक अनुदान गत आ व को अनुपातमा वृद्धि हुने, राजस्वमा वृद्धि, करको दर फारकिलो वनाउने आदी	कर तथा राजस्वको श्रोतहरु खोजी गर्नू पर्ने,
लक्षित वर्ग, सशक्तीकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित पिछडिएका तथा विपन्न	प्रतिशत	५ प्रतिशत	१० प्रतिशत	३३ प्रतिशत	६० प्रतिशत	विपन्न वर्गको पहिचान गरि समन्यायिक वजेट विन्यास, लक्षित	आवधिक योजनामा समेटीने भएकोले

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
वर्ग						समुह मुखी योजना तथा कार्यक्रम तर्जुमा,	
लैङ्गिक उत्तरदायी वजेट विनियोजन	रु.	५ लाख	१५ लाख	२० लाख	२५ लाख	आन्तरिक श्रोत तथा अनुदान	
उपभोक्ता समितिहरुवाट कार्यान्वयन आयोजना संख्या	प्रतिशत	६५	५०	४०	४०	समुदायमा आधारित, लागत साझेदारीमा आधारित, आम नागरिकहरुको सहभागितामा विकास गरि गराइ विकास प्रति सवैको अपनत्व महसुस गराउनु, ठेक्का टेन्डर विधि अवलम्वन गरि गुणस्तरिय तथा दिगो विकास गर्न आवश्यक रहेकोले ।	
न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु	प्रतिशत	९०	९२	९३	९५	प्रतिवेदन	
पालिकामा क्रियाशील गैसस, विकास साझेदार संस्था	संख्या	०	२	५	१०	प्रतिवेदन	

ङ) प्रमुख रणनीतिहरू

- सुशासन तथा संस्थागत क्षेत्र विकास अन्तर्गत सुशासन, ऐन नियम तर्जुमा तथा जवाफदेहिता,
- संस्थागत संरचना तथा मानव संसाधन विकास, श्रोत परिचानल र योजना व्यवस्थापन
- सुशासन तथा संस्थागत विकास क्षेत्रको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास गर्ने ।
- जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाईउपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

७१ सुशासन, ऐन नियम तथा जवाफदेहिता

क) विद्यमान अवस्था, संभावना र अवसर

इन्द्रसरोवर गाउँपालिकाको गाउँसभाले सार्वजनिक सेवा प्रवाहलाई चुस्त वनाउनको लागि बिबिध बिषय वा क्षेत्रका ऐन तथा कानून तर्जुमा गरी कार्यान्वयमा ल्याइसकेको छ भने बिषयगत समितिलाई क्रियाशील बनाएको छ । योजना अनुगमन तथा मूल्यांकन समिति समावेशी बनाएको छ । पारदर्शिताको लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाइ हुने गरेको छ भने मासिक रुपमा आय ब्ययका विवरण सार्वजनिक गर्ने गरिएबाट गाउँपालिकाले सुशासन कायम गर्ने तर्फ क्रमशः अग्रसर रहेको संकेत पाइन्छ । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

ख) समस्या र चुनौति

यस गाउँपालिकालाई पारदर्शी, जवाफदेहि, नतिजामुलक, एवं विधिसम्मत ढंगबाट सञ्चालन गर्न आवश्यक पर्ने पदाधिकारीहरू र कर्मचारीहरूको आचारसंहिता, पदाधिकारीहरूको सम्पत्ती सार्वजनिक गर्ने कार्यविधि तयार पारिएको छैन । यसैगरी गांउसरकारको लागि आवश्यक ऐन, नियम तथा कार्यविधिहरू बनाउदा स्थानीय परिवेश बमोजिम बनाउन नसकिएको, सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी एवं व्यवस्थित बनाउन नसकिएको, उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धी ज्ञान सिपको कमी एवं सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्वन्धी कार्यविधि तथा प्रभावकारी अभ्यासको कमी प्रमुख समस्याको रुपमा रहेको छ ।अधिकांश कार्यक्रमहरू गाउँको नीति अनुसार सञ्चालन भएता पनि विषय शिर्षक अन्तर्गत त्यसको समिक्षा भएको छैन ।

ग) दिर्घकालिन सोचँ

शान्तिपूर्ण र सुरक्षित पालिकाको निर्माण ।

घ) लक्ष्य

स्थानीय कानून, नीति तथा नियमहरु पूर्णरुपमा पालन गरि सामाजिक न्याय कायम गर्ने ।

ङ) उद्देश्य

स्थानीय ऐन, कानून, नीति नियमहरू सहभागितामूलक ढंगबाट निर्माण र कार्यान्वयन भएको हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
पालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड	संख्या	३७	४०	४५	५०	प्रतिवेदन	
कियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि)	संख्या	२३	२५	३०	३५	प्रतिवेदन	
नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको	संख्या	०	०	०	०	प्रतिवेदन	
अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सुझाव पेटिका, GESI परीक्षण, वहिरर्गमन अभिमत पत्र, समुदाय स्कोर कार्य आदि)	संख्या	२	१२	१२	१२	प्रतिवेदन	
वर्षभरीमा भएका सार्वजनिक सुनुवाई	संख्या	१	३	३	३	प्रतिवेदन	
हेल्पडेष्कवाट लाभान्वित सेवाग्राही	संख्या	०	०	१५०	२००	प्रतिवेदन	
उपलव्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....)	संख्या	१	२	३	४	प्रतिवेदन	
पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु	संख्या	०	५०	२००	३००	प्रतिवेदन	
स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु (सञ्चार माध्यम, सूचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया,	संख्या	३	५	५	५	डिजिटल सुचना पार्टी तयार गरि जडान गर्ने	

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
सुझाव पेटीका, सामाजिक सञ्जाल आदि)							
पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्यौट (मौखिक समेत)	प्रतिशत	३०	४०	५०	८०	प्रतिवेदन	

छ) रणनीति

रणनीति	कार्यनीति
सुशासन, ऐन नियम तर्जुमा तथा जवाफदेहिता प्रर्वद्धन गर्ने ।	▪ सुशासन, ऐन नियम तर्जुमा तथा जवाफदेहिता प्रर्वद्धन क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । ▪ विषयगत समिति तथा अन्य समितिहरूलाई प्रचलित कानून बमोजिमको कार्यक्षेत्र स्पष्ट गरी कार्य सम्पादनको स्तर सुधारको लागि क्षमता अभिबृद्धि गर्ने । ▪ समाजमा व्याप्त लैगिक बिभेद, हिंसा जस्ता कुरितीहरूलाई न्युनिकरण गर्न लैगिक समानता तथा सामाजिक समावेशीकरणको निति तयार गरी लागु गन
▪ अनलाईन मार्फत सेवा प्रवाह विस्तार गर्ने ।	▪ सूचना प्रविधि तथा आम संचार माध्यमको अधिकतम परिचालन गरी अनलाईन प्रविधि मार्फत सेवा प्रवाहको पहुँच वृद्धि तथा विस्तार गने ।,

ज) प्रमुख कार्यक्रम

- पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास ।
- आम संचार प्रर्वद्धन ।
- लैंगिक समानता र सामाजिक समावेसीकरण रणनीति तर्जुमा ।
- सामाजिक जवाफदेही र समावेसीकरण प्रवर्द्धन ।
- सूचना तथा सहायता कक्ष संचालन ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमाऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार गरि कार्यान्वयन गरिनेछ । लैंगिक समानता र सामाजिक समावेसीकरण रणनीति तयार गरिनेछ ।

७२ संस्थागत संरचना तथा मानव संसाधन विकास

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकाको संस्थागत संरचना अन्तर्गत प्रशासकीय भवन, बिभिन्न शाखा, उपशाखाहरूको संरचना तयार भएको छ । यसैगरी विषयगत समितिहरू गठन भई क्रियाशील रहेका छन् । नियमित रुपमा गाउँ सभा वसी नीति, कार्यक्रम र बजेट स्विकृति, गाउँ कार्यपालिकाको नियमित बैठक, आन्तरिक लेखापरिक्षण, महालेखा लेखापरिक्षण, अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पादन हुँदै आईरहेको छ ।

ख) समस्या र चुनौति

संघीय सरकारको मापदण्ड अनुसार गाउँपालिकाको कार्यवोझ बिश्लेषणको आधारमा संगठन संरचना र जनशक्तिको खाका भएको अवस्था छैन र तदर्थ प्रणालीमा कार्यालय संचालन भइरहेको अवस्था छ । वडा कार्यालयहरूको व्यवस्थापन, दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, रिक्त संख्या सहित दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पुर्वाधार तथा प्रविधिको अपर्याप्तता, कार्य विवरण सहित कर्मचारीहरूलाई जिम्मेवारी व्यवस्थापनको कमी, विषयगत समितिहरूको न्युन सक्रियता, अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधारको कमी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अभाव, जनप्रतिनिधीहरूसँग विषयगत ज्ञानको अपर्याप्तता प्रमुख चुनौतिको रुपमा रहेको छ ।

ग) दिर्घकालिन सोचँ

दक्ष मानव संसाधन सहित संस्थागत संरचना ।

घ) लक्ष्य

दक्ष जनशक्ति परिचालन गरि सेवाग्राहीलाई चुस्तदुरुस्त सेवा प्रदान गर्ने ।

ङ) उद्देश्य

गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयहरूको संस्थागत क्षमता र कार्यदक्षतामा अभिबृद्धि हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
पालिकामा कार्यरत मानव संशाधन	संख्या	१६६	१६६	२००	२००	सवै शाखा, महाशाखा, इकाइहरुको स्थापना तथा सवलीकरण	
पालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्वास्थ्य शाखाको समेत)	संख्या	४७	४७	७०	७५	स्वास्थ्य तथा शिक्षा तर्फ गुणस्तरिय सेवा प्रवाहको लागि आवश्यक	
संगठन र विकास अध्ययन अनुसार वा आवश्यकता अनुसार परिपूर्ति गर्नुपर्ने कर्मचारी	संख्या					ओ एण्ड एम ले निदिष्ट गरे बमाजिम	
एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि	मिनेट	३०	२०	१५	१०	सेवाको प्रकृतीमा भर पर्ने	
क्षमता विकास कार्यक्रमवाट लाभान्वित पालिकाका पदाधिकारी, सदस्यहरु, कर्मचारी, गैसस, सरोकारवाला संघ संस्थाहरु	संख्या	०	०				आगामी आ व मा त्यस्तो कार्यक्रम गर्ने ।
कार्यसम्पादन करार गरिएको तथा कार्यविवरण दिई सोही अनुसार कार्यसम्पादन गर्ने कर्मचारी संख्या	संख्या	१९३	१९३	१९५	२१०		
सेवा सूचारु भएका सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशुसेवा, शिक्षा)	संख्या	४	४	५	०		

छ) रणनीति

रणनीति	कार्यनीति
संस्थागत संरचना तथा मानव संसाधन विकास गर्ने ।	▪ कार्यवोझ बिश्लेषणको आधारमा संगठन संरचना र जनशक्ति व्यवस्थापनका लागि स्थानिय सेवा ऐन बनाई जनशक्तिको व्यवस्थापन गरी कार्यसम्पादन स्तरलाई चुस्त दुरुस्त राख्ने । ▪ बिषयगत समिति लगायत अन्य समितिहरूको क्षमता विकास गरी कार्यसम्पादन स्तर अभिबृद्धि गर्ने । ▪ गैर सरकारी संघ संस्था परिचालनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । ▪ गाउँबासीमा सेवा प्रवाहको सन्तुष्टि सर्वेक्षण गरि सेवा प्रवाहलाई थप प्रभावकारी र पहूँच वृद्धि गर्ने ।

ज) प्रमुख कार्यक्रम

- श्रोतसाधन सम्पन्न वडा कार्यालय निर्माण ।
- न्यायिक समिति लगायत बिषयगत समितिहरूको क्षमता विकास।
- कर्मचारीको क्षमता अभिबृद्धि ।
- मानव संसाधन विकास ।
- जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमासंगठन र विकास अध्ययन अनुसार वा आवश्यकता अनुसार परिपूर्ति गर्नुपर्ने कर्मचारीहरुको व्यवस्थापन गरि चुस्त दुरुस्त ढंगले सञ्चालन गरिनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम सञ्चालन गरि कार्य सम्पादनमा सहज गरिनेछ ।

७३ वित्तीयश्रोत परिचालन

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकाको आन्तरिक श्रोतमा कर राजश्व भन्दा गैरकर राजश्वमाथीको निर्भरता वढि देखिन्छ । यसैगरी पर्यटन पूर्वाधार प्रर्वद्धन, खोला, पोखरी हाट बजार व्यवस्थापनआदी गर्न सकेको खण्डमा थप श्रोत परिचालन गर्न सकिने संभावना देखिन्छ । पर्ति ऐलानी र वांझो जमिनमा कवुलियती खेती, व्यवसायिक खेती संचालन गर्न सकेको खण्डमा थप श्रोत परिचालन हुन सक्ने देखिन्छ । गाउँपालिकाले समयमै गाउँसभाबाट बजेट स्विकृत गर्ने गरिएको र लेखा प्रणालीलाई कम्प्यूटराइज्ड गरिएको छ ।

ख) समस्या र चुनौती

स्थानीय स्तरमा रहेको सम्पत्ति, व्यवसाय, अन्य राजश्व आधार सम्बन्धी तथ्यांकको अभाव, उत्पादन र क्षेत्रफलमा आधारित मालपोत प्रणालीको स्थानमा जमिन वा भौतिक संरचनाको व्यापारिक मूल्यको आधारमा लगाइने वैज्ञानिक सम्पत्तिकर प्रणाली पूर्ण रुपमा लागु हुन नसक्नु, राजश्व संकलनका साझा अधिकार क्षेत्रको विषयमा संघ तथा प्रदेशबाट संबिधान प्रदत्त व्यवहारको कमी, दोहोरो करको सम्भावना, राजस्व सुधार कार्ययोजना तर्जुमा हुन नसक्नु तथा कर सचेतना सम्बन्धी कार्यक्रमहरूको अभाव पर्यटन प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम भए पनि कार्यान्वयनमा कमी जस्ता प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

ग) दिर्घकालिन सोचँ

कर तथा गैर करका आधारमा सबलश्रोत परिचालन ।

घ) लक्ष्य

दिगोपनश्रोत परिचालनका लागि आन्तरिक तथा बाह्य श्रोतको व्यवस्थापन गर्ने

ङ) उद्देश्य

गाउँपालिकाको आन्तरिक र बाह्य श्रोत परिचालनको अवस्थामा सुधार भएको हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
पालिकाको वार्षिक आन्तरिक आय रकम	रु. लाख	१७ लाख	२० लाख	१ करोड	१ करोड माथी	कर राजस्वको दायरा वढ्नेछ ।	
संघीय सरकारवाट राजस्व वाँडफाड प्राप्त रकम	रु. लाख	४६८	६६०	९ करोड	१० करोड	ह्रास सम्मको अनुपात हेर्दा	
प्रदेश सरकारवाट राजस्व वाँडफाड वाट प्राप्त रकम	रु. लाख	१६०	२१४	५ करोड	६ करोड		
पालिकाको कूल वार्षिक वजेट	रु. लाख	३३१८	४३८३	८० करोड	१ अर्व		
आन्तरिक आय र वाह्य आयको अनुपात	अनुपात	१:१९३					
कूल वजेटको वास्तविक खर्च	प्रतिशत	६२ प्र	१०० प्र	१०० प्र			
कूल वजेटको पूँजिगत खर्च	प्रतिशत	५०.९५ प्र	१०० प्र	१०० प्र			
पूँजी निर्माण क्षेत्रमा भएको लगानी (कूल वजेटको)	प्रतिशत	०	०	२५ प्र	३० प्र		
सङ्कलित कर राजस्व र गैरकर राजस्वको अनुपात	अनुपात	०.४३:१					
नियमित कर भुक्तान गर्ने करदाता संख्या	संख्या	०	०	५००	१०००		
कर शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन	संख्या	०	१	५	७		
औषत वार्षिक वेरुजु फछौंट रकम	प्रतिशत	४०	४०	१००	१००		
कुल वार्षिक खर्चमा अन्तर्राष्ट्रिय बिकास संस्थाको सहयोगको हिस्सा	प्रतिशत	१ प्र	३	५	७		
आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको लगानी/ योगदान हिस्सा (वार्षिक कुल खर्चमा)	प्रतिशत	१५	१५	१५	१५		

छ) रणनीति

रणनीति	कार्यनीति
आन्तरिक श्रोत परिचालन क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने	▪ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ । ▪ लगानीकर्तालाई आकर्षित गर्ने प्याकेज तयारी तथा कार्यान्वयनमा ल्याइनेछ ।
अन्य बाह्य श्रोतको जूटाउने तथा ऋृण तथा अनुदानका कार्यक्रम तयार गर्ने	▪ विशेष तथा समपुरक अनुदानका लागि पूर्वाधार तयारी तथा पहल गरिनेछ । ▪ सार्वजनिक खर्चलाई आर्थिक सामाजिक पुँजी निर्माणको क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- आन्तरिक आयको संभावना अध्ययन,प्रक्षेपणतथा राजस्व सुधार कार्ययोजना तर्जुमा ।
- बित्तीय जोखिम न्युनिकरण कार्ययोजना तर्जुमा ।
- राजस्व शाखा स्थापना र सुदृढीकरण ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमा आन्तरिक आयमा बृद्धि भएको हुनेछ । साझेदारीमा काम गर्ने बातावरण श्रृजना भएको हुनेछ ।

७४ योजना व्यवस्थापन

क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकाबाट संचालन गरिने वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा निर्धारित ७ चरण पूरा गर्ने गरिएको छ । वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा सरोकारवाला सहित लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ भने उपभोक्ता समिति गठन र परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । गाउँ स्तरीय, वडास्तरीय र उपभोक्ता स्तरीय अनुगमन समिति गठन र नियमन, योजनाको सार्वजनिक सुनुवाई एवं योजना सम्बन्धि सूचना पाटीको व्यवस्थाले योजना व्यवस्थापन पारदर्शि एवं जवाफदेहि देखिन्छ ।

ख) समस्या र चुनौति

विषयगत समितिहरूबाट बिषयगत र क्षेत्रगत रुपमा समग्र योजना तर्जुमा र आयोजना कार्यक्रम तर्जुमा हुन सकिरहेको अवस्था छैन भने अन्य बिषयगत कार्यालयहरूसंगको समन्वयमा कमी रहेको अवस्था छ । आवधिक योजना तयार भैनसकेकाले नतिजामूलक योजना तर्जुमा तथा कार्यान्वयन अभ्यासको कमी, नियमित समिक्षाको अभाव, उपभोक्ता समितिहरूमा योजना कार्यान्वयन र अभिलेखिकरणमा कमी, योजना तर्जुमा सम्बन्धी मापदण्ड र समय सिमा अनुसार योजना कार्यान्वयन गर्न नसक्नु, प्रत्येक तीन तीन महिनामा सार्वजनिक हुनु पर्ने सूचनाहरू सार्वजनिक हुन नसकेको, मध्यमकालीन खर्च संरचना तयार नभएकाले सो बमोजिम गाउँपालिकाको योजनाहरू छनौट तथा कार्यान्वयन गर्न कठीनाई भएको देखिन्छ ।

ग) दिर्घकालिन सोचँ

योजना तर्जुमा तथा कार्यान्वयनमा समतामूलक सहभागिता ।

घ) लक्ष्य

योजना निमार्ण पारदर्शी र सहभागितामूलक अवस्थाको सिर्जना गर्ने ।

ङ) उद्देश्य

योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सहभागितामूलक हुनेछ ।

च) सूचक तथा लक्ष्य परिमाण

सूचक	इकाई	आधार वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष : लक्ष्य परिमाण			पुष्याईको आधार	पूर्वानुमान तथा जोखिम पक्ष
			२०७७/७८	२०७९/८१	२०८२/८३		
श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण तयारी तथा अद्यावधिक भएको विषयक्षेत्रगत (पालिकाको समग्र, कृषिक्षेत्र, जैविक विविधता.... आदि)	संख्या	१	१	२५	३०		
स्थानीय गौरवका आयोजनाको सूची आयोजनाहरु	संख्या	५	०	१५	१७		
तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना (कृषि, पर्यटन, यातायात गुरुयोजना .....)	संख्या	०	१	०	२		
वार्षिक नीति कार्यक्रममा आर्थिक बिकास तथा आयमुलक क्षेत्रमा लगानी	प्रतिशत	२	३	५	१०		
कूल आयोजना मध्ये उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजना	प्रतिशत	६५	६०	५५	५०		
निर्धारित समयमा सम्पन्न आयोजना/कार्यक्रमहरु	प्रतिशत	८०	८५	८७	९०		
आयोजना/कार्यक्रमको अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक)	पटक मासिक	१२	१२	१२	१२		
पालिकावाट प्रकाशित दस्तावेज र प्रतिवेदन	संख्या	१	१	१	१		
सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/ समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका)	संख्या	२	४	५	६		
पालिकामा सञ्चालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम	संख्या	१४	१६	१८	२०		

छ) रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
▪ पालिकाको आयोजना बैंक तयार गरि लागत अनुमान तयार गर्ने ।	▪ गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजनाहरूलाई लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेस गरी मात्र बजेट विनियोजन कार्यान्वयन गरिनेछ । ▪ मध्यमकालिन खर्च संरचना तयार गरी सघ, प्रदेश तथा अन्य विषयगत कार्यालयहरूसंग प्रभावकारी समन्वय गरी कार्यान्वयन गरिनेछ । ▪ उपभोक्ता समितिमा महिलाहरूको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत शसक्तिकरण गरिनेछ ।

ज) प्रमुख कार्यक्रम

- योजना बैंक पूर्व सम्भाव्यता अध्ययन तथा डिपिआर तयारी ।
- मध्यकालिन खर्च संरचना तर्जुमा ।
- योजना तर्जुमा अभिमुखीकरण ।
- प्राविधिक जनशक्ति व्यवस्थापन ।
- उपभोक्ता समितिमा महिला सहभागिता उत्प्रेरणा ।

झ) अपेक्षित उपलब्धि

पालिकाको आवधिक योजना अवधिभरमामध्यकालिन खर्च संरचना तर्जुमा तयार गरि प्रादशिकता रुपमा योजनाको व्यवस्थापन हुनेछ ।

परिच्छेद–आठ

८ वित्तीय व्यवस्थापन

क) विषय प्रवेश

योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन आवश्यक पर्दछ। इन्द्रसरोवर गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत-साधन, संघ, प्रदेश सरकारहरूबाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण अन्तरगत अन्तरसरकारी वित्तिय अनुदानहरू (समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान)तथा राजश्वबाँडफाँड लगायत अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकम समेतको अधिकतम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरूहासिल गर्नका लागि नतिजा उन्मुख वित्तीय व्यवस्थापन गरिनेछ।

ख) विद्यमान अवस्था

यस सन्दर्भमा इन्द्रसरोवर गाउँपालिकाको गत आ.व.२०७६।७७ को यथार्थ आय ने.रु ३० करोड ८९ लाख रहेकोमा चालू आ.व.२०७८।७९ का लागि ने.रु.३८ करोड ४०लाख आय व्यय अनुमान गरिएको छ जुन गत आ.व.को तुलनामा करीव १९.५६ प्रतिशत वृद्धि हो।

ग) अवसरतथा चुनौतीहरू

संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले गाउँपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप स्रोत तथा साधनहरू जुटाउन सक्ने प्रयाप्त आधारहरु रहेका छन्। यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय स्रोतहरूको पहल गर्न सकिने देखिन्छ।

यस गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न वित्तीय व्यवस्थापन गर्न चुनौतीपूर्ण हुने देखिन्छ। बढ्दो जनअपेक्षाको तुलनामा गाउँपालिकाको न्यून स्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने अवस्था छ। गाउँपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउनका लागि आवश्यक पर्ने पुँजीगत लगानी लगायत आवश्यक छ। यसैगरी उपलब्ध स्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न पर्ने अवस्था विद्यमान रहेको छ।

यस पाँचवर्षे आवधिक योजनाको सफल कार्यान्वयनका लागि थप वित्तीय श्रोतको आवश्यकता छ। गाउँपालिकाको आन्तरिक स्रोतका सम्भावनाहरूलाई बढाउन संविधान तथा कानून बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी एकल तथा साझा अधिकार अर्न्तगत कर तथा गैरकरको आधार तथा करहरुको अधिकतम परिचालन हुन सकेको दखिदैन। कर दायराको मूल्यांकन, दायरा र संकलन विधि, पद्धति र प्रविधि उपयोग जस्ता क्षेत्रमा विश्लेषण गरी राजश्व प्रणालीमा सुधार आवश्यक छ। आन्तरिक राजस्वको अनुपात बढाउँदै लैजादा करदातालाई यथासम्भव अतिरिक्त भार नपर्ने नीतिलाई ध्यानमा राख्नु पर्ने हुन्छ।

घ) दिर्घकालिन सोचँ

सबल, समुन्नत र आत्मनिर्भर अर्थतन्त्र।

ङ) लक्ष्य

उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो अर्थतन्त्रको व्यवस्था गर्ने

च) उद्देश्य

प्रविधिमैत्री राजस्व प्रशासन तथा प्रभावकारी बित्तीय व्यवस्थापनको माध्यमबाट आन्तरिक र बाह्य स्रोतको उच्चतम परिचालन गर्दै वित्तीय सुशासन प्रत्याभूत भएको हुने ।

छ) रणनीति

रणनीति	कार्यनीति
▪ संघीय र प्रदेशसँग समन्वय तथा सहकार्य गर्दै प्रभावकारी राजस्व परिचालनमा जोड दिने ।	▪ कर तथा गैरकर राजस्वको विद्यमान संरचनाको पुनरावलोकनद्वारा नयाँ राजस्व सम्भावनाहरूको पहिचान गरी दायरा वृद्धि सहित राजश्वका आधारलाई विस्तार गरिनेछ । ▪ संस्थागत तथा व्यक्तिगत करदाताहरूमा स्थानीय कर प्रणाली सम्बन्धी सचेतना तथा परामर्श सेवालाई वडा तहसम्म विस्तार गरिनेछ । ▪ स्थानीय राजश्व परामर्श समितिको क्षमता विकास गरिनेछ । ▪ नियमित तथा ठूला करदाताहरूलाई सम्मान गरिनेछ ।
▪ कर प्रणालीमा संस्थागत र संरचानागत रुपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने ।	▪ राजश्व प्रशासनलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरूलाई सहज हुने गरी गाउँपालिकाको कर प्रशासनलाई प्रविधि उन्मुख एवं करदातामैत्री तुल्याइनेछ । ▪ स्थानीय करका दरहरूलाई पारदर्शी, प्रतिस्पर्धी, स्वच्छ, तटस्थ एवम् समन्यायिक बनाइने छ ।

ज) वित्तीय स्रोत परिचालन सम्बद्ध रणनीतिहरू

झ) बजेट खर्चसम्बन्धी रणनीतिहरू

- गाउँपालिकाको बजेट निर्माण गर्दा आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्रदेश र संघीय सरकारबाट प्राप्त मार्गदर्शन एवं गाउँकार्यपालिकाले तोकेको प्राथमिकताको आधारमा वित्तीय स्रोतहरूको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट प्रस्ताव तयार गरिनेछ ।
- बजेट खर्चलाई जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै गैरबजेटीय खर्चहरूलाई नियन्त्रण गरिनेछ ।
- विकास कार्यक्रमहरूमा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी, साझेदारी एवं सामुदायिक सहभागितालाई प्रवर्द्धन गरिनेछ ।
- सम्भाव्यता अध्ययन र प्राविधिक लागत अनुमानका आधारमा निर्माणसम्बन्धी कार्यमा बजेट विनियोजन गरिनेछ ।
- बजेट कार्यान्वयन गर्दा वित्तीय अनुशासनलाई दृढताका साथ लागू गरिनेछ ।
- गाउँपालिकाको कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐन, सार्वजजिक निजी साझेदारी नीति अनुसार कार्यान्वयन गरिनेछ ।

८।१ वित्तीय स्रोत (आय तथा व्यय) प्रक्षेपण

क. आय प्रक्षेपण:

आवधिक योजना कार्यान्वयनका लागि लगानी योजना तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण परिचालन, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारबाट विशेष तथा समपूरक अनुदान लगानी समेतको आधारमा प्रक्षेपण गरिन्छ । यस प्रथम आवधिक योजनाको लागि श्रोत अनुमान गर्दा गाउँपालिकालाई संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त, विशेष अनुदान, राजश्व वांडफांड र गाउँपालिकाको आन्तरिक स्रोतलाई समावेश गरिएको छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट उपलव्ध गराइने समपुरक अनुदान विशेष

अनुदान र ऋणहरू, तथा स्थानीय सरकार मार्फत परिचालन हुन सक्ने समुदायको लागत सहभागिता समेत समावेश गरिएको छ भने अगैसस र गैसस, समुदायमा आधारित सस्था एवं निजी क्षेत्रबाट परिचालन हुने रकम समावेस गरिएको छैन ।

यस आधारमा गाउँपालिकाको आगामी ५ आ.व.का लागि आय अनुमान गर्दा चालु आ.व.२०७६।०७७ लाई आधार वर्ष मानी चालु आ.व.का लागि स्विकृत आय अनुमानका शिर्षकहरूमध्ये अन्तर सरकारी बित्त व्यवस्थापन अन्तर्गत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त अनुदान र राजश्व वांडफांड रकममा १५ प्रतिशत वृद्धि अनुमान प्रस्ताव गरिएको छ भने आन्तरिक आयमा वार्षिक २० प्रतिशतका दरले वृद्धि अनुमान गरिएको छ । यस आधारमा योजना अवधि भित्र इन्द्रसरोवर गाउँपालिकाले कुल ने.रु.२ अर्व ७५ करोड ४३ लाख १९ हजार वरावरको श्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ ।

ख. व्यय प्रक्षेपण

कूल आय अनुमान ने.रु.२ अर्व ७५ करोड ४३ लाख मध्ये गाउँपालिकाको नियमित प्रशासनिक खर्च र शिक्षा, स्वास्थ्य र कृषि जस्ता बिषयगत क्षेत्रका लागि प्राप्त हुने सशर्त अनुदानको करिव ५५ प्रतिशत रकम विकास तर्फको चालु खर्च अवस्था देखिन्छ ।

योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (न्यबा) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (इदवभअतष्खभक) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मूख्य मूख्य कार्यक्रमहरू अन्तर्गत आर्थिक क्षेत्र विकास तर्फ ने.रु ५५ करोड ९० लाख, सामाजिक क्षेत्र विकास तर्फ ने.रु. ८७ करोड ११ लाख, पूर्वाधार क्षेत्र विकास तर्फने. रु ५ अर्ब ५० करोड, ७० लाख, वन,वातावरण तथा विपद व्यवस्थापन तर्फ ने. रु. ७ करोड १० लाख, र सुशासन तथा संस्थागत विकास तर्फ ने. रु. ५ करोड ५ लाख, गरी कूल ने. रु. ७ अर्ब ३१ करोड २१ लाख,खर्च आवश्यक देखिन्छ ।

तालिका ९ : विषयक्षेत्र अनुसार प्रस्तावित खर्च अनुमान

सि.नं.	आयोजना	अनुमानित लागत रु लाखमा	प्रतिशतमा
१	समष्टिगत पालिकाको गौरवको आयोजना	१८१०	२.४८
२	**विकास तर्फ**		
२.१	आर्थिक विकास तर्फ	५५९०	७.६४
२.२	सामाजिक विकास तर्फ	८७११	११.९१
२.३	पुर्वाधार विकास तर्फ	५५०७०	७५.३१
२.४	वन, वातावरण	७१०	०.९७
२.५	संस्थागत तथा सुशासन तर्फ	५०५	०.६९
३	वडाका गौरवका आयोजनाहरु	७२५	०.९९
	जम्मा	**७३१२१**	**१००**

योजना अवधिमा गाउँपालिकाको पूँजिगत तर्फको खर्च क्षमता ने.रु. ३ अर्व २९ करोड ४ .लाख मात्र रहेको छ जुन कूल लागत अनुमानको ४५ प्रतिशत मात्र हुन आउछ । योजनाले लिएको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि ने.रु. ७ अर्ब ३१ करोड २१ लाख आवश्यक पर्ने देखिन्छ । यसरी खर्च क्षमता र आवश्यक रकम वीच ने.रु ४.अर्व ५५ करोड ७७ लाख अर्थात कूल लागत अनुमानको ६२ .प्रतिशत रकम अपुग हुने देखिन्छ ।

तालिका १०. अनुमानित श्रोत

अनुमानित श्रोत	रकम -ने.रु. लाखमा)	प्रतिशत
योजना अवधिको कुल लागत अनुमानित श्रोत	७,३१,२१	
गाउँपालिकाको कुल खर्च क्षमता	३,२९,०४	४४.९९
योजना कार्यन्वयनका लागि अपुग श्रोत	४,५५,७७	६२.३३

परिच्छेद–नौ

९ कार्यान्वयन योजना

क) विषय प्रवेश

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासंग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीमा अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो भने आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी कृयाकलाप तथा कार्यक्रमहरूलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरूको प्रमावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ । निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारवालाहरू समेतको सकृय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दिर्घकालिन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तीका लागि अवलम्वन गरिने रणनीति र रणनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरू र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई गाउँपालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा श्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

ख) वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्यांकन पद्धतिको सन्दर्भमा इन्द्रसरोवर गाउँपालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सिमिति रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सोको प्रतिफल तह भन्दा माथीको तह अर्थात उद्देश्य तह र लक्ष्य तह अर्थात दिर्घकालिन र मध्यमकालिन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी श्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सिमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा गाउँपालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि के कति श्रोतको आवश्यकता पर्दछ र हालको श्रोत परिचालनको आधारमा के कति श्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

९।१ कार्यान्वयन कार्ययोजना

गाउँसभाबाट यस योजना स्वीकृत भए पछि यसका आधारमा गाउँपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनुपर्दछ । उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

९।२ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्नुपर्दछ । उक्त मार्गदर्शन साथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनुपर्दछ ।

९।३ कार्यान्वयन विधिको छनोट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई गाउँपालिका पठाउनुपर्ने छ र गाउँसभाबाट स्वीकृत भएपछि सोहीबमोजिम कार्यान्वयन गर्नुपर्ने छ । गाउँपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नुपर्छ । गाउँपालिकाले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचकबमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनुपर्दछ ।

गाउँपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्ययोजना समेत बनाउनुपर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि गाउँपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ । यसै बमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउनुपर्दछ ।

९।४ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट गाउँसभाबाट पारित भएपछि पालिका अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्ने छ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित पालिका अध्यक्षबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

९।५ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई पालिकाउपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ । उपाध्यक्षको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ । यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

९।६ वार्षिक कार्यान्वयन कार्ययोजना

योजनाले आत्मसात गरेको दिर्घकालिन सोच, आवधिक लक्ष्य, विषयगत, क्षेत्रगत उद्धेश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । वार्षिक कार्यान्वयन कार्ययोजनाको ढांचा अनुसुची २ मा समावेस गरिएको छ ।

परिच्छेद–दश

१० योजना अनुगमन तथा मूल्यांकन

क) बिषय प्रवेश

स्थानीय तहको विकासको मेरूदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारू भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, गाउँपालिकाले आवधिक योजनाको आधारमा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी त्यसै अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनुपर्दछ ।

ख) वर्तमान अवस्था

गाउँपालिकाले वार्षिक योजना कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहालीपछि प्रतिनिधिसहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । निरीक्षण, र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

ग) अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्षको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ । स्थानीय सरकार स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्यांकन गर्न बढी प्रभावकारी एवं व्यवहारिक हुन् भएकोले स्थानीय सरकारको संस्थागत स्वमूल्याकन पद्धतीको विकास गरिएको छ । यस पद्धतीले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र दुर्वल पक्षको लेखाजोख ागर्न मद्त पुर्याउछ । स्थानीय सरकारको कार्य क्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् । स्वमूल्यांकन पद्धतीले सम्बन्धित स्थानीय सरकारको चुनौती र अवसरहरु पहिचान गरि क्षमता अभिवृद्धि गर्न मद्त पुर्याउदछ ।

भंखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भैनसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ । अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै

बजेटको विनियोजनसमेत हुन सकेको देखिँदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ । प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरूरी देखिन्छ ।

घ) उद्देश्य

यस आवधिक योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक कार्यक्रम तथा बजेटहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ ।

ङ) **चरणनीति**

- अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराउने ।
- योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गर्ने ।
- आवधिक योजनाका आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गर्ने ।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गर्ने ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्थ ।गर्ने ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन समाधान गर्ने ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गर्ने ।

च) कार्यक्रम

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास ।
- अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन ।
- अनुगमन कार्यान्वयन ।
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक ।

१०।१ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय

योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय	अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि
अनुगमन समिति जिल्ला समन्वय समिति विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था नागरिक समाज संस्था तथा तेश्रो पक्ष	स्थलगत अनुगमन कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना नागरिक अनुगमन सहभागितामूलक मध्यावधि समीक्षा सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजना तथा बार्षिक कार्यक्रम तथा बजेटको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया निम्नानुसारले हुनु पर्नेछ ।

तालिका ११: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया

के अनुगमन गर्ने?	कसले अनुगमन गर्ने?	कहिले अनुगमन गर्ने?	कसरी अनुगमन गर्ने?
कार्यक्रम वा प्रक्रिया अनुगमन	अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना	पटके, मासिक, चौमासिक र बार्षिक	स्थलगत अनुगमन गर्ने चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने
प्रतिफल अनुगमन	गाउँकार्यपालिका, अनुगमन समिति	चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि	स्थलगत अनुगमन गर्ने बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने
असर तह अनुगमन	अनुगमन समिति र तेश्रो पक्ष	बार्षिक, मध्यावधि र अन्तिम बर्ष	सहभागितामूलक छलफल गर्ने नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने नमूना सर्वेक्षण गर्ने
प्रभाव तह अनुगमन	अनुगमन समिति र तेश्रो पक्ष	मध्यावधि र अन्तिम बर्ष	नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने सहभागितामूलक छलफल गर्ने अध्ययन तथा सर्वेक्षण गर्ने

अनुसूची- १ विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान

इन्द्रसरोवर गाउँपालिकाको प्रथम आवधिक योजना (२०७८/०७९–२०८२/०८३)

विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
आर्थिक विकास					११०८७००	
कृषि विकास						
	कृषि विकासको जम्मा					
पशुपंक्षी विकास						
	पशुपक्षी विकास जम्मा					
सुरक्षित आप्रवासन						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
तथा वैदेशिक रोजगारी						
	सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीको जम्मा					
उद्योग र व्यापार						
	उद्योग र व्यापारको जम्मा					
पर्यटन विकास						
	पर्यटन विकासको जम्मा					
बैंक, सहकारी तथा वित्तीय सेवा						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
	बैक तथा सहकारी तथा वित्तिय सेवाको जम्मा					
सामाजिक विकास						
शिक्षा तथा सीप विकास						
	शिक्षा तथा सीप विकासको जम्मा					
स्वास्थ्य तथा पोषण						
	स्वास्थ्य तथा पोषणको जम्मा					
खानेपानी तथा						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
सरसफाई						
	खानेपानी तथा सरसफाईको जम्मा					
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण						
	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको जम्मा					
युवा तथा खेलकुद						
	युवा तथा खेलकदको जम्मा					
कला तथा साहित्य						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
	कला तथा साहित्यको जम्मा					
पूर्वाधार विकास						
	सडक तथा यातायातको जम्मा					
सिचाई पूर्वाधार						
	सिंचाई विकासको जम्मा					
आवास, भवन तथा शहरी विकास						
	आवास, भवन तथा शहरी विकासको जम्मा					
विद्युत तथा उर्जा						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
	विद्युत तथा उर्जाको जम्मा					
सुचना तथा संचार						
	सूचना तथा संचारको जम्मा					
वातावरण तथा विपद् व्यवस्थापन						
वन तथा जैविक विविधता						
	वन तथा जैविक विविधताको जम्मा					
भूमि तथा जलाधार व्यवस्थापन						
	भूमि तथा जलाधार व्यवस्थापनको जम्मा					
वातावरण तथा स्वच्छता						

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
	वातावरण तथा स्वच्छताको जम्मा					
विपद व्यवस्थापन						
	विपद व्यवस्थापन जम्मा					
संस्थागत विकास तथा सुशासन						
सुशासन, ऐन नियम तथा जवाफदेहिता						
	सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा					

विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना		इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु.हजार)	स्थानगत र कार्यक्रम विवरण
			आधार वर्ष (०७६/०७७)	कूल लक्ष्य (२०८१/८२)		
संस्थागत संरचना तथा मानव संसाधन विकास						
	संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा					
वित्तीय श्रोत परिचालन						
	वित्तीय श्रोत परिचालनको जम्मा					
योजना व्यवस्थापन						
	योजना व्यवस्थापननको जम्मा					

अनुसूची- २ बार्षिक कार्यान्वयन कार्ययोजना

इन्द्रसरोवर गाउँपालिकाकाको प्रथम आवधिक योजना(२०७८/०७९–२०८२/०८३)

बार्षिक कार्यान्वयन कार्ययोजना

योजनाको विषयगत क्षेत्र	आवधिक योजना			वार्षिक बजेट तथा कार्यक्रम							
	नीति तथा कार्यक्रम	लक्ष्य/सूचक		आयोजना/ कार्यक्रम (स्थान समेत)	लक्ष्य		विनियोजन	कार्यान्वयन विधि	लाभान्वित जनसंख्या	प्राथमिकता क्रम	लगानी तथा कार्यान्वयन गर्ने निकाय
		इकाई	परिमाण		इकाई	परिमाण					
आर्थिक विकास											
कृषि											
पशु											
सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार											
पर्यटन											
उद्योग, व्यापार र व्यवसाय											
सहकारी तथा वित्तीय क्षेत्र											
सामाजिक विकास											
शिक्षा											
आधारभूत स्वास्थ्य											
खानेपानी र सरसफाई											
लक्षित क्षेत्र र लैससास											
युवा तथा खेलकुद											
भाषा, कला, साहित्य र संस्कृति											
पूर्वाधार विकास											
सडक, पुल तथा यातायात											
सिंचाइ पूर्वाधार											
आवास, सार्वजनिक निर्माण र बजार व्यवस्था											
बिद्युत तथा वैकल्पिक उर्जा											
संचार तथा सूचना प्रविधि											
वातावरण तथा विपद व्यवस्थापन											
वन तथा जैविक विविधता											
भूमि तथा जलाधार व्यवस्थापन											
वातावरण स्वच्छता											
विपद व्यवस्थापन											
संस्थागत विकास तथा सुशासन											
ऐन, नियम तर्जुमा											

योजनाको विषयगत क्षेत्र	आवधिक योजना			वार्षिक बजेट तथा कार्यक्रम							
	नीति तथा कार्यक्रम	लक्ष्य/सूचक		आयोजना/ कार्यक्रम (स्थान समेत)	लक्ष्य		विनियोजन	कार्यान्वयन विधि	लाभान्वित जनसंख्या	प्राथमिकता क्रम	लगानी तथा कार्यान्वयन गर्ने निकाय
		इकाई	परिमाण		इकाई	परिमाण					
तथा जवाफदेहिता											
संस्थागत संरचना तथा मानव संसाधन विकास											
बित्तीय श्रोत परिचालन											
योजना व्यवस्थापन											
जम्मा कार्यक्रम खर्च											
जम्मा चालु खर्च											
कूल जम्मा											

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पुँजीगत खर्च खुलाई गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

परियोजना बैक

ईन्द्रसरोवर गाउपालिका			
आयोजना बैङ्क			
सि.नं.	**परियोजना/आयोजना**	**वडा नं.**	**अनुमानित लागत रु लाखमा**
1	कृषि उपज संकलन केन्द्र बिस्तार कार्यक्रम	१	५०
2	तालको सौन्दर्यिकरण कार्यक्रम	१	१००
3	एकिकृत टुर प्याकेजको व्यवस्था	१	५०
4	प्याराग्लाडिङ्ग तथा जिप लाइनको व्यवस्था	१	१००
5	होम स्टेको विस्तार	१	२०
6	एम्बुलेन्सको व्यवस्थापन	१	२०
	जातीय संस्कृती संग्रालय निर्माण	१	१००
7	टौमाठ र सानो मार्खुमा खेल मैदान विस्तार	१	५०
8	वडा स्तरिय नेवार तामाङ्गको संस्कृति झल्कने संग्रालय निर्माण	१	१००
9	माध्यमिक विधालयमा + २ शिक्षा संचालन	२	५०
10	काप्राङ्ग-टोड्का भञ्याङ्ग-छुरी गाँउ खानेपानी आयोजना	३	५०
11	सल्यान डाँडा खानेपानी आयोजना	३	५०
12	किट भञ्याङ्ग देखी गडा खोल्छा ट्राक ओपन	३	२०
13	रामचन्द्र भञ्याङ्ग-जाती पोखरी-चौकोट देवी-हुमाने पर्यटन मार्ग	३	१००
14	बागेश्वरी-दोभानकालि-खोरङ्ग हुँदै टेकर जोडने सडक	४	१००
15	घट्टेखोला लिफ्टिङ्ग खानेपानी (सोलार जडान कार्य)	४	५०
16	३ नं.छुरी गाउा देखि ४ नं. कपलेनी, सिम्पानि जोड्ने झोलुङ्गे पुल	४	५०
17	चखेल खोला सिंचाई आयोजना	५	५०
18	कालि कुमारी सिचाई आयोजना	५	५०
19	खड्गुबृहत्तर खानेपानि तथा सिंचाई आयोजना	५	१००
20	मावि शिक्षा सुधार कार्यक्रम	५	२००
21	प्लास्टिक पोखरी निमार्ण	५	५०
22	लिफ्टीङ्ग सिचाई गर्ने	५	१००
23	भण्डार तगा चिस्यान केन्द्रको निमार्ण	५	१००
24	भेटनरी अस्पतालको निमार्ण हुनुपर्ने	५	१००
	जम्मा		**१८१०**

इन्द्रसरोवर गाउँपालिका
आवधिक योजना तथा मध्यकालिनखर्च संरचना तर्जुमा
अभिमुखिकरण कार्यशाला
६ फागुन २०७७, मार्खु
GDS
Governance and Design Solution
सहजिकरण
गभर्नेन्स एण्डडिजाइन सोलुसन
चन्द्रागिरी, काठमाण्डौ

GDS
Governance and Design Solution
दीर्घकालीन सोच र विषयक्षेत्रगत रणनीतिक योजना र मध्यकालीन खर्च संरचना सहितको
आवधिक गाउँ विकास योजना तर्जुमा कार्यशाला
१४-१६ चैत २०७७
आयोजक
इन्द्रसरोवर गाउँपालिका, मकवानपुर
बागमती प्रदेश
Strengthening Local Governance

इन्द्रसरोवर गाउँपालिका
आवधिक योजना तथा मध्यकालिन खर्च संरचना तर्जुमा
कार्यशाला
१४ – १६ चैत्र २०७७, नगरकोट
GDS
आयोजक
इन्द्रसरोवर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मकवानपुर, बागमती प्रदेश
Know your Members